# शुभ-कामना सन्देश

नव वर्ष २०७८ सालको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सकल दर्जाका प्रहरी कर्मचारी लगायत यहाँहरूका परिवारजनमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु। नव वर्ष यहाँहरूका लागि पेशागत समुन्नति, व्यक्तिगत तथा पारिवारिक सुख र आरोग्यको शुभ वर्ष हुन सकोस् मेरो हार्दिक कामना।

गत वर्ष हाम्रा लागि अविस्मरणीय र अप्रत्याशित रह्यो। वर्षको सुरुवात देखि नै अकल्पनीय र अदृश्य शत्रु कोभिड-१९ को जोखिमबाट हामी सुरक्षित रहन सकेनौं। यद्यपि, सङ्क्रमणको जोखिम न्यूनिकरण गर्न र आम नागरिकमा फैलन नदिन नेपाल सरकारले निरोधात्मक उपाय स्वरूप बन्दाबन्दीको निर्णय गरेको थियो। नेपाल सरकारको उक्त निर्णय कार्यान्वयन गर्न प्रहरी कर्मचारीहरूबाट अग्रपङ्तीमा रही जसरी जिम्मेवारी निर्वाह भयो, प्रहरीका चिकित्सकहरूले सङ्क्रमित प्रहरी र सर्वसाधारणको जुन ढङ्गले उपचार गर्नु भयो त्यो ज्यादै प्रशंसनीय रहेको छ। म ती सत्कर्मको उच्च मूल्याङ्कन गर्न चाहन्छु।

हाम्रो मूल दायित्व कानूनको कार्यान्वयन गर्नु हो। कानूनको कार्यान्वयन गर्ने जिम्मेवारी वहनका क्रममा हामीले निष्पक्ष, व्यावसायिक र न्यायपूर्ण विवेक प्रदर्शन गर्न सक्यौ भने मात्र सही अर्थमा कार्यान्वयन हुन सक्दछ। पक्षपातपूर्ण व्यवहार, पूर्वाग्रही भावना र गैर-व्यावसायिक आचरण र व्यवहार प्रहरी सेवाका आदर्श मान्यता होईनन्। ती गलत तत्वको अन्त्य गर्नु जरुरी छ। यदी समयमा नै त्यस्ता गलत अभ्यासका अवशेषहरूको अन्त्य हुन सकेन वा गरिएन भने कालान्तरमा बर्दीको गरिमामा नै आँच ल्याउन सक्ने हुँदा यस तर्फ सजग र सचेत रहन समेत म समस्त प्रहरी कर्मचारीलाई निर्देश गर्दछु।

सङ्गठनको सुदृढीकरणका लागि संस्थागतरुपमा अंगिकार गरिएका नीति, योजना तथा कार्यक्रमहरू यस वर्ष प्रभावकारी कार्यान्वयन गर्ने हाम्रो प्रणले अन्ततः सङ्गठनले सही मार्ग लिनेछ भन्ने मेरो विश्वास रहेको छ।

सङ्क्रमणको जोखिम हाल पनि कायम नै रहेकोले उचित स्वास्थ्य सुरक्षा सतर्कता र सावधानी अपनाउन म समस्त प्रहरी कर्मचारीहरूलाई आग्रह गर्न चाहन्छु।

अन्त्यमा, नव वर्ष २०७८ साल सङ्गठनको विकास र उन्नतिका लागि गौरव गर्न लायक वर्ष बन्न सकोस्, प्रहरी कर्मचारीको व्यक्तिगत र व्यावसायिक प्रगतिका लागि सदैव स्मरण गर्ने वर्ष होस्, आपसी भाइचारा र एकताको वर्ष रहोस् यही मेरो शुभकामना !

प्रहरी महानिरीक्षक
शैलेश थापा क्षेत्री

ISSN 2661-6122

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ    वर्ष ६३, अङ्क १    वैशाख - जेठ २०७८







कोरोना भाइरस (कोभिड १९) दोस्रो लहरको महामारीमा सर्वसाधारणलाई सेवा प्रदान गर्दै नेपाल प्रहरी ।

अपराध मुक्त समाजको बोकी काँधमा भारी
नागरिकको सुरक्षा नै हाम्रो जिम्मेवारी ।

नेपाल प्रहरी

# प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६३ अङ्क : १ २०७८ वैशाख-जेठ



प्रमुख सल्लाहकार

प्र.व.उ. बसन्त बहादुर कुवँर

सल्लाहकार

प्र.उ. सुवास चन्द्र बोहरा
प्र.उ. रमेश थापा

प्रधान सम्पादक

प्र.ना.उ. चन्चला श्रेष्ठ

सम्पादक

प्र.नि. होमबहादुर थापा
प्र.ना.नि.सरस्वती बुढाथोकी

कम्प्युटर

प्र.नि.कल्पना अधिकारी
प्र.ना.नि.संगीता कार्की

आवरण

अनुराग

प्रकाशक

प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## महामारी नियन्त्रणमा प्रहरी प्रयत्न

नयाँ वर्ष २०७८ वैशाख दोस्रो हप्तादेखि कोरोना भाइरस संक्रमण दोस्रो लहर फैलिएसँगै यसले महामारीको रूप लियो । दिनहुं सयौं संक्रमित थपिन थाल्दा बिरामीको लागि अक्सिजनको माग उच्च परिमाणमा हुन थाल्यो । अस्पतालमा बेड अपुग भए । देशमा विपद् आएको बखत सधैं अग्रपंक्तिमा खटिने नेपाल प्रहरीले कोरोना महामारी नियन्त्रण गर्न भगीरथ प्रयत्न गरिरहेको छ । संक्रमण नियन्त्रणको प्रमुख विकल्पको रूपमा रहेको निषेधाज्ञा कार्यान्वयन गर्न नेपाल प्रहरी प्रभावकारी व्यवस्थापनकासाथ सक्रिय छ । महामारीको समयमा खटिंदा आफैमाथि आइपर्न सक्ने संक्रमण खतराको कुनै पर्वाह नगरी अहोरात्र कर्तव्यपालनामा कटिबद्ध रहँदै आएको छ । यसका बाबजुद महामारीसँग लड्ने आत्मबल बनाएर मैदानमा उत्रिएका नेपाल प्रहरीका सदस्यहरू आफूलाई थप सजग र संयमित बनाएर जिम्मेवारी पूरा गर्न तल्लीन छन् ।

निषेधाज्ञा कार्यान्वयनको सिलसिलामा निषेधाज्ञा उल्लंघन गर्ने सवारी साधनलाई नियन्त्रणमा लिने, तोकिएको स्वास्थ्य मापदण्ड विपरीत हिंडडुल गर्नेहरूलाई 'तपाईंको मास्क खोई ?' कार्यक्रम अन्तर्गत दैनिक निःशुल्क मास्क वितरण गर्ने, सम्झाउने बुझाउने तथा जबरजस्ती गर्नेलाई कसूरबमोजिम प्रचलित कानूनअनुसार कारबाही गर्ने काम नेपाल प्रहरीले सुचारू राखेको छ । सो क्रममा गत ७ हप्ताको अवधिमा ४ लाख ५४ हजार ३३४ जनालाई निःशुल्क मास्क वितरण गरिएको छ । निषेधाज्ञा उल्लंघन

गर्ने २९ हजार ८४० जनालाई ३० लाख ८१ हजार ३२९ रूपैयाँ जरिवाना गरिएको छ भने ३ लाख ६३ हजार ९७८ जनालाई सम्झाई बुझाई छाडिएको छ । देशभर सञ्चालित १० हजार ३०६ वटा सचेतनामूलक कार्यक्रमअन्तर्गत १५ लाख ३२ हजार ५७५ जनालाई सचेत गराइएको छ । अक्सिजनको माग अत्यधिक भएको बखत यसको व्यवस्था गर्न सरकारले विभिन्न पहल गरिरहेको अवस्थामा थप सघाउका लागि नेपाल प्रहरीको सक्रियतामा स्वास्थ्यबाहेकका प्रयोजनमा प्रयोग गर्ने उद्धेश्यले स्टक राखेका अक्सिजन सिलिन्डर सङ्कलन गरी कोभिड अस्पताल र सम्बन्धित अक्सिजन प्लान्ट उद्योगलाई उपलब्ध गराइयो । उक्त अवधिमा १० हजार ६७७ वटा अक्सिजन सिलिन्डर सङ्कलन गरी उपलब्ध गराइएको छ ।

साथै संक्रमण रोकथाम, नियन्त्रण एवम् उपचार व्यवस्थापनमा नेपाल प्रहरी अस्पताल उत्तिकै सक्रिय रहँदै आएको छ । प्रहरी, पूर्व प्रहरी कर्मचारी र तिनका परिवारकासाथै सर्वसाधारणको सेवामासमेत अस्पताल कटिबद्ध छ । स्वास्थ्य सुरक्षा एवम् संक्रमितको उपचारलाई थप प्रभावकारी बनाउन आवश्यक नीति निर्माण, साधनस्रोत तथा जनशक्तिको व्यवस्थापन, बेड थप, काउन्सेलिङ तथा आकस्मिक उपचारको व्यवस्था गरी अस्पतालले सक्रियता बढाएको देखिन्छ । स्वास्थ्य सामग्री तथा अन्य अत्यावश्यक सामग्रीको कालोबजारी गर्ने, न्यून गुणस्तरका सामग्री उत्पादन गर्ने ३७ जना गत ६ हप्ताको अवधिमा पक्राउ परे । यस्ता गतिविधि हुन नदिन नेपाल प्रहरीले निगरानी, अनुगमन र कारबाहीलाई निरन्तरता दिँदै आएको छ ।

महामारीमा नेपाल प्रहरी आफ्नो कर्म र दायित्व निर्वाहमा अर्जुनदृष्टि लगाएर निरन्तर अगाडि बढिरहेको छ । तर महामारीको संवेदनशील घडीमासमेत निषेधाज्ञा उल्लंघन हुनु, स्वास्थ्य मापदण्डको पालना नगरी बिनाकाम घरबाहिर निस्कनुले नागरिक अझै पनि आफ्नै स्वास्थ्यका लागि सजक नभएको प्रस्ट हुन्छ । प्रहरीले आग्रह गरेपछि मात्र हैन आम नागरिक स्वयंले स्वतस्फुर्त स्वास्थ्य मापदण्ड एवं सरकारको निर्देशन पालना गरेमा महामारी नियन्त्रणमा सहजता थपिनेमा दुईमत छैन । सबैको सतत् प्रयासका कारण हाल कोरोना संक्रमण र मृत्युदर घट्दो क्रममा छ । अस्पतालमा अभाव देखिएको बेड, अक्सिजनको अवस्थामा सुधार आएको छ । संक्रमणबाट बच्न तथा महामारी पूर्ण नियन्त्रणमा ल्याउन सबैले आआफ्नो तर्फबाट विशेष सजगता अपनाउन आवश्यक छ ।

अन्त्यमा, प्रवुद्ध लेखकवर्ग, आम पाठक एवं सम्पूर्णमा प्रहरी द्वैमासिक परिवार नव वर्ष २०७८ का अवसरमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामनाको साथै कोरोनाविरूद्ध लड्न थप शक्ति मिलोस् भन्ने सदिक्षा राख्दछ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ सार्वजनिक हित, स्वास्थ्य सुरक्षा सुविधा.. | ✍ सहन्यायाधिवक्ता संजीवराव रेग्मी | १ |
| ♦ रिट निवेदन र यस सम्बन्धी सिद्धान्त | ✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी | १० |
| ♦ अपराध अनुसन्धानमा प्रहरीका चुनौतीहरु | ✍ प्रकाश अधिकारी | १७ |
| ♦ नेपालमा लोकतान्त्रिक मूल्य र मान्यताको.... | ✍ सागर पोखरेल | ५० |
| ♦ मुलुकी फौजदारी कार्यविधि संहिता २०७४.... | ✍ प्र ना उ मोहन कुमार थापा | ५५ |
| ♦ कुविचार | ✍ प्र नि भोजराज पाण्डेय | ८४ |
| ♦ अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी ..... | ✍ प्र ना नि सरस्वती बुढाथोकी | ९७ |
| ♦ उद्धारमा खटिएको पल | ✍ प्र ना नि घनश्याम नेपाल | १०४ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ आत्मा र परमात्मा | ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत | १४ |
| ♦ ढाँड केर्मीको गलैंचा | ✍ युवराज नयाँघरे | २५ |
| ♦ नेपालमा ग्रामीण ऋणको अवस्था तथा..... | ✍ गम्भीर बहादुर हाडा | ३५ |
| ♦ सपनाको अवसान | ✍ बद्री प्रसाद ढकाल | ४५ |
| ♦ रहर | ✍ लीलाराज दाहाल | ४९ |
| ♦ कोरोनाले सुम्सुमाएको घर | ✍ हरिप्रसाद भण्डारी | ५३ |
| ♦ हिराको हार | ✍ घनबहादुर थापा | ६५ |
| ♦ सबैको आस्थाको केन्द्र पशुपतीनाथ | ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' | ६८ |
| ♦ चुनौती र अवसर | ✍ उद्धवप्रसाद प्याकुरेल | ७२ |
| ♦ वैज्ञानिक स्टेफन हकिन्स कस्ता थिए | ✍ राजेशमान के.सी | ७६ |
| ♦ अभिलाषा | ✍ मौनता थापा | ८० |
| ♦ मोती मेरो साथी | ✍ देवकी के.सी | ८९ |

| | | |
|---|---|---|
| ♦ सार्कको गतिशिलताको सन्दर्भ | ✍ सुदर्शन अधिकारी | ९२ |
| ♦ भालेमा हंस | ✍ यशु श्रेष्ठ | ९४ |


## गीत / कविता/ गजल


| | | |
|---|---|---|
| ♦ वातावरण सम्बन्धि चार मुक्तक | ✍ सुर्यदीप थापा | ९ |
| ♦ गीत | ✍ दिपक विश्वकर्मा | १३ |
| ♦ मुक्तक | ✍ अरुण खत्री 'नदी' | २४ |
| ♦ मुक्तक | ✍ एच के. घिताल | ४४ |
| ♦ गजल | ✍ युगीन रेग्मी | ५२ |
| ♦ सेवामा समर्पित प्रहरी | ✍ मिम बहादुर लामा | ५४ |
| ♦ गजल | ✍ प्र ज सागर दर्जी | ६७ |
| ♦ मायाको आभास | ✍ शशी श्रेष्ठ | ९१ |
| ♦ यो अमूल्य जीवन | ✍ इन्द्र कुमार श्रेष्ठ | ९६ |
| ♦ गजल | ✍ टीकाराम ढुलाल | १०९ |
| ♦ मुक्तक | ✍ ज्ञानु घलान (ज्ञानी) | ११२ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी | सङ्कलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦ रसबस | सङ्कलन : प्र ह शरणजंग भण्डारी | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | सङ्कलनः प्र ना नि सुरेश कुमार हायु | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर

## १. परिचय ः

सार्वजनिक हित, सार्वजनिक नैतिकता, सुरक्षा र स्वास्थ्य विरूद्ध हुने कार्यहरूले सुव्यवस्था र जनस्वास्थ्यमा नकारात्मक असर गर्ने भएकोले यस्ता कार्य कानूनद्वारा कसूरको रूपमा परिभाषित गरी नियन्त्रण गरिन्छ । यो राज्यको जिम्मेवारीको विषय पनि हो । नेपालको संविधानले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने गरी कानून बनाउन सकिने व्यवस्था गरेको छ । सोही आधारमा सार्वजनिक हित, स्वास्थ्य, नैतिकता प्रतिकूल मानिने क्रियाहरूलाई मुलुकी अपराध संहिता, २०७४ ले कसूरको रूपमा परिभाषित गरि सजायको व्यवस्था गरेको छ । साविकमा केही सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ ले सार्वजनिक हित र सुरक्षासँग सम्बन्धित कार्यहरू निषेध गरेको थियो भने कतिपय कसूरहरू विद्यमान खाद्य ऐन, २०२३, कालोबजार तथा अन्य सामाजिक अपराध नियन्त्रण सम्बन्धी ऐन, सङ्क्रामक रोग ऐन, २०२० ले पनि प्रतिबन्ध गरेको छ ।



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

भारतीय अपराध संहिताको परिच्छेद १४ मा सार्वजनिक हित, स्वास्थ्य, सुविधा, शिष्टाचार र नैतिकता विरूद्धका कसूरलाई समावेश गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १०४ देखि दफा १२८ सम्म यस प्रकारका कसूरहरूको सूची र सजायको व्यवस्था गरिएको छ ।

## २. स्वास्थ्य सम्बन्धी कसूर

आम नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पर्ने र ज्यानमा खतरा पुग्ने कुरालाई नियन्त्रण गर्ने उद्धेश्यले निम्न कार्य यस अन्तर्गत कसूर मानिएको छ ।

- कसैको ज्यानलाई खतरा पुऱ्याउन सक्ने कुनै किसिमको सङ्क्रामक रोग फैलाउने वा फैलिन सक्ने कार्य,
- रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आइ.भी.) वा

हेपाटाइटिस् बी को जिवाणु रहेको थाहा पाउँदा पाउँदै कसैलाई सो रोग सार्ने नियतले रगत दिन वा त्यस्तो व्यक्तिको रगत दिन लगाउन वा कुनै किसिमको पूर्व सावधानी नलिई कसैसँग यौन सम्पर्क कायम गर्ने गराउने वा कुनै किसिमबाट आफ्नो वा त्यस्तो व्यक्तिको रगत, वीर्य, र्‍याल, थुक वा अन्य कुनै मानव अंग अर्काको शरीर भित्र पठाउने कार्य,

- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीले सरूवा रोगको सम्बन्धमा जारी गरेको नियम, निर्देशन वा आदेश उल्लङ्घन गर्ने कार्य,

**२. खाद्य पदार्थ सम्बन्धी कसूर**

यस अन्र्तगत निम्न कार्य कसूर मानिएको छ ।

- सर्वसाधारणले खाने, पिउने पदार्थमा खान, पिउन नहुने कुनै हानिकारक पदार्थ वा खान पिउन हुने कमसल पदार्थ वा हानिकारक रासायनिक पदार्थ मिसावट गरी उत्पादन गर्ने, बिक्री वितरण गर्ने,
- म्याद नाघेको वा मिसावट भएको खाद्य पदार्थ बिक्री वितरण गर्ने वा निर्धारित स्तरभन्दा वा न्यून स्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ बिक्री वितरण गर्ने वा पैठारी गर्ने वा बिक्री वितरणको लागि राख्ने कार्य,
- एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा निम्न स्तर वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्ने कार्य,
- कमसल वस्तुलाई असल वस्तु हो भनी वा एक वस्तुलाई अर्को वस्तु हो भन्ने भान पारी वा कुनै वस्तुमा सो वस्तुको गुणस्तर घट्ने गरी मिसावट गरी बिक्री गर्न वा कुनै वस्तुमा रहेको लेवल साट्ने वा म्याद नाघेको बस्तु बिक्री गर्ने कार्य,
- कुनै उपभोग्य वस्तुको बजारमा कृत्रिम अभाव खडा गरी त्यस्तो वस्तुको मूल्य वृद्धि गर्ने वा त्यस्तो वस्तु बढी मूल्यमा बिक्री गर्ने वा गराउन वा त्यस्तो वस्तुको बिक्रीबाट अनुचित नाफा लिने उद्धेश्यले त्यस्तो वस्तु बिक्री वितरण नगरी थुपार्ने वा संचित गरी राख्ने वा जम्माखोरी गर्ने कार्य ।

**३. वातावरण सम्बन्धी कसूर**

यस अन्र्तगत निम्न कार्य कसूर मानिएको छ ।

- सर्वसाधारणले पिउने पानी वा पिउने

पानीको मुहानलाई दूषित गर्ने वा पिउने बाहेक अन्य कुनै काममा प्रयोग हुने पानीलाई सो काममा प्रयोग गर्न नहुने गरी दूषित पार्ने कार्य,

- वातावरणमा प्रतिकूल प्रभाव पुऱ्याउने गरी फोहरमैलाको उत्पादन, प्रशोधन, प्रसारण वा निष्कासन, उत्सर्जन, ओसारपसार गर्न वा थुपार्ने कार्य,
- सर्वसाधारणको स्वास्थ्यमा हानी पुऱ्याउने गरी वा जीउ ज्यानको लागि खतरा हुन सक्ने गरी प्रदूषण गर्ने वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीको इजाजत बिना यान्त्रिक साधनबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण वा जोखिमपूर्ण फोहरमैलाको उत्पादन, प्रशोधन, प्रसारण, निष्कासन, उत्सर्जन, ओसारपसार गर्ने वा थुपार्ने कार्य ।

**४. सार्वजनिक सुविधा सम्बन्धी कसूर**

सार्वजनिक सुविधा वा हितमा प्रतिकूल असर पर्ने वा खतरा हुने निम्न लिखित कार्य यस अन्तर्गत निषेध गरिएको छ ।

- सार्वजनिक बाटो, नदी वा अन्य कुनै सार्वजनिक स्थलमा कसैलाई कुनै खतरा, बाधा वा अवरोध पुऱ्याउने कार्य,
- विषालु पदार्थ, आगोजन्य पदार्थ, प्रज्वलनशील पदार्थ, विष्फोटक पदार्थ वा जोखिमी हतियार वा यन्त्र चलाउदा वा प्रयोग गर्दा कसैको शरीर वा ज्यानमा खतरा वा क्षति पुग्न सक्ने गरी लापरबाही गर्ने वा आफ्नो वा आफ्नो कब्जा वा जिम्मा रहेको त्यस्तो बस्तुबाट कसैको जान सक्ने खतरालाई रोक्ने आवश्यक बन्दोबस्त जानी जानी नगर्ने वा त्यस्तो बन्दोबस्त गर्नमा लापरबाही गर्ने कार्य,
- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा सो कार्यबाट वा सो घर वा सो को केही भाग ढली वा खसी कसैको ज्यान जान वा अङ्गभङ्ग हुन सक्ने खतरालाई रोक्न वा टार्न आवश्यक बन्दोबस्त नगरी घर निर्माण गर्ने, भत्काउने वा मर्मत गर्ने कार्य ।
- कसैले आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मामा रहेको हिंस्रक वा अन्य कुनै पशुपंक्षी राख्दा वा पाल्दा सो कार्यबाट वा त्यस्तो पशुपंक्षीबाट कसैको ज्यान जान सक्ने वा कसैलाई चोट पुग्न सक्ने खतरालाई रोक्न आवश्यक पूर्व सावधानीको बन्दोबस्त नगरी वा लापरबाही गरी त्यस्तो पशुपंक्षी राख्ने वा पाल्ने कार्य,
- आफ्नो नियन्त्रण वा जिम्मा रहेको कुनै पशुपंक्षी अर्काको घर, जग्गामा

वा सार्वजनिक बाटो घाटो वा सार्वजनिक स्थलमा छाडा छोड्ने,

- अभद्र व्यवहार गर्ने वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रूपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्ने वा सो को उद्योग गर्ने कार्य,

**५. सार्वजनिक नैतिकता विरूद्धका कसूर**

यस अन्तर्गत निम्न कार्य सार्वजनिक नैतिकताको विरूद्धका कसूर हुने कानूनी व्यवस्था गरिएको छ ।

- वेश्यागमनको लागि प्रचारप्रसार गर्ने,
- वेश्यावृत्ति वा वेश्यागमनको लागि जानी जानी आफ्नो घर, जग्गा, सवारी साधन उपलब्ध गराउने,
- वैज्ञानिक, साहित्यक, धार्मिक, ज्ञानबर्द्धक प्रयोजनका लागि राखेको वा बनाएको बाहेक सार्वजनिक रूपमा अश्लील किताब, पर्चा इत्यादि बनाउने वा बिक्री गर्ने कार्य,
- सार्वजनिक स्थानमा अश्लिल क्रियाकलाप वा व्यवहार गर्ने वा यौनाङ्ग देखाउने वा कसैलाई अश्लिल शब्द बोल्ने वा इशारा गर्ने,
- सार्वजनिक स्थानमा वा अरू मानिसले देख्ने गरी अन्य कुनै स्थानमा कसैसंग यौन क्रिया गर्ने वा कुनै किसिमको अप्राकृतिक मैथुन गर्ने कार्य,
- कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले कुनै काम गरी वा कानून बमोजिम गर्नु पर्ने कुनै काम नगरी छरछिमेक वा सर्वसाधारणलाई कुनै प्रकारको हानि नोक्सानी, क्षति वा खतरा पुऱ्याउन वा झिझ्याहट गर्ने,
- जुवा खेल्ने वा खेलाउने कार्य,
- कानून बमोजिम खेल्न खेलाउन हुने खेल वा प्रक्रियामा खास पक्षले हारेमा वा जितेमा कुनै सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी बाजी थाप्ने सट्टा बाजीको कार्य,
- सार्वजनिक स्थानमा भिक्षा माग्ने वा बालबालिकालाई गीत गाउने, नाच्ने, खेल्ने वा कुनै काम गर्ने बहानामा वा अन्य व्यक्तिलाई कुनै प्रकारको रकम वा ज्याला दिई भिक्षा माग्ने वा भिक्षा माग्न दुरूत्साहन दिने काम, तर कुनै साधु, सन्त, जोगी वा भिक्षुले सनातनदेखि चली आएको परम्परा अनुसार घर घरमा पुगी भिक्षा माग गरेको वा कुनै धार्मिक वा साँस्कृतिक कार्यमा भिक्षा मागिएकोमा कार्य भने कसूरमा समावेश गरिएको छैन ।

**६. अनुसूचीमा वर्गीकरण र मुद्धा हेर्ने अधिकार क्षेत्र**

उल्लिखित कसूरहरूलाई तिनको प्रकृति र पार्ने प्रभाव, हुने सजाय समेतका आधारमा मुलुकी कार्यविधि

संहिताको अनुसूचीमा वर्गीकरण गरिएको छ भने यस्ता कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार क्षेत्र पनि सोही आधारमा सम्बन्धित जिल्ला अदालत र प्रमुख जिल्ला अधिकारीलाई दिईएको छ ।

**७. क्षतिपूर्ति र हदम्यादः**

| क्र.स. | कसूर | दफा | अनुसूची | क्षेत्राधिकार |
|---|---|---|---|---|
| १. | सङ्क्रामक रोग फैलाउने, | १०४ | अनुसूची १ | जिल्ला अदालत |
| २. | मानव रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच. आई. भी.) को रोग फैलाउने | १०५ | अनुसूची १ | जिल्ला अदालत |
| ३. | सरूवा रोग सम्बन्धी कानूनको उल्लङ्घन गर्ने | १०६ | अनुसूची १ | जिल्ला अदालत |
| ४. | खाद्य पदार्थमा मिसावट गर्ने | १०७ | अनुसूची २ | जिल्ला अदालत |
| ५. | झुक्यानमा पारी खाद्य पदार्थ बिक्री गर्ने | १०८ | अनुसूची २ | जिल्ला अदालत |
| ६. | झुक्यानमा पारी कुनै वस्तु बिक्री गर्ने, | १०९ | अनुसूची २ | जिल्ला अदालत |
| ७. | जम्माखोरी गर्ने | ११० | अनुसूची १ | जिल्ला अदालत |
| ८. | पानी दूषित गर्ने | १११ | अनुसूची २ | जिल्ला अदालत |
| ९. | वातावरण प्रदूषित गर्ने | ११२ | अनुसूची २ | जिल्ला अदालत |
| १०. | सार्वजनिक बाटो, नदी वा स्थलमा खतरा वा बाधा पुऱ्याउने | ११३ | अनुसूची २ | जिल्ला अदालत |
| ११. | विषालु वा विष्फोटक पदार्थ प्रयोगमा लापरबाही गर्ने | ११४ | अनुसूची १ | जिल्ला अदालत |
| १२. | घर निर्माण, मर्मत गर्दा लापरबाही गर्ने | ११५ | अनुसूची ४ | जिल्ला अदालत |
| १३. | पशुपंक्षी राख्दा लापरबाही गर्ने | ११६ | अनुसूची ४ | जिल्ला अदालत |
| १४. | पशुपंक्षी छाडा छाड्ने | ११७ | अनुसूची ४ | जिल्ला अदालत |
| १५. | अभद्र व्यवहार गर्ने | ११८ | अनुसूची १ | प्र. जि. अ. |

| | | | | |
|---|---|---|---|---|
| १६ | वेश्यागमनको प्रचार गर्ने | ११९ | अनुसूची १ | जिल्ला अदालत |
| १७ | वेश्यावृति वा वेश्यागमनका लागि घर, जग्गा प्रयोग गर्न दिने | १२० | अनुसूची १ | जिल्ला अदालत |
| १८ | अश्लील किताब, पर्चा बिक्री र बनाउने | १२१ | अनुसूची १ | जिल्ला अदालत |
| १९ | सार्वजनिक स्थानमा यौनाङ्ग देखाउने | १२२ | अनुसूची १ | प्र.जि.अ. |
| २० | सार्वजनिक स्थानमा यौन क्रिया गर्ने | १२३ | अनुसूची १ | प्र.जि.अ. |
| २१ | सार्वजनिक उपद्रयाई गर्ने, | १२४ | अनुसूची १ | प्र.जि.अ. |
| २२ | जुवा खेल्ने वा सट्टाबाजी गर्ने | १२५ | अनुसूची १ | प्र.जि.अ. |
| २३ | भिक्षा माग्ने वा माग्न लगाउने कार्य | १२६ | अनुसूची १ | जिल्ला अदालत |

सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धका कसूर मध्ये संहिताको दफा १०४, १०५, १०६, १०७, १०८, १०९, ११०, १११, ११३, ११४, ११५, ११६, ११७, ११८ र १२४ बमोजिमको कसूरमा सो कसूरबाट भएको हानी वा क्षतिको बिगो पीडकबाट पीडितले पाउने व्यवस्था रहेको छ । उल्लिखित कसूरमा सो कसूरबाट कसैको ज्यान मरेकोमा जहिलेसुकै उजूर लाग्ने गरी हदम्यादको व्यवस्था रहेको छ भने दफा ११३, ११४, ११५, ११६, ११७, ११८, ११९, १२०, १२१ र १२२ अन्तर्गतको कसूरमा सो कसूर भएको मितिले ३ महिनाभित्र उजूर दिनुपर्ने गरी हदम्यादको सिमा तोकिएको छ । यस बाहेक अन्य कसूरमा कसूर भएको कुरा थाहा पाएको मितिले ६ महिना नाघेपछि उजूर नलाग्ने व्यवस्था रहेका छ । कसूर भएको थाहा पाएको मिति भन्नाले अनुसन्धान गर्ने निकायले थाहा पाएको मितिबाट हदम्याद कायम हुन्छ ।

## ८. घटीत कसूरको अवस्था

सार्वजनिक हित, सार्वजनिक नैतिकता, सुरक्षा र स्वास्थ्य विरूद्धका कसूरहरू अन्य कसूरको तुलनामा धेरै मात्रामा हुने कसूरमा पर्दछन् । महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन अनुसार आ.ब.०७५।०७६ यस्ता कसूरमा अभियोजन भएको मुद्धा संख्या ५,३३८ रहेको छ भने कसूरमा संलग्न अभियुक्तको संख्या ८,८४७ रहेको छ । सो आ.ब.मा गत वर्षको समेत गरी यस्ता मुद्धाको जम्मा लगत ७,४०३ र प्रतिवादी

संख्या १२,८४२ रहेको थियो जसमा ३,५५७ मुद्धा फछ्यौट भएका छन् । यसमध्ये कसूर ठहर भएको मुद्धा संख्या ३,४७८ अर्थात ९७.७७ प्रतिशत रहेका देखिन्छ भने कसूरबाट सफाई भएको मुद्धा संख्या ७९ अर्थात २.२३ प्रतिशत रहेका देखिन्छ । यस आ.ब. मा कूल अभियोजन भएका २९,८६४ मुद्धा मध्ये १७.८७ प्रतिशत मुद्धा यस प्रकृतिका रहेका छन् जुन सबभन्दा बढी संख्या हो ।

यसैगरी आ.ब.०७६/०७७ मा यस्ता कसूरमा अभियोजन भएको मुद्धा संख्या ५,९२४ रहेको छ । गत वर्षको समेत गरी आ.ब. ०७६/०७७ मा जम्मा मुद्धाको लगत ९,५७४ रहेको देखिन्छ । यसमा फछ्यौट भएको मुद्धा संख्या ४,००८ रहेको छ । जसमा कसूर ठहर संख्या ३,८४८ अर्थात ९६ प्रतिशत रहेको छ भने कसूरबाट सफाई भएको मुद्धा रहेकोमा २०.६१ प्रतिशत मुद्धा यस प्रकृतिका रहेका छन् । सबभन्दा ठूलो संख्या रहेको देखिन्छ ।

**९. अनुसन्धानमा केही जटिलताहरू**

मुलुकी अपराध संहिता, २०७४ ले सार्वजनिक हित, सुविधा, नैतिकता सम्बन्धी विगत कानूनले कसूर नमानेका धेरै कार्यहरूलाई नयाँ कसूरको रूपमा परिभाषित गरेको छ । नयाँ विषय कसूरको रूपमा समावेश भएको र अधिकाशं कसूरहरू अनुसूची १ मा समावेश भएकोले प्रहरीले अनुसन्धान गर्ने जिम्मेवारी भित्र पर्दछन् । कतिपय कसूरहरू अन्य विषयगत कानूनले पनि कसूर मानेका छन् । जस्तो संहिताको दफा १०६ को सङ्क्रामक रोग सम्बन्धी कानूनको उल्लङ्घनको कार्य र सङ्क्रामक रोग ऐन, २०२० ले निषेध गरेको कार्य उस्तै उस्तै रहेको छ तर सजाय र मुद्धा हेर्ने अधिकार क्षेत्र फरक फरक रहेको छ । खाद्य ऐन, २०३३ ले कसूर मानेका कार्यहरू अपराध संहिताको दफा १०७ र १०८ ले पनि निषेध गरेको देखिन्छ । खाद्य ऐनको कसूरमा अनुसन्धान अधिकारी र मुद्धा हेर्ने अधिकार क्षेत्र फरक रहेको छ ।

यसैगरी कालोबजार नियन्त्रण सम्बन्धी कसूरमा छुट्टै ऐन रहेको छ भने संहिताको दफा १०९ र ११० ले जम्माखोरी तथा कमसल वस्तु झुक्याई बिक्री गर्ने कार्यलाई कसूर मानेको छ । विषयगत ऐनले कसूर मानेका कार्य संहितामा पनि कसूरको रूपमा समावेश गरिएको कारण कार्यान्वयन तथा अनुसन्धानमा कुन कानून प्रयोग गर्ने भन्ने जटिलता हुने देखिन्छ । यसलाई सम्बोधन गर्न सम्बन्धित कानूनी व्यवस्थामा संशोधन गरी एकरूपता कायम गर्नु आवश्यक हुन्छ ।

संख्यात्मक रूपमा यस सम्बन्धी कसूर धेरै हुने गरेको तथ्याङ्कले देखाएको छ । अधिकांश कार्यलाई अभद्र व्यवहारको कसूर मानी अनुसन्धान गर्ने अभ्यास ज्यादा रहेको पाईन्छ । यसमा अभद्र व्यवहारको सिमा र प्रयोग हुन सक्ने अवस्थालाई अध्ययन गर्नुपर्ने हुन्छ । कतिपय कसूरहरू अनुसूची १ मा समावेश गरिएको छैन । प्रहरीले नियन्त्रण गर्नुपर्ने र अनुसन्धान गर्नुपर्ने प्रकृतिका कसूर र समाजको सुव्यवस्थासँग जोडिएका कतिपय कसूरहरू अनुसूची १ मा राखिएको छैन । जसले गर्दा प्रहरीले कारबाही र अनुसन्धान गर्ने अधिकार रहदैन । पानी दूषित पार्ने, सार्वजनिक बाटो, नदी वा स्थलमा खतरा वा बाधा पुऱ्याउने, घर निर्माण, मर्मत गर्दा लापरबाही गर्ने, पशुपंक्षी सार्वजनिक स्थानमा छाडा छाड्ने जस्ता कार्य प्रहरीबाट नियन्त्रण गर्दा प्रभावकारी हुने देखिन्छ । यसतर्फ पनि विचार गर्नुपर्ने हुन्छ ।

**१०.अनुसन्धान कार्यविधि र ध्यान दिनुपर्ने कुराहरू**

सार्वजनिक हित वा नैतिकता सम्बन्धी कसूर मध्येका अनुसूची १ मा समावेश कसूरहरूको अनुसन्धान कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले गर्नुपर्ने हुन्छ । अन्य नेपाल सरकार वादी हुने फौजदारी कसूरमा जस्तै अनुसन्धान प्रक्रिया र कार्यविधि यी कसूरमा पनि लागू हुन्छ । पीडितबाट कसूरको सूचना प्राप्त गर्ने वा कसूर भएको देखेमा प्रहरी आफैले कसूरको सूचना दिई अनुसन्धान प्रक्रिया सुरू गर्नुपर्ने हुन्छ । पक्राउ पूर्जी जारी गरी सम्बन्धित अभियुक्त पक्राउ गर्ने, प्रारम्भिक अनुसन्धान गरी सरकारी वकिल समक्ष प्रतिवेदन पठाउने, पक्राउ परेका शंकितलाई हिरासतमा राख्नुपरेमा अदालतबाट म्याद थप लिई कारण सहितको थुनुवा पूर्जी दिई थुनामा राख्ने लगायत कसूरको प्रकृति अनुसार प्रमाण, कागज संकलन गर्ने कुरामा ध्यान दिनुपर्दछ । यसका लागि अनुसन्धान अधिकारीले कसूरको प्रकृतिबारे अध्ययन गर्ने, त्यस्ता कसूरमा प्राप्त हुन सक्ने प्रमाणबारे विचार गर्ने, प्रमाण संकलन गर्दा तोकिएको कार्यविधिको पालना गर्ने कुरामा विशेष रूपमा विचार पुराउनु पर्दछ ।

यसैगरी कसूर अनुसूची १ अन्तर्गतको हो होइन भन्ने कुरा प्रारम्भिक रूपमा एकीन गर्न जरूरी हुन्छ । अनुसूची १ मा समावेश भएमा मात्र प्रहरीको अधिकार क्षेत्रभित्र पर्दछ । यस्तै मुद्दा हेर्ने अधिकार क्षेत्र, अदालत वा प्र.जि.अ.मध्ये कुन निकायमा पर्दछ भन्ने कुरामा पनि ध्यान दिनुपर्दछ । बालबालिका र वयस्क समावेश भएको

विषय, कसूरको हदम्याद जस्ता विषय पनि अनुसन्धान अधिकारीका लागि महत्वपूर्ण हुन्छन् । यसका अलावा कसूर पीडित, सरकारी वकिल, विशेषज्ञ, साक्षी, मुद्दा हेर्ने अधिकारीसँगको समन्वयमा पनि अनुसन्धान अधिकारी सजग हुन आवश्यक हुन्छ ।

♦♦♦

मुक्तक

# वातावरण सम्बन्धि चार मुक्तक

✍ **सूर्यदीप थापा**

सानो हुँदा भन्ने गर्थें जङ्गलदेखि डर लाग्छ
बुझ्दै गएँ अहिले त त्यसैमाथि भर लाग्छ
भूक्षय रोक्ने अचुक साधन अक्सिजनको स्रोत रैछ,
मानवको रक्षक रूखविरूवा भन्न अब कर लाग्छ ।

वातावरण जोगाउन बोटविरूवा रोप्नुपर्छ
फोहोरमैला हटाएर फूलैफूलले छोप्नुपर्छ
संक्रमणबाट बँच्नलाई स्वच्छ ठाउँ चाहिन्छ रे,
फोहोर गर्ने जोकोहीलाई वचनैले कोप्नुपर्छ ।

धुलोधुवाँ फोहोरले पर्यावरण खस्किन्छ रे
रोगव्याधी थपिएर मान्छेको मुटु चस्किन्छ रे
प्रदूषण हटाउन टोल छिमेकमा खै त पहल ?,
ठुलै विपद् आएपछि यिनको दिमाग झस्किन्छ रे ।

हुम्लामा मोटर पुग्दा कर्णालीमा फोहोर बढ्यो
व्यवसाय गर्नेहरूको कन्तुरमा मोहोर बढ्यो
वातावरण प्रदूषण बढेको त कसले देख्छ र बाबै,
जो आएनि भन्छन्, मेरो पालामा भन्दा त पोहोर बढ्यो ।

# रिट निवेदन र यस सम्बन्धी सिद्धान्तहरु



✍ **उपन्यायाधिवक्ता**
**सोमकान्त भण्डारी** [°]

**रिटको परिचय**

रिट अदालतबाट जारी हुने लिखित आदेश हो । हालको संवैधानिक व्यवस्थाले नै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतलाई रिट क्षेत्राधिकार प्रदान गरिएको छ । जिल्ला अदालतलाई बन्दी प्रत्यक्षीकरण रिट निवेदन र निषेधाज्ञाको निवेदन सुन्ने अधिकारक्षेत्र प्रदान गरिएको छ । उच्च अदालतलाई सार्वजनिक सरोकारको विवाद र सबै प्रकारका रिट निवेदन उपर सुनुवाइ गर्ने अधिकारक्षेत्र प्रदान गरिएको छ । तर न्यायिक पुनरावलोकनको क्षेत्राधिकार उच्च अदालतलाई प्रदान गरिएको छैन । सर्वोच्च अदालतलाई असाधारण क्षेत्राधिकार सहितको रिट क्षेत्राधिकार प्रदान गरिएको छ ।

मुद्दामा अपनाइने कार्यविधि मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ तथा यी संहिता बमोजिम बनेका मुलुकी देवानी कार्यविधि संहिता, २०७५, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ र कसूरको अनुसन्धान नियमावली, २०७५ समेतका कानूनी व्यवस्थाले नियमन गरेको छ । रिट निवेदन दर्तादेखि अन्तिम आदेश समेतका चरणमा अपनाइने कार्यविधि नै रिट कार्यविधि हो । रिट उपचारको लागि अदालतमा प्रवेश गर्ने र यसबाट न्याय पाउनको लागि गरिने विधि, प्रक्रिया, ढाँचा, पद्धतिको समष्टि नै रिट कार्यविधि हो ।[१] रिटको कार्यविधि मूलतः सर्वोच्च अदालत नियमावली, २०७४, उच्च अदालत नियमावली, २०७३ र जिल्ला अदालत नियमावली, २०७५ मा उल्लेख

---

**°उपन्यायाधिवक्ता, एलएल.एम., (फौजदारी कानून र संवैधानिक कानून), महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।**

१) **https://www.nijamatikhabar.com/archives/3539.**

गरिएको छ । रिटको कार्यविधि अन्तर्गत रिट निवेदनमा उल्लेख गर्नु पर्ने विषय, रिट निवेदन दर्ता, प्रारम्भिक सुनुवाइ, कारण देखाउ आदेश, अन्तरिम आदेश, सुनुवाइ र अन्तिम आदेश आदि पर्दछन् ।

**रिट निवेदनका प्रमुख सिद्धान्तहरू**

रिट निवेदन मूलतः संविधान प्रदत्त मौलिक हक प्रचलन, उपचारको व्यवस्था नभएको कानूनी हकको प्रचलन गर्न वा वैकल्पिक उपचारको व्यवस्था भए पनि सो अपर्याप्त वा प्रभावहीन भएको अवस्थामा समेत रिट निवेदन दिन सकिन्छ । रिट निवेदनका सन्दर्भमा लागू हुने प्रमुख सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्:

♦ **न्यायिक पुनरावलोकनको सिद्धान्तः** संसदले बनाएको कानूनको संवैधानिकता र कार्यपालिकीय कार्यको वैधताको परीक्षण सर्वोच्च अदालतले गर्दछ । संवैधानिक सर्वोच्चता, लोकतन्त्र, संविधानवादका लागि यो सिद्धान्त आवश्यक मानिन्छ ।

♦ **सार्वजनिक सरोकारको सिद्धान्तः** सार्वजनिक हित र स्वार्थको संरक्षणको लागि जोसुकैले निवेदन दिन सक्ने हुन्छ । यसले कमजोर वर्गको संरक्षण गर्न मद्धत पुग्दछ । न्यायमा पहुँच अभिवृद्धि गर्दछ । सरकारको अकर्मण्यता रोक्दछ ।

♦ **विलम्बको सिद्धान्तः** विलम्बले समन्यायलाई पराजित गर्छ । हक अधिकारमा असर पर्नेले समयमै न्यायको लागि अदालतमा प्रवेश गर्नु पर्दछ । अधिकारप्रति सजग नभई निष्कृय हुने वा लापरबाही गर्नेलाई अदालतले सहयोग गर्न सक्दैन । उपचारको लागि समयमै निवेदन दिनु पर्दछ । यदि अनुचित विलम्ब गरी निवेदक अदालत प्रवेश गरेको भए जारी हुन सक्दैन ।

♦ **हकदैयाको सिद्धान्तः** कसैले पनि अर्काको हकमा नालेस उजुर गर्न सक्दैन । बन्दीप्रत्यक्षीकरण र सार्वजनिक सरोकारको विवादमा बाहेक अन्य विषयमा जसको हक पुग्दछ उसैले निवेदन दिनु पर्दछ ।

♦ **तथ्यमा प्रवेश नगर्ने सिद्धान्तः** रिट निवेदनबाट सामान्यतयाः विचाराधीन मुद्धाको तथ्यमा प्रवेश गरी हेरिदैन, केवल निवेदकको कानूनी हक अधिकार हनन भएको छ, छैन सो मात्र हेरिन्छ ।

♦ **वैकल्पिक उपचारको सिद्धान्तः** जहाँ अधिकार हुन्छ, त्यहाँ उपचार रहन्छ । हनन भएका हकको उपचारार्थ कानूनी रूपमा व्यवस्था गरिएको छ भने निवेदकले सोही विधिबाट अदालतमा उपचारको खोजी गर्नु पर्दछ । स्पष्ट उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावहीन वा अपर्याप्त भएको

हकमा मात्र रिट क्षेत्रमा प्रवेश गर्नु पर्दछ, अन्यथा रिट निवेदन खारेज हुन्छ ।

♦ **कानूनको शासनको सिद्धान्तः** कानूनको सर्वोच्चता, कानूनको अगाडि समानता, सक्षम र प्रभावकारी न्याय व्यवस्थाका लागि रिट निवेदन उपयुक्त मानिन्छ । कानून राज्यले जारी गर्ने र नागरिकले मात्र पालना गर्ने विषय होइन । राज्यका निकाय समेतले उत्तिकै पालना गर्नु पर्दछ ।

♦ **प्राकृतिक न्यायको सिद्धान्तः** सुनुवाइको सिद्धान्त, पूर्वाग्रह विरूद्धको सिद्धान्त, कारणयुक्त निर्णयको सिद्धान्त र न्यायिक मन प्रयोगको सिद्धान्त यससँग सम्बन्धित सिद्धान्तहरू हुन् ।

♦ **स्वच्छ मन र सफा हातको सिद्धान्तः** रिट निवेदनको मागदाबी गर्दा सो विषयमा भए गरेका सबै कुराहरू खुलस्त गरी माग गर्नु पर्छ । कपटपूर्ण लेखाई, तथ्यलाई लुकाएर, अपुरो कुराले रिट जारी नहुने भई सत्य कुरा लुकाई रिट निवेदन दिएको रहेछ भने त्यस्तो अवस्थामा रिट जारी हुन सक्दैन ।

♦ **अपरिपक्कता वा अपूर्णताको सिद्धान्तः** कुनै कारबाही वा निर्णयले पूरा रूप लिई नसकेको अवस्थामा, निर्णय वा कारबाहीले पूर्णता प्राप्त नगरेको अवस्थामा वा यस्तो हुन सक्छ भन्ने कल्पनाका आधारमा रिट माग गरिएको भए जारी हुन सक्दैन ।

♦ **समर्पणको सिद्धान्तः** कुनै निर्णय, कारबाहीबाट प्राप्त हुने लाभ, सुविधा स्वीकार गर्ने र त्यस उपर समयमै चुनौती नदिएको अवस्थामा त्यस निर्णयमा सहमति जनाएको मानिन्छ । पछि त्यही विषयलाई लिएर अदालतमा प्रवेश गर्न समर्पणको सिद्धान्तले रोक्दछ ।

♦ **विवन्धनको सिद्धान्तः** कुनै तथ्यका सम्बन्धमा कुनै कुरा व्यक्त गरी अरूलाई यस्तो भन्ने विश्वास पारी कुनै काम गराएमा वा हुन दिएमा पछि कुरा फेरी पहिले व्यक्त गरेको कुराको विपरित जिकिर लिन पाइदैन । विवन्धनले पहिलेको कुरामा बचनबद्धता हुनुपर्ने वा अडिग रहनु पर्ने मान्यता बोक्दछ ।

♦ **आवश्यकताको सिद्धान्तः** भनिन्छ अनिवार्यताले कानून जान्दैन (Necessity knows no law) । कानूनमा व्यवस्थित सामान्य प्रक्रियाको अवलम्बन गर्न नसकिने परिस्थितिमा यो सिद्धान्त अवलम्बन हुन्छ । यो विकल्पहिन अवस्थामा गरिएको मनासिव कार्यलाई वैधता प्रदान गरिनुपर्दछ भन्ने मान्यता नै आवश्यकताको सिद्धान्त हो ।

♦ **न्यायिक निरूपणको मापदण्डको सिद्धान्तः** सबै विवादको निरूपण अदालतबाट हुँदैन । शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन सिद्धान्त, संविधानले नै बाहेक गरेका विषयमा अदालतबाट सुनुवाइ हुन सक्दैन । विशुद्ध

कार्यपालिकीय कार्य, नीतिगत विषयमा अदालतबाट सुनुवाइ हुन सक्दैन ।

♦ **राजनीतिक प्रश्नको सिद्धान्तः** न्यायिक निर्णयबाट राजनीतिक प्रश्न समाधान हुँदैन । राजनीतिक प्रश्नमा अदालतले हात हाल्दैन ।

♦ **प्राङ्न्यायको सिद्धान्तः** विवादको अन्तिमता सार्वजनिक हितमा रहन्छ । एक पटक निर्णय गरिसकेको विवादमा पटक पटक सुनवाइ हुन सक्दैन ।

रिटका पाँच प्रकारका छन् । जुन निम्नानुसार रहेका छन् :

(१) बन्दीप्रत्यक्षीकरण (Habeas Corpus)

(२) उत्प्रेषण (Certiorari)

(३) परमादेश (Mandamus)

(४) प्रतिषेध (Prohibition)

(५) अधिकारपृच्छा (Quo-Warranto)

यी रिटलाई कानूनको सार्वजनिक उपचारको परिवार (Family of Public Law Remedy) अन्तर्गत राख्ने गरिन्छ । ♦♦♦

## गीत



✍ **दिपक विश्वकर्मा**

निष्ठुरीले छोडेर गएसी, लाको माया बिरानो भएसी
मन पनि ढुङ्गा झैं भएछ, बाँच्नै मन नलाग्ने रहेछ...

मनोमानि गर्यौ की, करकापमा पर्यो
सँगै जिउने कसम खाई, किन यसो गर्यौ ?
जिन्दगीभर सम्झना रहला, आँसु दियौ मायाको बदला
आँखा पनि फेवा झैं भएछ, बाँच्नै मन नलाग्ने रहेछ....

धोका दिन रैछ, माया लायौ किन
तिमीले जस्तै मैलै, बिर्सन सकिन
भन्दै गर्थ्यौ स-सँगै जिउँला, बाँच्नु तिमी मै मरि दिउँला
एक्लो जीवन बोझ झैं भएछ, बाँच्नै मन नलाग्ने रहेछ...

# आत्मा र परमात्मा



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

आत्मा परमात्माको सनातन अशं हो, परमात्मा कै स्वरूप हो । जबसम्म आत्माको स्थिति प्रकृतिमा रहन्छ । तबसम्म यसलाई जिवात्मा भनिन्छ । तबसम्म आत्मा जिवात्माको रूपमा प्रकृतिजन्य गुणहरूको भोग गर्दछ तथा गुणहरूको सङ्गतले गर्दा असल-खराब योनीहरूमा जानु पर्ने हुन्छ। आत्मा असङ्ग अक्रिया नित्य, आनन्दमय भएता पनि यसले प्राकृतिस्थित हुनाले सुख दुःखको भोग भोगाउनु पर्दछ । यस प्रकृतिबाट अहम्लाई हटाएर आत्मालाई सत् तथा आनन्दमय सर्वगत, अविनाशी आत्मामा स्थापित गर्नु पर्दछ । साथै प्रकृतिजन्य गुणहरूको पासोबाट उम्केर सुख-दुःख रहित अतित, अनामय, आनन्दमय ब्राह्मी स्थितिमा प्राप्त हुन्छ । शरीर (देह) स्थित हुंदा जसलाई सुख-दुःख भोगी जिवात्मा भन्दछौ । साक्षीरूपबाट दृष्टा, भिजबाट सत्य आवाज दिने भएको हुँदा अनुमन्ता भरण-पोषण गर्ने भएको हुँदा भर्ता, नियामकरूपमा ईश्वर तथा निगुर्णरूपमा परमात्मा हो । यी सबै स्वरूपहरू एकै समयमा एकै भगवानमा छन् । कार्य भिन्नता अनुसार स्वरूप भिन्नता छ । यही भगवानको अनिर्वचनीय लीला हो । परमात्माका मुख्यत ः दुई नित्य स्वरूप छन् । १. अव्यक्त र २. व्यक्त ।

१. अव्यक्तका पनि दुई भेद छन् । १.१. अव्यक्त निर्गुण १.२. अव्यक्त सगुण । अव्यक्त निर्गुण त्यस स्थितिको नाम हो जसमा शक्तिको लीला बन्द हुन्छ । शक्तिमानमा (Stars is Blackhole) बिलिन हुन्छ । यसैलाई विज्ञानानन्दधन ब्रह्म (Singularity) भन्दछन् । अव्यक्त सगुण नै सृष्टिकर्ता, सर्वव्यापी सबैको नियामक तथा बिभु हो । आत्मा, जीवात्मा द्रष्टा, अनुमन्ता, भर्ता, भोक्ता आदि यसैका स्थिति भेद हुन । शक्तिको क्रिया भएको स्थितिमा नै यो सगुण भनिन्छ । तिनै परमात्मा नित्य, दिव्य विग्रहका रूपमा व्यक्ति छन्, राम-कृष्णादि अवतार रूप र

विष्णु, शिव, देवी, व्रह्मा, सूर्य आदि उनैका दिव्य स्वरूप हुन् । यी सबै स्वरूपहरूलाई त्यसैमा (अव्यक्त सगुण) विलीन गरेर सर्वत्र, सर्वदा सर्वथा एक उनैलाई (God is one) देख्नु पर्दछ र सुन्नु पर्दछ । यदि विलीन पनि सिकिएन भन्ने, सबै रूपहरूलाई आफ्ना उनै एउटै लीलामय ईष्टदेवका विभिन्न स्वरूप ठान्नु पर्दछ । हामीले यो निश्चय गर्नु पर्दछ कि सर्वमय, सर्वशक्तिमान सर्वाधार, सर्वव्यापी सर्वरूप भगवानको कुनै पनि व्यक्त साकार रूप (राम, कृष्ण) को महेश्वर बुद्धिद्वारा परम -श्रद्धायुक्त भएर अनन्य उपासना गर्ने भक्त तथा नित्य निगुर्ण विज्ञानान्दधन परमात्माको (अव्यक्त निर्गुण )अभेद उपासना गर्ने ज्ञानी, दुवैले अन्तमा एउटै भगवानतत्वलाई प्राप्त गर्दछन् । किनभने हामीलाई थाहा छ, परमात्मा एउटै हुनुहुन्छ । हामीले व्यक्तलाई भजनु वा अव्यक्तलाई, यो हाम्रो आफ्नो श्रद्धाको कुरा हो । तर मुख्य कुरा हामीले सबै प्राणीहरू प्रति सद्व्यवहार गर्नु आवश्यक छ । अव्यक्तमा सबै व्रह्मय छन् र व्यक्तमा श्रीकृष्णमय वा श्रीराममय हुनुहुन्छ । हामीले चाहे सबैलाई श्रीराम-कृष्ण स्वरूप मानेर आफ्नो सामर्थ्यअनुसार सबैको यथायोग्य सेवा गर्नु पर्दछ । अथवा चाहे सबैलाई व्रह्ममय ठानेर आफूलाई पनि यसबाट अभिन्न मानेर अनिवार्य व्यवहारिक भेद कायम गर्दै अभेद व्यवहार गर्नु पर्दछ । कुरा एउटै हो । यहा बुझ्नु पर्ने कुरा के छ भने, संसारका सबै धर्म सम्प्रदायहरूले माथि लिखित दुवै वा एक तरिकाबाट ईश्वरको उपासन गर्ने गर्दछन् । अज्ञानतावश मानिसहरूले आपसमा भेद देख्ने गर्दछन् । तर वास्तवमा कुनै भेद छैन । जसरी उपासन गरे पनि ईश्वर एउटै हुनु हुन्छ । तर एउटा कुरा राम्ररी बुझ्नु पर्दछ । हामीले सेवा स्वकर्मद्वारा नै राम्ररी हुन सक्तछ । तब मात्र हामी आर्दश साधक बन्न सक्दछौ । यसैले यो अस्थायी जीवनलाई शीघ्रातिभीघ्र सत्मार्गमा (सन्मार्गमा) लगाउनु पर्दछ ।


हामी दुर्भाग्यवश नाम-रूपको मोहमा नै अल्झेका छौ । हामीले त्यसको त्याग गरी निश्चय गर्नु पर्दछ । "म शरीर होइन ।" "म नाम होइन"। नाम-रूप ममा आरोपित छन् । यी सँग मेरो वस्तुतः कुनै सम्बन्ध छैन । शरीरको नाशले "मेरो" नाश हुदैन । नामको प्रशंसा-निन्दाले मेरो केही हानी हुदैन । म अमर छु, अजर छु, निष्कलङ्क छु, शुद्ध छु, सनातन छु सदा एक-रस छु । कहिले घट्ने-बढ्ने बाल म होईन । शरीरको उत्पत्ति भएर म उत्पन्न हुदैन शरीर नष्ट हुँदा पनि म नष्ट हुदैन । श्रीमद्भागवत गीतामा उल्लेख गरिएको

छ, "नजयते भियते वा कदाचि, नय भत्वा भविता वा न भुयः । अजो नित्यः वक्षतेय पुराणो, न हन्यते हन्यमाने शरीरे ।" अर्थात म नित्य छु असङ्ग छु, अव्यय छु, अज छु । मेरो स्वरूपमा कहिले कुनै फरक पर्दैन । जे-जति परिर्वतन हुन्छन्, ती सबै नाम र रूपमा हुन्छन् । नाम र रूपबाट आत्मा सर्वथा पृथक छ । आमाको गर्भमा जब जीवआत्मा आएको थियो, त्यसबखत हाम्रो स्थल शरीर (रूप) थिएन, तर जिवआत्मा थियो । मरेपछि शरीर नष्ट हुन्छ तर जिवात्मा रहन्छ । अतएवः यो सिद्ध हुन्छ । शरीर जीवात्मा होईन । यसैप्रकार आमाको गर्भमा जीवात्माको कुनै नाम थिएन । मानिसहरू बच्चा जन्मने भएको छ भन्दथे । यति सम्म पनि थाहा थिएन कि गर्भमा छोरा छ वा छोरी । जन्म भएपछि, भनियो कि छोरा भयो । केही समयपछि बालकको नाम राखियो । मातापितालाई पहिलो नाम मन परेन, उनीहरूले अर्को सुन्दर नाम राखे । ठूलो भएपछि यो नाम पनि फेरियो । यसबाट यही सिद्ध हुन्छ- नाम पनि जीवात्मा होईन ।

शरीर रोगी भएमा ("म") रोगी हुदैन । शरीर स्वस्थ भएमा हामी "म" स्वस्थ हुदैन । शरीर मोटाएमा ("म") मोटो हुदैन । शरीर दुब्लाएमा म दुब्लो हुदैन । म निःसङ्ग छु, सदा सम छु, म भित्र यी द्वन्द्वहरू छदै छैनन् । सम्पूर्ण द्वन्द्वहरू प्रकृतिमा छन् । अर्थात नाम र रूपको मोह छोडेर, शरीरको आराम र नामको प्रसिद्धिको चिन्ता त्यागेर आफ्नो स्वरूपलाई सम्हालनु पर्छ । म सदा मुक्त छु भनेर बुझ्नु पर्दछ । बन्धन मेरो नजिक कहिले आउन सक्दैन । दुःख-सुखका द्वन्द्व मेरो कल्पनामा समेत आउन सक्दैनन्। म आनन्द स्वरूप हुँ, म सत् छु, चेतन छु । म स्वयम् शान्तिको भण्डार छु । म पूर्ण छु, म अखण्ड छु, अनन्त छु, म कुटस्थ छु, म ध्रुव छु, म सनातन छु ।

हामीले नित्य निरन्तर शुभ-सङ्कल्प तथा दृढ निश्चय गर्नु पर्दछ, म सर्वशक्तिमान भगवानको सनातन अंश हुँ । भगवानको शक्ति ममा भरिएको छ । कुनै पनि पाप-तापमा भगवानको शक्तिको सामना गर्ने शक्ति छैन । म सत् छु, आनन्द छु, चेतन छु । मेरो नित्य सत्तालाई कुनै मृत्युले पनि नाश गर्न सक्तैन । अखण्ड चित्स्वरूपमा कहिल्यै अज्ञान वा मोहको प्रवेश हुन सक्दैन । साथै मेरो अनन्त, अनामय, एकरस आनन्दमा त कहिल्यै कुनै रूपान्तर हुदै हुदैन । मेरो नित्य निरामय नित्स्वरूपमाथि कुनै पनि जड पदार्थ वा जगतिक स्थितिको कुनै पनि असर पर्न सक्तैन । मेरो अखण्ड शाश्वत शान्ति कोही भङ्ग गर्न सक्तैन। ◆◆

# अपराध अनुसन्धानमा प्रहरीका चुनौतीहरू



✍ प्रकाश अधिकारी

**परिचय**

अपराध अनुसन्धान फौजदारी न्याय प्रणालीको अभिन्न अंग हो । अपराध अनुसन्धानको गुणस्तरीयताले मात्र आमनागरिकको विधि व्यवस्थामा विश्वास र आदर पैदा गर्न सक्छ, त्यसैले यो निष्पक्ष र प्रभावकारी हुन आवश्यक छ। कसूर गर्न खोजिएको कसूरको पहिचान एवम् प्रमाणको संकलन अपराध अनुसन्धानबाट हुन्छ । त्यसैले अपराध भईसकेपछि गरिने प्रतिक्रियात्मक (reactive) र अपराध हुनु अगावै गरिने पूर्व सक्रिय (proactive) गरी दुई प्रकारले अनुसन्धानहरू हुने गर्छन् । अनुसन्धान प्राविधिक विषय (applied science) मात्र नभएर कानूनी र सामाजिक पनि हो । यो कला पनि हो । अपराधमा मानिसद्वारा हुने भएकोले प्रत्येक वारदात मौलिक हुन्छ तर जतिसुकै चलाख अपराधीले पनि वारदात स्थलमा कुनै न कुनै रूपमा सूत्र छाडेको हुन्छ भन्ने विश्वास गरिन्छ । अनुसन्धानका प्रविधि (investigative techniques) को सिर्जनात्मक प्रयोगद्वारा अनुसन्धानकर्ता अपराधीसम्म पुग्न सक्छ । जीउ, धन र वैयक्तिक स्वतन्त्रताको संरक्षण र सामाजिक सुव्यवस्था कायम राख्ने जिम्मेवारी राज्यको हुने शर्तमा व्यक्तिले आफ्ना केही स्वतन्त्रताको परित्याग गरे राज्यसत्ताको प्रादूर्भाव गराएको हो भन्ने सामाजिक सम्झौताको सिद्धान्त (social contract theory) हुँदा अनुसन्धान, अभियोजन र सुनुवाइद्वारा अपराधीलाई दण्ड दिने राज्यको जवाफदेही भित्र पर्छ । न्याय सुनिश्चितताको पहिलो खुड्किलो अनुसन्धान हो । त्यसैले यो वस्तुपरक र विश्वव्यापीरूपले स्वीकारिएका अनुसन्धानका मूल्य र मान्यतामा आधारित हुनपर्छ । अनुसन्धान तथ्य प्रमाणको संकलनमा केन्द्रित भई शंकितसम्म जोडिएको हुनुपर्छ, प्रवृत्त भई शंकितलाई बढावा हुने गरी प्रमाणको संकलन र तोडमरोड गरिएको हुनु हुन्न र दोषी प्रमाणित नहुन्जेल शंकित निर्दोष हुन्छ

भन्ने मान्यतामा अनुसन्धान हुनपर्छ ।

**संविधान र कानूनको व्यवस्था**

सीमित सरकारको अवधारणा नेपालको संविधानद्वारा आत्मसात गरेकोले देशको शासन कानूनद्वारा हुन्छ । बालिग मताधिकारद्वारा चुनिएका जनप्रतिनिधिहरू मध्येबाट छानिएका प्रधानमन्त्री र मन्त्रीहरू सदस्यहरू रहने र जनप्रतिनिधि प्रतिजवाफदेही रहने नागरिक प्रशासनको सर्वोच्च निकाय संघीय कार्यपालिका हो । संविधानको धारा २६८ मा संघ र प्रदेशमा क्रमशः नेपाल प्रहरी र प्रदेश प्रहरी रहने व्यवस्था गरी फौजदारी र देवानी कानूनको सारवान व्यवस्था संघ अन्तर्गत र कार्यविधि कानून संघ र प्रदेशको साझा हुने व्यवस्था छ । यो व्यवस्थाले अपराध हुने कार्यको परिभाषा र वर्गीकरण संघीय संसदद्वारा मात्र हुन सक्ने देखियो । अपराधको अनुसन्धान र अभियोजन संविधान, संघीय कानून र प्रदेश कानून बमोजिम हुने छ भनी संविधानको दफा ५७ (३) व्यवस्था छ ।

मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा अपराधलाई ४ वटा अनुसूचीहरूमा विभाजन गरिएको छ जस अन्तर्गतका धेरै जसो अपराधको अनुसन्धान नेपाल प्रहरीले गर्ने व्यवस्था छ । सो देखि बाहेक भ्रष्टाचारसम्बन्धी अपराध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले, राजश्व चुहावटको राजश्व अनुसन्धान विभागले, वैदेशिक रोजगार सम्बन्धी अपराधहरू वैदेशिक रोजगार विभागले र सम्पत्ति शुद्धीकरणका अपराधहरू सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा अनुसन्धान हुन्छन् । औषधी विभागले औषधी ऐन, २०३५ अर्न्तगतका कसूरको अनुसन्धान गर्छ ।

**नेपाल प्रहरी**

२००७ सालको परिवर्तनमा मुक्तिसेनाको रूपमा संगठित भएको 'मिलिसिया' नै नेपाल प्रहरीमा रूपान्तरण भएको इतिहास छ । यो निकाय गठनको प्रारम्भमा ब्यारेकमा बस्ने हुँदा "सशस्त्रबल" (armed force) भनिन्थ्यो । प्रहरीलाई संस्थागत गर्ने कार्य प्रहरी ऐन, २०१२ द्वारा भएको हो । ऐनको प्रस्तावनामा प्रहरी बलको मुख्य काम अपराधका विरूद्ध लड्नु र समाजमा शान्ति व्यवस्था कायम राख्नु हो भनिएको छ । प्रस्तावनाले अपराध रोक्ने (prevention- proactive) र पत्ता लगाउने (investigation-reactive) प्रहरीको जिम्मेवारीलाई अग्रता दिएको र अपराधको रोकथाम र अनुसन्धानले अभियुक्त पक्राउ भएपछि समाजमा शान्ति र व्यवस्था आफै कायम हुने अर्थ लिएको बुझिन्छ । भर्खरै आधुनिकतातिर बामे सर्दै गरेको नेपाली

समाजलाई ब्यारेकमा बस्ने अर्ध–सैनिक प्रकृतिको प्रहरी बलको गठन तथा संचालन गरी नियमत गर्न सकिन्छ भन्ने त्यसबेलाको सोचरहेको हुनुपर्छ।

वर्तमानमा नेपाल प्रहरीले अपराध अनुसन्धान विभागले अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानसँग प्रत्यक्ष सम्बन्ध राखेको देखिन्छ । अपराधका विभिन्न प्रकृतिमा, सजायको आधारमा जघन्य र गम्भीर अपराधले उब्जाएको सनसनी एवम् जनचासो, अपराध गर्दा प्रयुक्त प्रविधि, अपराधको योजना, षड्यन्त्र र सञ्जालले संगठित, एक भन्दा बढी देशमा फैलिएको, अपराध गर्दा क्रुर, लोमहर्षक, यातनापूर्ण तरिका अपनाई समाजलाई नै स्तब्ध पार्ने मानवअधिकारको घोर उल्लङ्घन गरी भएका अपराध र अन्य अपराधहरूलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ ले निश्चित गरेको ओहोदामा नघटाई कुनै पनि प्रहरी अधिकृत अनुसन्धान अधिकृत नियुक्त हुन सक्ने प्रहरी नियमावलीमा व्यवस्था रहेको छ । सहयोगी वा विषय विशेषज्ञको रूपमा अनुसन्धानमा एक भन्दा बढी प्रहरी अधिकृत खटिन सक्ने भएता पनि उल्लिखित कानूनले अनुसन्धान अधिकृतको नेतृत्वमा अनुसन्धान फत्य गर्नुपर्ने देखिन्छ । अपराधको अनुसन्धान वैज्ञानिक पद्धतिको प्रयोग गरी सम्बन्धित सरकारी वकिलसँग सहयोग र समन्वयमा प्रभावकारी र छिटोछरितोरूपले सम्पन्न गर्नु पर्छ भन्ने व्यवस्था प्रहरी नियमावलीमा छ । अनुसन्धानद्वारा अपराधसँग शंकितको सम्बन्ध खुलाउने प्रमाणहरूको निम्नानुसार संक्षिप्त विवेचना गरिन्छ ः

**भौतिक प्रमाणहरू**

साक्षीले देखेको, सुनेको र थाहा पाएको प्रमाण कालक्रमले साक्षी क्षमाशील भएर, बिस्मृतिले, भावनाले वा प्रभाव वा आग्रहले प्रतिरोधी (Hostile) हुन सक्छ । साक्षीको ठेगाना फेरिन सक्छ र उसलाई अदालतले खोजेका बखत उपस्थित गराउन ऊ सम्पर्क बाहिर हुन सक्छ । भौतिक प्रमाण त्यस्तो हुँदैन ।

**निम्न प्रमाणहरू भौतिक प्रमाणहरू हुन् ः**

**घटनास्थल**

अपराध गर्दा अपराधीले एउटा वारदात स्थल बनाउँछ । वारदातस्थलमा अपराधीले आफ्नो रगत, डिएनए, शरीरका विभिन्न अंगहरूको छाप, रौंहरू, रेशाहरू वा यस्तै कुराहरू छाडेर वा लिएर जान्छ भनेर Edmund Locardo को Exchange Principle "Every Contact Leaves a Trace" को निष्कर्ष छ । उनका अनुसार Wherever he steps, whatever he touches, whatever he leaves, even uncon-

sciously, will serve as a silent witness against him. Not only his fingerprints or his footprints, but his hair, the fibres from his clothes, the glass he breaks, the tool mark he leaves, the paint he scratches, the blood or semen he deposits or collects. All of these and more bear mute witness against him. This is evidence that does not forget. It is not confused by the excitement of the moment. It is not absent because human witnesses are. It is factual evidence. Physical evidence cannot be wrong, it cannot perjure itself, and it cannot be wholly absent. Only human failure to find it, study and understand it can diminish its value.

त्यसैले अपराधीसम्म पुग्नलाई भेउ दिने एकमात्र सूत्र भनेको घटनास्थल हो । घटनास्थलको मिहीन तरिकाले अवलोकन एवम् अध्ययन र घटनास्थलबाट बरामद भौतिक वस्तुहरूको हिफाजत पूर्ण तरिकाले प्रयोगशालासम्म लगेर परीक्षण गरी प्राप्त नतिजाले मात्र अपराधी पक्राउ पर्न सक्ने सम्भावना रहन्छ । वारदात भएको अल्पकालान्तरमै त्यहाँ भएको भौतिक प्रमाण हराउन सक्छ, मानिस वा अन्य कुनै वस्तुको संसर्ग हुनासाथ घटनास्थल प्रमाणको महत्वको दृष्टिकोणले प्रदूषित हुन सक्छ वा समयसँगै स्वरूपमा परिवर्तन हुन सक्छ, प्रकृति बदलिन सक्छ । त्यसैले अनुसन्धानकर्ताले घटनास्थल जति सक्दो चाँडो पुगेर त्यसको उचित अनुसन्धान गर्नुपर्छ।

घटनास्थलको अनुसन्धानबाट विधिविज्ञानसँग सम्बन्धित हुन सक्ने प्रमाणहरू पहिचान गर्नु, सुरक्षित राख्नु, संरक्षण गर्नु र प्राप्त (रिकभर) गर्नुपर्छ । घटनास्थलबाट प्राप्त गरिएका प्रमाणहरू शंकितलाई स्थापित गर्न वा निर्दोष पुष्टि गर्ने भौतिक प्रमाणहरू हुन् । मानिसले झुट्ठो बोल्न सक्छ तर यी प्रमाणहरूले झुट्ठो बोल्दैनन् । शंकितको साबिती भएको अवस्थामा यी प्रमाणले उक्त साबिती पुष्टि हुँदा साबितीलाई निशंकोच प्रमाणमा लिन सकिने हुन्छ । साबिती उपरको निर्भरतालाई भौतिक प्रमाणहरूले हटाई दिन्छन् ।

घटनास्थलबाट संकलित भौतिक वस्तुहरूको परीक्षणको लागि सम्बन्धित प्रयोगशालामा ढिलो गरी पठाइनाले नमूनाको गुणवत्तामा गम्भीर रूपमा फरक परिसकेको हुन्छ । यातायात सुविधाको वा अन्य कुनै लजिस्टिक अभावले अनुसन्धान अधिकृत ढिलो गरी पुग्नाले पनि घटनास्थलमा रहेका प्रमाणमा

लाग्ने भौतिक वस्तुहरूको संकलनमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । नेपाल प्रहरीसँग डिनए विश्लेषण गर्ने समेत क्षमता भएको साधन सम्पन्न प्रयोगशाला मौजुद हुनुले अनुसन्धानकर्तालाई यथा सम्भव चाँडो घटनास्थलबाट संकलित भौतिक सबुतहरू परीक्षण गर्न सहयोग पुऱ्याएको छ । यो प्रयोगशालासँग घटनास्थलबाट संकलित forensic, medical and serological materials प्रमाणहरूको परीक्षण गर्ने सुविधा रहेको छ तर यो सुविधा पूर्णरूपमा क्रियाशील हुन सकेको छैन । किनभने संकलित नमूनाहरू समयमै प्रयोगशालामा नपुऱ्याई दिनाले प्रयोगशालाको परीक्षण नतीजामा पूर्णरूपमा भरपर्न सक्ने अवस्था रहँदैन।

**बरामदी**

रीत पुऱ्याई गरिएको खानतलासीबाट प्राप्त प्रमाण दशी प्रमाणहरू हुन् । वारदात भए नभएको र सो वारदात अपराध भएको नभएको पुष्टि गर्नलाई बरामदी निर्णायक हुन सक्छ । बरामदीबाट प्राप्त दशी झुट नहुने सत्य बोल्ने हुन्छ । साक्षीहरूको तुलनामा बढी विश्वसनीय हुन्छ । लागूऔषध र चोरी लगायत अन्य कतिपय अपराधमा बरामद भएका दशीमै टिकेर फैसला हुने गर्छन् । त्यसैले यो निश्चयात्मक प्रमाण (conclusive) हो । चोरीमा सामान्यतः बरामदीलाई आधार मानी बिगो कायम गरिन्छ । बरामद दशीको जाहेरी दरखास्त र घटनास्थल मुचुल्कासँग सामञ्जस्यता (Harmonization) हुनुपर्छ, अन्यथा अदालतले दशीलाई प्रमाणमा नलिन सक्छ ।

**साक्षी प्रमाणहरू**

प्रमाणको नियमले भौतिक प्रमाणले अपराधीलाई अपराधसँग जोड्छ भने त्यसलाई पुष्ट्याउने काम मात्र साक्षीको कथनद्वारा हुने हो ।

**यस अन्तर्गत निम्न प्रमाणहरू पर्दछन्** ः

**जाहेरी दरखास्त**

कुनै वारदातको अवलोकन गर्दा प्रथम दृष्टिमै अपराध हुन सक्ने पूर्वाधारहरू (ingredients) भएमा बाहेकका कानूनमा जेजस्तो व्यवस्था भएपनि वारदात भएपछिका सबै कुराहरूलाई जिम्मेवार प्रहरी अधिकृतले सूक्ष्म रूपमा नियालेर मात्र अपराध (corpus delicti) भएको एकिन गरी जाहेरी दरखास्त लिनेतर्फ कारबाही गर्ने गरिन्छ । तथ्य र कानूनको संयोजन गरेर अपराध भए नभएको ठहर न्यायिक निकायद्वारा हुन्छ तर एउटा पेशागत दक्ष र अनुभवी प्रहरी अधिकृतले कुनै वारदातमा कसैको संलग्नता छ छैन भन्ने अनुसन्धान दृष्टिकोणबाट अमुकवारदातको अवलोकन गरेर निर्क्यौल गर्न सक्छ र अपराध भएको छैन भने सो वारदातबारे जाहेरी

दरखास्त नलिने गरी दैवी परेको वा प्राकृतिक रूपमा घटना घट्न गएको वा अपराध हुनका लागि आवश्यक पूर्वाधारहरूको अभाव रहेको आधार र कारणमा घटना टुङ्गिन सक्छ । तर अपराधको अनुसन्धान राज्यको स्वविवेकीय विशेषाधिकार भने हैन । कसैको कर्तव्यबाट वा दुर्घटना भई वा आत्महत्या गरी वा अस्वभाविक रूपमा वा अन्य शङ्कास्पद स्थितिमा ज्यान मरेकोमा लास जाँच र शव परीक्षण गर्नु अनिवार्य हुन्छ । प्रत्येक वारदातको कसूर भए नभएको दृष्टिकोणले एकिन गरी निष्कर्षमा पुगेको हुनुपर्छ ।

सरकारवादी फौजदारी मुद्धाको आधारभूत खम्बा (basic foundation) भनेको जाहेरी दरखास्त हुन्छ । सही, यथार्थपरक, सिलसिलेवार, समयमै परेको र प्रमाणयोग्य ढङ्गले प्रस्तुत गरिएको जाहेरी दरखास्तले वारदातको अनुसन्धान सफल पारी पीडित र समग्रमा समाजले न्याय पाउँछ, यसको विपरित सतही, अनुमान गरिएको हचुवा, असान्दर्भिक कथनयुक्त, विरोधाभाषपूर्ण प्रस्तुतिले समयको बरबादी गर्छ । जाहेरी परेको समयको अन्तराल, कसले जाहेरी दिएको हो, पीडित वा आफन्ती वा प्रत्यक्षदर्शी वा सम्बन्धित सरकारी कर्मचारी र कसरी दिइएको हो, हुलाक, इमेल वा फ्याक्स वा सम्बन्धित उपस्थित भएर, यी कुराहरूले अनुसन्धानलाई सफल र असफल पार्न महत्व राख्छन् ।

**घटना विवरण**

वारदात वरिपरिका र वारदातका चस्मदीद, सुनि जान्ने र थाहा पाउने मानिसहरूको कथनलाई यो शीर्षकमा राखी उनीहरूले देखे, सुने र थाहा पाएको कुरा लेखाउने गरिन्छ । यो जोखिमपूर्ण प्रमाण हो । हाम्रो प्रणालीमा यसै प्रमाणमा भर परेर अधिकांश अनुसन्धानहरू टुङ्गो पुगेका हुन्छन् । निश्चयात्मक प्रमाणहरूलाई पुष्टि गर्ने प्रमाणको रूपमा घटना विवरण हुनुपर्छ ।

**सोधपुछ-बयान**

अभियुक्तलाई सोधपुछ तथा बयान गराउने एक कला हो । डराएर, धम्काएर बयान लिने कुरा पुरानो भईसकेको छ । स्वच्छ सुनुवाइ र अभियुक्तको मानव अधिकारको कुराले हाम्रो फौजदारी न्याय प्रणालीमा अग्रता लिइसकेको छ । बयान थाल्नु पहिला अभियुक्तलाई चुप लाग्न पाउने कुरा, कानूनले दिएका छुट सुविधाका बारे जानकारी दिनु न्यायोचित हुन्छ । अभियुक्तका विरूद्ध संकलन गरिएका प्रमाणहरूका बारे समेत निजको (प्रतिक्रियात्मक) बयान हुनुपर्छ ।

अभियुक्तको बयान निज विरूद्धको प्रमाण पनि हो तर कसैलाई

पनि आफू दोषी हुने गरी बयान दिन कर नलाग्ने संवैधानिक सुनिश्चितता छ । अभियुक्तले आफ्नो फाइदा हुने गरी बयान गर्ने अधिकार भएकोले त्यसको सम्मान गर्नु राष्ट्र सेवकको कर्तव्य हुन्छ ।

नेपालको अपराध अनुसन्धान पद्धतिमा साबिती नै प्रमुख प्रमाण हुन्छ र जसरी भए पनि साबित गराइन्छ भनेर आलोचना गर्ने गरिएको छ । झण्डै २० वर्ष अगाडिको एउटा प्रतिवेदनमा साबित गराउन यातनाको नियमित रूपले प्रयोग गर्ने गरेको, अनुसन्धानको सामान्य ज्ञानसमेत नभएका, तालिम प्राप्त नगरेका अदक्ष र अनुसन्धान उपकरण पनि नभएका औषत प्रहरी कर्मचारीलाई अनुसन्धानको जिम्मेवारी दिने गरिएको, प्रमाणको व्यवस्थित तवरले परीक्षण नहुने गरेको, विधि-विज्ञान र sero-logical परीक्षण न्युनरूपमा गरिने र अनुसन्धानका मिसिल र अपराधी सम्बन्धी अन्य अभिलेखहरूको राखनधरनमा वैज्ञानिक पद्धति नअपनाइएको भनी औंल्याइएको छ ।

**उपसंहार**

हाम्रा कानूनहरू महत्वकांक्षी छन्, आधुनिक छन् तर त्यो नै अपराध अनुसन्धानका लागि पर्याप्त हैन । 'आधुनिक ऐन'को कार्यान्वयन आधुनिक ज्ञान र प्रविधिको प्रयोग विना हुदैन, स्रोत र साधनले पृष्ठपोषण मिल्नुपर्छ । विज्ञान र प्रविधिको युगमा पनि पुरानो सनातन पद्धतिको घटना विवरण कागज, साविती, कथित किटानी जाहेरी जस्ता कथ्यको संकलनसम्ममा सीमित अनुसन्धानले न्याय गन्तव्यमा पुग्न सकिदैन । सरल रेखा छाडेर भएका वारदातका अपराधीसम्म अनुसन्धान अधिकृत पुग्न अन्य कुराका अतिरिक्त कानून कार्यान्वयन गर्ने एकाईहरूप्रति नागरिकको विश्वास पनि चाहिन्छ ।

कानून कडा बनाएर मात्र हुने भए राज्यले त्यसमा कुनै कमी गरेको छैन । बलात्कारविरूद्धको कानूनको संशोधन गरी झनै कठोर बनाइएको छ । भारतको दिल्लीमा सन् २०१२ मा भएको सामूहिक बलात्कार पछि कानूनहरू कडा बनाइए । अपराधीलाई मृत्युदण्डनै दिइसकिएको छ । तर मृत्युदण्डको सजायनै समस्याको दीर्घकालीन समाधान होइन भन्ने कुरा त्यस्ता घटनामा कमी नआएकोबाट सिद्ध हुन्छ ।


प्रहरी सबैजसो अपराधको अनुसन्धानकर्ता हो । कानूनले अनुसन्धानकर्ताको योग्यता दर्जा तोकिदिएको छ तर शैक्षिकस्तर, तालिम र दक्षता तोकेको छैन । त्यही प्रहरी जसलाई शान्ति-सुरक्षादेखि नागरिक गुनासाहरू सुन्ने, दैवी प्रकोपमा उद्धारकर्ताको हैसियतले काम गर्ने सम्मको जिम्मेवारी दिइएको छ । बलात्कार जस्ता जघन्य अपराधको

अनुसन्धानमा पनि दर्जा पुगेमा उसैलाई खटाइन्छ । दक्ष र वैज्ञानिक अनुसन्धान हुन यसमा पुनर्विचार आवश्यक छ ।

अपराध अनुसन्धानलाई विशिष्टकृत गरी अपराधको प्रकृति अनुसारको अनुसन्धान दक्षता भएको प्रहरी अधिकृत हुनुपर्छ । सफल अनुसन्धानको लागि उसको कार्य बोझ विचारणीय रहन्छ । मुद्धाको साङ्गोपाङ्गो सामाजिक, कानूनी, आर्थिक र आवश्यकता अनुसार मनोवैज्ञानिक कुरासित परिचित अनुसन्धान अधिकृतले वारदातलाई न्यायोचित निष्कर्षमा पुऱ्याउन सक्छ । हाम्रो सार्वजनिक प्रशासनिक प्रणालीमा छिटो छिटो सरूवा हुने, जिम्मेवारी हेरफेर गरिने सामान्य मानिन्छ । अपराध अनुसन्धान दूरगामी महत्वको विषय हो । अनुसन्धान गरिरहेको अधिकृत सरूवाको कारणले बीचैमा अनुसन्धान अरूलाई जिम्मा दिएर जानु अनुसन्धानमा बाधा पुग्नु हो ।

अनुसन्धानको चुनौती भनेको अपराधीलाई दण्ड र पीडितलाई क्षतिपूर्ति सहितको न्याय हो । अनुसन्धान, अभियोजन र सुनुवाइ गर्ने निकायहरू संरचनामा स्वतन्त्र हुन्छन् तर आ-आफ्नो काम, कर्तव्य र अधिकार पूरा गर्दा आपसमा अविभाज्य छन् । तीन वटै निकायको लक्ष्य कसूरदारलाई दण्ड गरेर सम्भावित कसूरदारलाई अपराध गर्न निरूत्साहित गर्नु हो । अनुसन्धान अधिकृतले कानूनले निर्दिष्ट गरेको कार्यविधिको निष्पक्ष र स्वच्छ रूपमा पालना गरेर अपराध भएको निश्चित गरेपछि सो अपराधसँग अभियुक्तको सम्बन्ध भौतिक प्रमाणद्वारा स्थापित गर्नुपर्छ । हामीले अवलम्बन गरेको फौजदारी प्रणालीले अभियुक्तलाई धेरै विशेषाधिकार र सुविधा दिएको यथार्थ छ । यदाकदा यो प्रणालीले अपराध बढाउनमा मद्धत पुऱ्याएको भन्ने आक्षेप पनि लगाइन्छ । तर निर्दोषलाई कसूरदार ठहऱ्याउनुको सामाजिक मूल्य उसलाई दिइएको विशेषाधिकारको तुलनामा वृहत्तर हुन्छ । ♦♦♦

## मुक्तक



✍ **अरुण खत्री 'नदी'**

देश रूँदाखेरी सबै रूनुपर्छ अब
नेपालीमा एकता हुनुपर्छ अब
आफू जन्मेको धर्तीलाई सम्झेर
मनभित्रका मैलाहरू धुनुपर्छ अब ।

जिन्दगीलाई पिएर रित्याउन चाहन्छु म
मनभरिका सारा ज्वाला सिध्याउन चाहन्छु म
हाँसीखुसी बाँच्ने अब ठूलो धोको भो
मेरो दुःखको पर्खाल भत्काउन चाहन्छु म ।

नियात्रा

# ढाँड केर्मीको गलैँचा



✍ **युवराज नयाँघरे**

भाते निद्राले गलायो थापा र लामालाई !

आँखा चिम्ले पनि आएन निद्रा मलाई । कति गरे पनि निद्रा आएन । परेली जोडिरहे पनि एक झप्को निदाउन सकिनँ म ।

बाटाभरिका कुरा, भीर-पखेराका आँसु र चौगनफयाको अभावमा मन रूमलिरह्यो । घुँडा गले पनि, पिडुँला थाके पनि, पैताला पोले पनि, तिघ्रा थथर्किए पनि-आँखामा निद्रा नआएपछि जस्ताको तस्तै भए ती सबै ।

तीन बजेतिर साथीहरू जन्याकजुरूक उठेर तुना कस्न थाले जुत्तामा ।

'आज चौगनफयामै तारा गन्ने कि भन्ठानेको थिएँ !'

मेरो कुरा ओठमै रह्यो ।

कन्जोक र मुन विद्यालयको आँगन छिचोलेर चौगनफयाको गोरेटोमा पसिहाले । मैले नि बिहानदेखिको पसिने गन्जी र अरू लुगा फेरफार पारेँ ।

करालो भीरमा थियो चौगनफया गाउँ ।

घरैघरको लस्कर थियो । थापाभन्दा लामा लम्किहाल्थे ।

'म त कसो-कसो खुट्टा लम्काइहाल्छु । जति गरे नि मेरो गति फड्किइहाल्छ ।'

लामाले भन्न नि छोडेनन् ।

नभन्दै उनी फटाफट माथि डाँडामा कि तल गहिरामा पुगिसक्थे ।

चौगनफयाभन्दा तल चेपमा धारापुरी बस्ती थियो । पूर्वदेखि पश्चिमसम्म झुरूप्प बसेको चौगनफयाको उज्यालो घर भनेको कर्णाली माध्यामिक विद्यालयको भवन थियो ।

'तिमी कतिमा पढ्ने ?'

'पाँचमा !'

एउटी उमेरदार युवतीसँग मेरो कुरा भयो ।

उसको अनुहार भरिलो थिएन ।

उसले लगाएको कम्मरमाथिको लुगा मात्र उज्यालो थियो । त्यो लुगामा मात्र केही दुःख र अभाव फाटेको थियो । अरू जताततै हेरिसक्नु थिएन उसमा ।

बाटाभरि झुत्ता लुगा देखिन्थे छरछारिएका ।

पाँच जना साना भुराले घेरिएकी थिई एउटी आइमाई ।

हाडे ओखरका र स्याउका बोट बाक्लै थिए बाटामुन्तिर । ती चिचिला स्याउ खान कलह गरिरहेथे उनीहरू आइमाईलाई ।

'भाइबहिनी हुन् कि ?'

मैले खसखस पोखें ।

'नाइँ !'

'को त ?'

'यी मेरै जाक्त हुन् !'

कुरा सुनेर म खङ्ग्रङ्ङ भएँ ।

मैले चाँडचाँडो भनें-'तिम्रा हातमा बच्चा हैन, किताब कपी पो सुहाउँथ्यो !'

उनले उत्तर फर्काइन्- 'कस्तो राम्रो ख्याल गर्दोरहेछ !'

तिनका कुराले म पो दुखें ।

बस्ती नाघेपछि बाटो भेटियो । भिरालो छ बाटो । घनघोर अक्करे । मास्तिर सातै जाने पहरा सजिएका पहाडको ताँती छ । अक्कर, खोंच र धारिला ढुंगेनी पहाडको लस्करमुनि बसेको रहेछ चौगनफया ।

दक्षिणतिर हुम्ला कर्णालीको अटुट वेगले आफ्नो गति छोडेको छैन । कर्णाली किनारका चिल्ला गराहरूमा गाईवस्तु चरेका, भेडाबाख्रा जुधेका र घोडाका बथान हिनहिनाएको म देखिरहेको छु ।

दक्षिण हुँदै हामी पश्चिमतिर बेगिइरहेका छौं । ढुङ्गै-ढुङ्गाको बार जताततै देखिन्छ । बारभित्रका बारीमा आलु, सिमी र चिनु सिलिङविलिङ उम्रेको देख्छु ।

'यो विकटता नै यहाँको बार हो !'

मैले उकुसमुकुस पोखें ।

'त्यै बारले नपुगेर अर्को ढुङ्गेनी पर्खाल उठाएका !'

लामाले थपे ।

भीरमा गोरू, बाख्रा चर्दै थिए । एक दुई जना जिङरिङ परेका आइमाई लट्ठी लिएर ऊन कातिरहेका देखिन्थे । हावा बेस्सरी चलेको थियो ।

तल धारापुरीबाट घुमेर आएको बाटो देखियो ।

'हुम्लामा मोटर छैनन्, हैन ?'

'छन् नि । हेलिबाट बोकाएर आएको ।'

'कुद्छन् चैं कहाँ । बाटो बनिसकेकै छैन त ?'

'कति आएर आफ्नै आँगनमा थन्केका छन् । कति चैं पहरा फोर्न

नसकिएका दुई चार किलो मिटरमा कुद्छन् ।'

लामाले बोलुन्जेलमा उनलाई भेट्न पुगिसकेको थिएँ म ।

उत्तरतिर कहालीलाग्दा डाँडा थिए । ती डाँडालाई बादल, नीलाम्मे आकाश र हरिया सुरिला रूखले सिँगारेर राखेथे । म घरी-घरी उत्तरतिर हेरिरहन्थेँ । भोकै रहेछ मेरो मन त ।

अघिसम्मको सङ्लो कर्णाली अब धमिलो देखियो । छनक पाइयो मास्तिरको बादल बर्सिएको । धमिलो कर्णालीका लहरहरू ठूलठूला चट्टानमा ठोक्किएर सुकिला फिँज बनाउँथे । निखार भनेको यही रहेछ । परिष्कार भनेको यही रहेछ ।

कर्णाली पारि रहरलाग्दा फाँट र गैरी खेतहरू देखिन्थे । कतिमा मार्सी लाउन ठीक पारिँदै थियो । कतै लहलहाइरहेको थियो हरियो बीउ ।

बाटोमा दुई जना अधबैंसे भेटेर दुई हात निहुरेर जोडे ।

पाठा लिने रैछन् उनीहरू । गाउँ-गाउँबाट पाठा भेला पारी सिमकोट बेच्दा रैछन् । सेंडाका ती च्या छहरा गाउँ पुगेर आएको भन्थे ।

निकै उत्तर लम्केपछि कर्णालीबाटै बगाएको ठाउँमा हामी पुग्यौं । ढुङ्गा छाप्दै थिए । यहीं एउटा चाइनिज ट्याक्टर देखियो । त्यो ट्याक्टरले ढुङ्गा बोक्दो रहेछ । केटाकेटीको ओइरो थियो-ट्याक्टरमा ।

'गाडापारि गएर थकाइ मारूम्ला !

लामाले अलिक पर गएर बोलेको सुनियो । कर्णालीको छरछर आवाज चिरेर मैले उनको कुरो ठम्याएँ ।

ढुङ्गा जताततै थिए । तार, जाली कसिएका ढुङ्गाले कर्णालीको भेल तर्काएको देखिन्थ्यो । तर त्यो विकासे चाला 'हाजमोला' ठानें मैले ।

पहरो थियो अगाडि । त्यसलाई टाउकोले छुँला-छुँला गर्थ्यो । हातले छेकिएर मैले पार गरें ।

झोलुङ्गे पुल थियो । धेरैले पुल छोडेर खोलाको लहरमा रमाए । मैले खोला तरेर सानो पसलमा गएर ज्यान बिसाएँ ।

गाडापारी गाउँबाट अब लामाहरू भेटिने रहेछन् । कर्णालीवारि अब ठकुरी बस्ती छैनन् भन्ने सुनाए थापाले ।

मास्तिर ४/५ घर थिए । तर खोलाको आडैमा एउटा ठूलो घर थियो- पसल र होटलले मिसमासिएको ।

खुट्टो खोच्याइरहेको खच्चड थियो आँगनमा ।

'के भयो यसलाई ?'

'भीरबाट खसेको !'

'मरिहालेको भए दुःखै

लुकाउँथ्यो !'

मैले किन त्यसो भनें खच्चड हेरेर । दिकदार लाग्यो ।

खोलाको कलकल हेरेर बसिरहेको थिएँ । एउटी निकै उज्याली केटी हस्याङफस्याङ गर्दै म बसेतिरै आइरहिथी । एकैछिनमा अर्की उज्याली आइमाई पनि आई आँगनमै । अर्को एउटा भ्याप्ले तन्नेरी पनि भारी बोकेर भित्रियो- होटलमै ।

लामाले आरूको जुस खुवाए । बट्टा हेरेको, सबै चिनियाँ भाषामा छ । नबुझिने, कत्ति नि ।

'मेडलिङ ल्याडलिङ !'

'मेड इन ल्हासा !'

मैले नै ठट्टामा भनिदिएँ ।

पसलमा बसेका दुई रूपवती र तन्नेरी मस्तले हाँसे ।

'दाइ, आउनुस् खाऊ ।'

तन्नेरी बियरको बोतलबाट गिलास भरिरहेथ्यो ।

'अंकल, बसुँम् न बसुँम् यता !'

अलिक उमेरदारले आफ्नो ब्याग सारेर ठाउँ बनाई मलाई ।

'सर, केही खाऊ न !'

उमेर छिप्पिएकीले गिलासमा चाइनिज झोल हाल्दै भनी ।

मैले हात जोडें- 'धन्यवाद तपाईंहरू सबैलाई । बाटो सम्झेर पिउने आँटै आएन ।'

'च्या छहरा कट्न पाए हुने !'

लामाले निकै चोटि भनेका थिए ।

बाटो साह्रै गाह्रो छ । भीरको बाटो कट्न मुस्किल पर्छ । सकेसम्म उज्यालैमा कट्न पाए हुने । यस्तै गनगन गरिरहेथे कन्जोक । उनको गथासोलाई ख्याल गरिरहेकै थिएँ मैले ।

राति हिंड्न मलाई महाभारतै पर्छ । त्यै भएर हिंड्ने नै हो भने बेर पो किन नि !

मै पनि फटाफट लम्केथें ।

घाम डुबुँला-डुबुँला भइरहेछ । पहाडका कुनै कुनामा देखिन्छ घाम । कतै फेरि छायाँ मात्र गीत गाई बस्छ । तिनको लुकामारीले मलाई समयको अन्दाज गर्न सघाएको छ ।

बाटो खिरिलिएर गयो- पश्चिमतिर ।

च्या छहरा गाउँ जाने बाटो छोडेर सानो गोरेटो बाटोतिर दगुर्‍यौं हामी । गाउँ भएर जाँदा झन्डै दुई घण्टा बढ्ता हिंड्नुपर्ने भएकोले जोगिनलाई हामी छोटोतिर लाग्यौं । त्यै छोटोमा पर्थ्यो, सातै जाने भीर छहरा । ककारो खोंच र डोरी समातेर तान्ने कुराले मेरो मुटु हजारबार उफ्रीपाप्री गरिरहेथ्यो ।

बाटो उकालिएर पोथ्रा-पोथ्रैको गोरेटोतिर गयो । एक ठाउँमा बाटो

पहिरिएर निकै मुस्किल पर्‍यो । तै कसो-कसो जुक्ति निकाले लामा र थापाले । पोथ्रा समात्ने लामा, लामाका हात थापाले समाते । थापालाई मैले समातें । अनि पहिरो छिचोलियो ।

निकै माथि पुगेपछि भेंडाका बथान भीरैभरि थिए । भेंडाभन्दा अझै मास्तिरको पाखोमा थिए चौंरीका बगालै ।

म भेडा हेरेर मस्तै भएँ ।

अलिक अघि पुगेका थापाले चिच्याए- 'छिटो-छिटो बाटो कट्नु !'

मैले केही बुझिनँ । किन यी आत्तिएका होलान् । न भीर छ, न पहिरो । न कुनै रूखपात ढलेको छ, न कुनै हावाहुरी छ । मस्तले भेंडा चरेका छन् । पहाडका चुचुरातिर चरिरहेका सुकिला भेडा हेर्न किन नदिएका यिनले ?

'छिटो है छिटो !'

उनी कराउन नछोडेपछि मै नि कुदें ।

भेडा छेलिएर कोल्टिएको गोरेटोमा उनी सुस्ताइरहेका भेटिए ।

'चरिरहेका भेडा यताउता गर्दा ढुङ्गा खस्छ । एउटा खसेको ढुङ्गाले अर्को तान्छ, अर्कोले अर्कोलाई तान्छ । त्यै भएर मैले कुदाएको ।'

थापाले भनेपछि बल्ल घैंटामा घाम लाग्यो मेरो ।

मैले बल्ल पो लामो सास फेरें । दम फुलेभन्दा धेरै सास बढ्यो अहिले पो ।

बाटो निकै अप्ठ्यारो थियो । ठाउँ-ठाउँमा पानी जमेको । ढुङ्गाको उबडखाबड । घाँसे लहराको अल्झोबिल्झो । भीरैभीरको ताँती । मास्तिरका ढुङ्गाले निधार ताछ्ने । टाउको दर्फराउने गरी मुख बाइरहेका थिए ।

'हत्तेरिका, हुम्लाको हैरानी त याँ पो !'

म एक ठाउँमा पछारिँदा बोल्न पुगें ।

ओरालीमा खुट्टाले भर पाएन । तै हातले राम्रै टेके । जिउ बज्रिन पाएन चर्कोसँग । अब चैं थापाले छोडेनन् ।

'पानी मात्र खाँदा त यस्तो । लाग्ने पानी खाएकाले के गरी कट्लान् भरे ।'

अघिका रूपसी र तिनको खान्गी सम्झेर भनें मैले ।

लामा र थापा मस्तले हाँसे ।

'तन्नेरीले दुवैलाई बोकेर तार्ला कि ।'

हरे-हरे मै पो पिरोलिन थालें ।

कर्णाली एकदमै नजिकै आइपुग्यो । छुँला-छुँला जस्तो । त्यसको चिसोले अनुहारै धोइदेला जस्तो ।

अलि-अलि पानी पनि छिट्यायो ।

अरूले छाता खोले । मैले खोलिनँ । तालु सेकियोस् चिसोले । ढाडमा पसिनाकै खोलो नि थियो ।

'ऊ गाउँ- च्या छहरा !'

लामाले मास्तिर देखाए ।

च्यादुक पुगेछौं । ३-४ घर थिए । तातो चिया सुर्काएर हामीले बाटोबारे सोध्यौं ।

'मास्तिर जानु । सकिन्छ ।'

भरियाले नि भने । फेरि गाउँ नजाने, सोभै जाने मन हामीले बनायौं ।

भीरैभीर छ । हरियोको रजगजी त्यत्तिकै छ । छाँगाछुर भीर मास्तिर १/२ घर देखिए भुलुक्क ।

कति अप्ठ्यारो बाटो । खच्चडको लिदीदेखि पानीको रैंदालो । चिप्लो ढुङ्गामा हरिया घाँसका बुट्यानको तुजुग त्यत्तिकै । चिल्ला ढुङ्गामा जुत्ताले टेक्ने राम्रो डोब नि छैन । ओहो आपतमाथि महाआपत ।

फेरि शरीरै लठ्याउने फूलको बास्ना ।

घनघोर अल्मलिएँ म त ।

यै फूलको औंधी महकिंदो भीरमा उभिएर पानी घुट्काएँ । च्या छहरा गाउँ हरायो । सेतो भुँइ कुहिरोले ध्वाप्पै छोप्यो ।

'बाटो कस्तो छ बड्डा ?'

खच्चर धपाउनेलाई लामाले सोधे ।

'मु त्यतैबाट आया हुँ !'

उसको उत्तरले आँट दियो मनमा ।

एक घण्टा नाघेछ- तल गाडपारिबाट उक्लिंदा । मैले घाम हराएको ख्याल गर्दै समयको नापजोख गरें ।

बाटैमा एउटा निलो तिर्पाल टाँगेको देखियो । आडैमा आगो फुकिरहेको एउटा जब्बर केटो आलु काटिरहेथ्यो ।

'यी बाटो बनाउनेहरू !'

थापाले देखाए ।

मैले कर्णालीको भेल हेरें । मास्तिरको भीर हेरें । पहरो छेउकै अगेनो हेरें । भान्सामा चुलेसी चलाइरहेको तन्नेरीको अनुहार पढें ।

भोकले मानिसलाई कहाँ-कहाँ पुऱ्याउने होला ?

ओरालो निकै भरेपछि तेर्छो भेटियो । यहींबाट सुकिलो छहरा माथि भीरबाट छङछङाइ रहेको देखियो । तीन वटा छहरा १०/१५ मिनेटको दूरीमा गडगडाएका देखिए । अघिल्ला दुई छहरा नजिकै थिए । पछिल्लो अलिक पर गर्जेर खसिरहेथ्यो कर्णालीमा ।

यहाँ निकै डरलाग्दो थियो बाटो । ठूलो अक्करे भीर थियो । त्यहाँ खुड्किलो

बनाएर उता छहरा पुग्नेसम्म बाटो थियो । छहरा तर्न मुस्किल देखियो । छहरा तरेपछि पनि मास्तिरको भीर खसेर खुट्टा नअडिने स्थिति टुप्लुकियो । फलामे डोरी र लठारो समात्दै छहरा नाघ्नु पर्थ्यो । छहरा थियो निकै बलवान ।

छहराबाट चिप्ले एकैचोटि हुम्ला कर्णालीमा पुगेर बगिन्थ्यो ।

ती सबै हालतमा मैले चेप, छहरा नाघ्ने आँट गरिनँ । म लगलग कामेँ । अझ मैले त धेरैबेर तलको कर्णालीमा मिसिइरहेको छहरा हेरिरहन नि सकिनँ ।

'सकिन्छ कि ?'

लामाले जोस्याए ।

तर ढुङ्गा फोरेर बाटो बनाइरहेका ५/६ जना कामदार थिए । तिनैले भने- 'मास्तिरको बाटो जानु !'

अगाडिको छहरा नाघेर पछिल्लो छहरा छेउमा आएर अरगज्ज भएथेँ म । भीर र ढुङ्गैढुङ्गाको साँघुरो उकाली बाटो निकै डरलाग्दो थियो । त्यै भीरमा अलिकति कुरो नमिले ज्यान बग्न पुग्थ्यो-तल हुम्ला कर्णालीको अनगिन्ती लहरमा ।

लामाले नि खुट्टो कमाए ।

अनि छहरा मास्तिरको बाटो हामीले रोज्यौं । यो निकै कहालीलाग्दो थियो-ढुङ्गैढुङ्गाको उबडखाबड । घुम्ती र मुस्किलले खुट्टा टेक्न मिल्ने थियो साँघुरो गोरेटो । त्यसमाथि घोडा, खच्चडका लिदीले ढुङ्गा थिए चिप्ला न चिप्ला ।

तल उर्लिरहेको हुम्ला कर्णालीको डरलाग्दो छाल, मास्तिरको छहराले मन अत्याइरहेथे । अगाडि लामा र पछाडि थापाले तान्दै, ठेल्दै र चेप्दै मलाई माथि थाप्लामा पुऱ्याए । मैले मनमनै सोचेँ- 'अब घुमफिर घटाउनु पर्ला !'

अघिल्ला छहरा नाघे लगत्तै पछाडिको छहरा नाघ्न झन् डरमर्दो थियो । ओराली, अप्ठ्यारो बाटो, चुच्चे र ढुङ्गे चट्टान, खुर्मुरिएर हिँड्नुपर्ने अनेकौं कष्टसँगै म मास्तिरबाट हुतहुताएर झरेको झर्नामा पुगेँ । तै त्यहाँ ठूला-ठूला ढुङ्गा तेर्स्याएर फड्को हाल्न सघाइएको थियो ।

छहरा नाघे लगत्तै पारिको भित्तोमा डोजरले माटो खसालेकोले हिंड्ने बाटो झन् डरलाग्दो देखियो । एउटा खुट्टो पनि राम्रोसँग नटेकिने ठाउँ थियो । त्यो यस्तै ३/४ मिनेट हिंडेर डोरी समातेर उक्लेपछि खड्गो काटिन्थ्यो ।

एउटा नाम मात्रको बुटोले डोरी भए ठाउँमा अड्याइएको थियो । थोरै मात्र कुरो बिग्रे यहाँबाट चोला उठथ्यो ।

मैले झोला हलुका पाराले च्यापेर भीरमा खुट्टा राखेँ । छहरा र कर्णालीतिर हेर्दै हेरिनँ । अनि मुटुको

चालमा खुट्टा हिंडाएँ । लामा र थापा अघिपछि थिए । देब्रे-दाहिने केही नहेरी सुइँ सुइँ लम्कें म ।

असाध्यै हलुका पाइला चालेर भीरैभीर हिंडे । डोरी अड्याएको ठाउँमा शरीर झनै फूलको थुँगो जस्तो हलुक्याएँ । अनि डोरी च्याप्प समातेर लुइँलुइँ गएँ ।

'झोला-झोला' भन्दै थिए थापा । म फट्ट गएर मास्तिर पुगिहालें ।

निकै माथि पुगेर पो मैले लामो सास फेरें ।

कालको मुखबाट आफ्नो ज्यान थुतेको खुसी, आनन्दी र रमाइलो ठानें मैले । शरीरमा एउटा छुट्टै उज्यालो सर्सरायो ।

'फर्किंदा त बरू डेढ घण्टा लागोस् । अर्कै बाटो जाने है । यो खुकुरीको धारमा नहिडुं ।'

मैले बल्ल फर्केर हेरें । अनि भनें बाटो हेर्दै ।

थापा र लामा मुसुक्क हाँसे ।

उनीहरूका लागि यो केही थिएन । उनीहरूका निम्ति यो कुनै कठिनाइ थिएन । उनीहरूका लागि यो त्यस्तो ठूलो विपत्ति नि थिएन ।

अनि तेर्पे बाटो पसारियो । ढुङ्गा खनेको मात्र मिलाइएको थिएन । निकै सास्तीसँग ढुङ्गेनी ओराली आयो । निकै लाग्यो कर्णालीको तीर नाघ्न ।

साँझ पर्दै गयो ।

जाडो पनि बढ्दै गयो । कुइरोले घेर्दै-घेर्दै ल्यायो । पहाडहरू अलिक काला हुँदै गए । नदी पनि कालो रेखाको जस्तो होला झैं भयो ।

मैले सबै कुरा छोडिदिएँ ।

'राम्रोसँग सुत्न पाए भो आजलाई !'

मनमा यत्ति खेलाएको छु ।

ओरालीका ३/४ कुइनो नाघेपछि रमाइलो फराकिलो बाटो देखियो । दुई वटा कालाम्मे पहाडको माझमा छ बाटो । बाटोसँगै कर्णालीको गड्गडाहट छ । कर्णालीसँगै ठडिएको पहाडका थाप्लामा हिउँको लदाबदी छ ।

खोंच र कुनामा हिउँ थन्किएको र त्यही थन्काइमा बोटबिरूवाले मुन्टो उठाएको देख्दा जीवन लडाइँको कुरा खेलिरहे मनभरि ।

बाटो बन्दै यता आएको रहेछ । हिल्साबाट ठाउँ-ठाउँमा बाटो बन्दै आइरहेको रहेछ सिमकोट । एउटा खण्ड रोकिएको रहेछ- यही छहरामा ।

झमक्कै साँझ पऱ्यो ।

'यतै बस्ने रात ?'

एउटा छाप्रे घरमा लामा पसे ।

'अझै एक घण्टा हिंड्न सक्छु । अझै पर जाने भए नि हुन्छ ।'

मैले भनें ।

त्यसपछि हामी लम्कियौं ।

बाटो बढ्दै जान्थ्यो । चिनियाँ तिर्पालमा राखिएका पसल नि सर्दै जान्थे । त्यही हालत यहाँ पनि भइरहेथ्यो ।

बाटोमा देब्रे-दाहिने ४-५ तिर्पाल गाडिएका थिए ।

'यी बजार हुन् !'

चिनाए लामाले ।

हामी लम्किरह्यौं ।

ढाँड केर्मी पुगेपछि एउटा अलिक फराकिलो, ठूलो घरमा पस्यौं । लामाले यतै बस्ने निधो गरेको लाग्यो ।

बाटो तल ३/४ स्याउका बुटा थिए ।

लामाले देखाए- 'अचेल काग र अरिङगालले स्याउलाई दुःख दिन्छन् । स्याल र भालुले पनि हैरानै पारेका छन् । काग र अरिङगालले ठुँगेको स्याउलाई कमिलाले खाएर झन् दिक्क पारेका छन् ।'

मैले स्याउका समस्या सुनें ।

घरभित्र तातो खोज्दै पस्यौं ।

छिरिङ दोर्जे तामाङको घर रहेछ ।

त्यहीं बस्ने निधो भयो । भित्र थन्कायौं झोला । नुहाउन पसेको म चिसो पानीले आँखा, ओठ र कान पुछपाछेर फर्किएँ ।

भान्सामा राति अबेरतिर अघिको 'मदमय रूपसी' टोली आइपुग्यो । उनीहरू नि हामी बसेकै छाप्रोमा बास माग्दै आइपुगेथे ।

म नि लामासँग ल्हासाको फिँजे पानीमा रमाइरहेथें । जाडो, थकाइ र भोकले गलेर टोली आएर जोडियो । उनीहरू आउनासाथ गिलासमा तातो-चिसो भर्न थालिहाले ।

अधबैंसे सोनामकी छोरी रहिछ त्यो रूपवती । पेमा, तन्नेरी केटो लामा पढ्न गएको रहेछ-धर्मशाला । अधबैंसेले छोरी निमाको बिहे गराउन धेरै वर्षपछि गाउँ आएकी रहिछ । आमा मरेपछि चौंरी हेर्न गाह्रो भएर रूँदै खबर पठाएपछि धर्मशालाबाट भागेर आएको रहेछ जुल्फे तन्नेरी ।

बाटैमा चिनाजानी भएर यी तीन जना याल्बाङ आएका रहेछन् । उनीहरू एउटै गाउँका थिए ।

मैले यी तीनै जनाका मन आफ्नै तालमा पढिरहें । जीवनका गुजुल्टा कति धेरै । यता फुकाए, उता नमिल्ने । उता मिले-यता गुजुल्टो पर्ने ।

भात खान लाग्दा निरास ड्राइभर पस्यो ।

'आज वडा अध्यक्षको कुटाइ खानु पऱ्यो !'

ऊ रिसाइरहेको थियो ।

उसलाई सम्झाउनेहरूले भनिरहेका थिए-'आठ लाख तिरेर चुनाव जित्नेको बुद्धि यहाँभन्दा पारितिर काँ पो हुन्छ !'

पल्लो टेबलमा एउटा इन्जिनियर थियो । वल्लो कुनामा सोलुको नोर्बु शेर्पा ठेकेदारका समस्या सुनाइरहेको थियो ।

म एक-एक गरी सम्झिरहेको छु-पेमा, नवाङ निमा, सोनाम । त्यस्तै ठेकेदार नोर्बु, ड्राइभर, वडा अध्यक्ष ।

भातका गाँस-गाँसमा यी सबैलाई सम्झी रहेको छु ।

भान्सामा सबै चिनियाँ सामान छन् । नुन, मसला, बियर, चामल, तेलका डब्बा, वाइन र आगो बलिरहेको चुलो समेत ।

'सबै सामान चिनियाँ !'

दोर्जीले भने ।

'यताका केही छैनन् !'

'यारी, लिमेतिर किन्न जानु पर्छ । उता ताक्लाकोटसम्म पुग्नु पर्छ । बाटो अप्ठेरो छ । छ मैना अघि नै किनेर ल्याउनु पर्छ । युआन महँगो छ हाम्रोभन्दा । हिउँ परेर बाटो सधैं बन्द हुन्छ ।'

दोर्जीले फरर्र भने ।

'मेरो त समस्यै छ । स्कुलको सर्टिफिकेटमा लामा छ, नागरिकतामा तामाङ छ । ताक्लाकोट जाँदा बनाएको । अहिले दुईटा थर हुनाले साह्रै अप्ठेरो भएको छ ।'

उनको समस्या सुनिरहेको छु ।

वर्षको एक चोटि बालीनाली भित्र्याउन, घर बनाउन र काठको काममा हुम्लीलाई कामदारको रूपमा डाक्दा रहेछन्- चिनियाँहरूले । कमाइकै बाटो यत्ति नै रे हुम्लीको ।

राति सुत्ने बेलामा नि झिँगाले औधी सताए । मुख थुने सास फेर्न गाह्रो । लुगा हटाए मुखबाट झिँगाले टोकेर हैरानै । मेरो निद्रा पूरै कचपल्टियो ।

सुत्ने बेलामा दोर्जीले रातो-रातो गलैंचा मेरो ओछ्यानमा ओछ्याउँदै भनेथे- 'यो हजुर बाको पालाको कार्पेट । मान्ने गुन्नेलाई म ओछ्याइदिने गर्छु ।'

उनी कार्पेट राखेर गए ।

उनको माया र मान महँगो भो मलाई ।

त्यो गलैंचा बिछ्याएर म रातभरि सुत्नै सकिनँ । ♦♦

# नेपालमा ग्रामीण ऋणको अवस्था तथा समस्या र सुझाव



✍ गम्भीरबहादुर हाडा

देशको समष्टिगत आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्र अधिकांश जनताको जीवनयापनको साधन रहेको छ । नेपालको परिप्रेक्ष्यमा आय तथा रोजगारी अभिवृद्धिको प्रमुख आधार र कुल गार्हस्थ उत्पादनको प्रमुख स्रोतको रूपमा कृषि नै रहेको छ । नेपालमा ७५ प्रतिशत मानिसहरू कृषि व्यवसायमा लागेका छन् । आर्थिक विकासको प्रारम्भिक चरणमै रहेको नेपाल जस्तो मुलुकमा कृषि क्षेत्रको विकास भएमा नै आम जनताको आयमा वृद्धि भई औद्योगिक क्षेत्र तथा गैर कृषि क्षेत्रको लागि आन्तरिक बजार विस्तार हुने हुँदा पनि कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिनु जरूरी देखिन्छ ।

कृषि क्षेत्रमा रहेको अल्प विकसितताको चक्र समाप्त गर्न समेत यस क्षेत्रको बजारमुखी विकास र व्यावसायीकरण गर्नु आवश्यक छ । निर्यात प्रबर्द्धन, औद्योगिक विकास तथा रोजगारीका अवसरहरूको अभिवृद्धिमा यस क्षेत्रले उल्लेखनीय भूमिका निर्वाह गर्न सक्ने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

ग्रामीण ऋण प्राप्त गर्नु एक अनिवार्य आवश्यकता हो । निकोल्सन (Nicholson) को विचारधारा अनुसार 'रोमदेखि स्काटलैण्ड सम्मको कृषि इतिहास यस कुराको साक्षी छ कि कृषिको लागि ऋण लिनु आवश्यक छ । देशको परिस्थितिहरू, भूमि अधिकार अथवा कृषिको अवस्था यस महान तथ्यलाई अलिकति पनि प्रभावित गरिँदैन कि कृषिको लागि ऋण लिनु आवश्यक छ । नेपालमा कृषि क्षेत्रको समुचित विकास गर्नको लीग पर्याप्त पूंजीको आवश्यकता महसुस गरिएको छ । समयमा र चाहिएको मात्रामा पूंजीको अभाव भएर यस देशको कृषि क्षेत्रले विकास गर्न

नसकेको हो भन्ने कुरामा कसैको दुईमत हुन नसक्ला । कृषि क्षेत्र एक निरन्तर चलिरहने व्यवसाय हो । यसको व्यवसाय सञ्चालन गर्नु अगाडि, सञ्चालन गरिरहँदा र सञ्चालन पछि पनि पूँजीको आवश्यकता परि नै रहन्छ । त्यस्तो आवश्यकता धेरै छिटो अवधि देखि लिएर लामो लामो अवधि सम्म पूँजीको आवश्यकता परिरहन्छ । कृषि क्षेत्रलाई यसको प्रकृति अनुसार विभिन्न चरणमा आवश्यक पर्ने आर्थिक सहयोगको आवश्यकता परिरहन्छ । कृषि क्षेत्र एक निरन्तर चलिरहने प्रक्रिया भएकोले र अधिकांश जनता कृषि पेशामा संलग्न रहेको र तिनीहरू गरिब भएकाले कृषिलाई उपलब्धिमूलक बनाउनको लागि खेती लगाए देखि बाली भित्र्याउने बेलासम्म र कृषिलाई संरक्षण र सम्बर्द्धन गरिरहन र जीवन धान्नको लागि समेत कृषि ऋणको आवश्यकता रहन्छ ।

असंगठित स्रोतलाई निजी स्रोत (Private Source) पनि भन्ने गरिन्छ । कृषकहरूले आफ्नो व्यवसाय सुचारू रूपले सञ्चालन गर्न प्रारम्भदेखि नै निजी स्रोतको रूपमा साहु महाजनहरू, जमिन्दार, नातेदार, व्यापारी आदिबाट साखको रूपमा ऋण लिइरहेको पाइन्छ । संस्थागत स्रोतको अभावमा र सजिलै रकम पाउन सकिने भएकोले कृषकहरू बढी ब्याजदरमा भए पनि यस्ता वर्गबाट ऋण लिन बाध्य भएका छन् । यो स्रोत जतातत्तै सानो ठूलो जुनसुकै स्तरमा भए पनि ऋण दिने ब्याजदर पनि निश्चित नहुने भएकोले यो स्रोतलाई असंगठित स्रोत (Unorganised Sources) पनि भनिन्छ । ग्रामीण क्षेत्रमा कृषि ऋण आपूर्तिमा साहुमहाजन (Money Lenders) को प्रधानताका कारणहरू खास गरेर यस प्रकारका छन् :-

(१)कृषि ऋण संस्थाहरूको अभाव

(२)साहु महाजनहरूलाई किसानहरूको बारेमा बढी जानकारी

(३) कुनै पनि बेला ऋण दिने काम

(४) साहुमहाजनको नियम ज्यादै सरल रहनु।

साहुमहाजनको काम गर्ने समय निर्धारित हुँदैन । कुनै पनि बेला आवश्यक परेमा किसानहरू ती साहुमहाजनसँग ऋण लिने काम गर्न सक्तछन् । साहुमहाजनहरू त्यसै गाउँको निवासी भएको हुनाले उनीहरूलाई किसानहरूको बारेमा बढी जानकारी हुन्छ । साहुमहाजनहरूले धितो नलिएर पनि इमान्दार किसानहरूलाई कर्जा दिने काम गर्दछन् ।

साहुमहाजनहरूको नियम ज्यादै सरल हुन्छ र साहुमहाजनहरूले कुनै पनि कार्यको लागि उत्पादक होस् अथवा अनुत्पादक होस् दुवैलाई ऋण दिने काम गर्दछन् ।

नेपाल जस्तो विकासोन्मूख देशको लागि यहाको अर्थतन्त्रको उत्थान गर्नको लागि विदेशी पूँजी तथा अनुदानको पनि त्यतिकै महत्वपूर्ण योगदान रहन्छ र रहेको पनि देखिन्छ । यी विदेशी स्रोत व्यक्तिगत वा संस्थागत दुवै हुन सक्ने भए तापनि हाल बढी संस्थागत रूपमा संस्थालाई नै कर्जा तथा अनुदान दिने चलन छ । विदेशी संस्थाले नेपाली संस्था वा फर्मलाई पूँजी उपलब्ध गराई दिने र यही संस्थाले नेपाली कृषकलाई कर्जा दिने प्रचलन रहेको पाइन्छ । यस अन्तर्गत निजी लगानीकर्तादेखि लिएर विदेशी मित्र राष्ट्रहरू र अन्तर्राष्ट्रिय संस्थाहरूले पनि कृषि विकासमा सहयोग पुऱ्याएका छन्, जस्तैः भारत, अमेरिका, स्वीजरल्याण्ड, इजरायल, जापान, जर्मनी, सार्क राष्ट्रहरू र मित्रराष्ट्रहरू तथा एशियाली विकास बैंक अन्तर्राष्ट्रिय विकास संस्था, कृषि तथा खाद्य संगठन, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष आदि प्रमुख स्रोतहरू हुन् । यी स्रोतहरू नेपालका लागि बढी महत्वका र प्रभावकारी पनि मानिएका छन् ।

संगठित स्रोत (Organised Source) अन्तर्गत कृषकलाई ऋण उपलब्ध गराउने सरकारी तबरबाट स्थापित तथा संचालित निकायहरू पर्दछन् । नेपालको सन्दर्भमा सहकारी संस्थाहरू, कृषि विकास बैंक, नेपाल राष्ट्र बैंक, नेपाल सरकार तथा विदेशी लगानीकर्ताहरू पर्दछन् । नेपालमा संगठित स्रोतबाट प्राप्त हुने कर्जाको लागत वा ब्याज असंगठित स्रोतबाट लिइने कर्जको ब्याज भन्दा कम हुन्छ । विभिन्न प्रकारका संस्थाहरूको स्थापनाको मूल अवधारण कृषि व्यवसायलाई उत्पादनमूलक र प्रभावकारी बनाउन पूँजीको व्यवस्था संस्थागत रूपमा गरिदिनु रहेको छ । फलस्वरूप कृषकले कर्जाबाट हुन सक्ने शोषणबाट मुक्ति पाउनको साथै उत्पादन बढाउन सक्ने पनि हुन सक्छ । सहकारी संस्थाको उद्धेश्य आफै संलग्न भएर पूँजी जुटाउनु रहेको छ भने कृषि विकास बैंकको सस्तो ब्याज दरमा निहित क्षेत्रमा कर्जा प्रभाव गर्नुको साथसाथै प्राविधिक सहयोग प्रदान गर्नु पनि उद्धेश्य रहेको हुन्छ । यो संस्थागत स्रोतलाई कुशल व्यवस्थापन दिन सकियो र कृषकलाई पनि संस्था विशेषबाटै कर्जा लिन प्रेरित गर्न सकियो भने स्रोत ज्यादै भरपर्दो

र व्यावहारिक मानिन्छ ।

नेपालको कृषि विकास गर्न वित्तीय साधन स्रोत जुटाई किसानहरूलाई आधुनिक कृषिमा प्रेरित गर्ने उद्धेश्यबाट स्थापित कृषि विकास बैंकको स्थापना कृषि विकास बैंक ऐन २०२४ अनुसार भएको छ । यस ऐन अनुसार यसका कार्यहरूको पनि व्यवस्था भएको पाइन्छ । कृषि विकास बैंकका कार्यहरू ऋण प्रदान गर्ने, कृषि साधनहरू उपलब्ध गराउने, बैंकिङ्ग सेवा उलब्ध गराउने, कृषि उद्योगमा लागनी गर्ने, साना-साना उद्योगको लागि साख उपलब्ध गराउने, उपभोक्ता साख उपलब्ध गराउने, सामूहिक उत्तरदायित्वमा ऋण प्रदान गर्ने, पूँजी संकलन गर्ने आदि रहेका छन् । कृषि विकास बैंकले हालसम्म ३ प्रकारले ऋण दिने गरेका छन् : (१) छोटो अवधिको ऋण । यो ऋण बढीमा २४ महिना सम्मका लागि प्रदान गरिन्छ । खाद्यान्न तथा नगदे बालीहरूका लागि यो ऋण प्रदान गरिन्छ । (२) मध्यम अवधिको ऋण । यो ऋण २ वर्ष भन्दा बढी १० वर्ष सम्मको अवधिको लागि प्रदान गरिन्छ । यस समूहमा ट्युववेल खरीद तथा जडान, सिंचाइ कुलोहरू पम्पसेटहरू, ट्याक्टर, पावर टिलर्स तथा फार्मसम्बन्धी अन्य यान्त्रिकरणहरू पर्दछन् । (३) लामो अवधिको ऋण सात वर्षदेखि बढीमा बीस वर्षसम्मको लागि यो ऋण प्रदान गरिन्छ । यस समूहमा फार्म विकास तथा गोदाम घर निर्माण, चिया/कफी खेती तथा बागवानी विकासको लागि ऋण प्रवाह गर्न गरिन्छ ।

नेपालको कृषि विकासमा सहकारिताको भूमिका निकै महत्वपूर्ण मानिन्छ । कृषि क्षेत्रमा भएका प्रगति र प्रविधिहरूलाई गाउँस्तरसम्म पुऱ्याउने एक मात्र सक्षम र समर्थ संस्था सहकारितालाई नै मानिन्छ । सहकारिताको माध्यमबाट कृषकहरूले कर्जा लिन तथा कृषि उपकरण प्राप्त गर्न टाढा जानु पर्दैन । आफ्नै गाउँमा सहकारिताको माध्यमबाट सेवा प्राप्त गर्न सक्दछन् । सहकारी संस्थाहरू नै कृषकको एक मात्र कृषि कर्जा पाउने, उपकरण पाउने प्रविधि र सेवा प्राप्त गर्ने आफ्नो पहुँचको निकाय हुन सक्छ । जसले गर्दा यस्ता सेवा कृषकहरूमा पुऱ्याउन सजिलो हुन्छ । सहकारी संस्थाले कृषकको आवश्यकता थाहा पाउन सक्दछ किनभने यसले आफ्ना सदस्यहरूसँगै कारोबार गर्दछ । यसरी कृषकका आवश्यकता थाहा पाउने हुनाले कसलाई के कति कुन कर्जा वा सामग्रीको आवश्यकता पर्दछ । त्यो

अग्रिम जानकारी पाउनाले कर्जाको सदुपयोग राम्ररी हुन पाउँदछ र सही मानिसले सही काममा कर्जाको प्रयोग गर्ने हुनाले उपलब्धी पनि सकारात्मक नै हुन्छ । प्रारम्भमा सहकारी संस्थाहरूलाई नेपाल सरकारले पूंजी उपलब्ध गराउदथ्यो भने वि.सं. २०१९ सालमा सहकारी बैंकको स्थापना गरी यस बैंकले पूँजी उपलब्ध गराउन थाल्यो । राष्ट्र बैकको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७ /७८ को साउनमा बैंक तथा वित्तीय संस्थाहरूको कृषि कर्जा १.८ प्रतिशतले घटेको थियो । त्यसपछि भने क्रमश बढ्दै मंसिरसम्ममा १२ प्रतिशतले वृद्धि भएको छ । मंसिरसम्ममा बैंकको साढे २ खर्ब रूपैया कृषि कर्जा प्रवाह गरेका छन् । राष्ट्र बैंकले बैंकहरूलाई २०८० असारसम्ममा कुल लगानीको १५ प्रतिशत कृषिमा गर्न निर्देशन दिएको छ । निर्देशन अनुसार बैंकहरूले २०७८ असारसम्ममा ११ प्रतिशत, २०७९ असारसम्ममा १३ प्रतिशत लगानी कृषिमा गर्नुपर्छ । यस अधिका बैंकहरूले कुल लगानीको १० प्रतिशत मात्र कृषिमा गर्नुपर्ने सीमा निर्धारण गरिएको थियो । यता संघीय सरकारले पनि कृषि ऋणको ब्याजदरमा अनुदान दिँदै आएको छ । सरकारले कृषि ऋण लगायतका सहुलियत कर्जामा ५ प्रतिशत ब्याज अनुदान दिने व्यवस्थाले पनि कृषि ऋण बढिरहेको छ । नीतिगत प्रावधान र व्यवसायिक कृषिमा युवाहरूको आर्कषणको कारण कृषि क्षेत्रमा लगानी वृद्धि हुँदै गएको छ । कृर्षिमा अनिवार्य लगानी गर्नुपर्ने प्रावधान र ब्याज अनुदानका कारण लगानी बढेको छ । ब्याज अनुदानमा प्रदान हुने कर्जाहरूमध्ये कृषि तथा पशुपंक्षी व्यावसाय कर्जा अन्तर्गत मंसिरसम्ममा बैंकहरूले ३० हजार ८ सय ७ ऋणीलाई ६८ अर्ब ६९ करोड कर्जा लगानी गरिएको देखिएको छ । बैंकहरूको क्षेत्रगत लगानी विश्लेषण गर्दा मंसिरमा कर्जाको वृद्धिदर सबैभन्दा उच्च उपभोग्य क्षेत्रमा छ । यस क्षेत्रको कर्जा ११ प्रतिशतले वृद्धि भएको छ । सुनचाँदी मुद्धती रसिद, ऋणपत्र धितोको साथै केडिट कार्डमा बैंकहरूले एक खर्ब ८ अर्ब लगानी गरेका छन् । ऋणको प्रयोजन खुलाउन नपर्ने भएका कारण सर्वसाधारणले दैनिक आवश्यकताका लागि यस्तो प्रकृतिको कर्जा लिने गरेका छन् ।

**कृषि विकास बैंकले सरकारी तथा गैरसरकारी संस्थाहरूसँग गरेका सम्झौता**

कृषि विकास बैंकले विशेष गरी यस विभागको पहलमा हालैका दिनमा विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग मूलतः कृषि र पशुपालन,

व्यवसाय कर्जा, ब्याज अनुदान प्रवाहीकरण, बाली र पशु संरक्षण कार्य वृत्तिय साक्षरता कार्यक्रम आदि गर्ने गरी निम्नानुसारका संस्थाहरूसँग द्विपक्षीय सम्झौता सम्पन्न गरेको छ । कृषि विकास बैंकले विगत ३० वर्षदेखि कृषि र पशु सहकारी वा समूहमा आबद्ध साना कृषकहरूले पालेका पशु तथा लगाएको खेतीबालीमा हुन सक्ने क्षति न्यूनीकरण गर्ने हेतुले पशु तथा बाली संरक्षण (बिमा) कार्यक्रम सञ्चालन गर्दै आएको छ । सो का लागि बैंकले कार्यविधि पनि बनाएको छ र सो कार्यक्रम कृषिबीच लोकप्रिय पनि छ । लोकप्रिय हुनुको कारण यो छ कि अन्य बिमा कम्पनीहरूले तिरेको बिमामा तिरेको प्रिमियम क्षति नभएको अवस्थामा कम्पनीले आम्दानीको रूपमा लैजान्छ भने बैंकले गर्ने बिमामा कृषकले तिरेको प्रिमियम क्षति नभएको अवस्थामा कृषकहरूले खोलेको खातामा नै रहन्छ । वर्षेनी बढ्दै रहन्छ र सो रकम कृषक समूहले विभिन्न आयमूलक कार्यमा लगाउने गर्दछ । यो कार्यक्रम सञ्चालन गर्न हरेक वर्ष बैंकले नेपाल सरकारबाट बजेट प्राप्त गर्दछ ।

**कर्जा विस्तारमा बैंकको प्रमुख चुनौती**

कृषि विकास बैंकले उल्लेखनिय रूपमा कर्जा विस्तार गर्न नसक्नुमा रहेका चुनौतीहरू निम्नानुसार रहेका छन्:-

१. बैंकको हालको स्रोत लागत प्रतिस्पर्धी बैंकहरूको तुलनामा बढी छ । जसका कारण Base Rate १०५ माथि पुगेको छ । Base Rate कम गर्न लागतको स्रोतको निक्षेप आवश्यकता छ ।
२. बढी लागतको निक्षेप ५५५ माथि छ ।
३. कर्मचारी खर्च बढ्दो छ ।
४. शेयर होल्डरहरूको अपेक्षा बढी Divident को आशा बढ्दो छ ।
५. ब्याजको प्रतिस्पर्धाले राम्रा ग्राहक पलायन भई रहेका छन् । बैंकहरूको मर्जरको कारणबाट प्रतिस्पर्धा चर्को छ ।
६. नेपाल राष्ट्र बैंकको निर्देशन कडा रूपमा आइहरेको छ ।

आर्थिक वर्ष २०७६/७७ का लागि राष्ट्र बैंकले तोकिदिएको निर्देशन पालना गर्नको लागि पनि २७ वाणिज्य बैंकले कृषि क्षेत्रमा मासिक करिब सवा ५ अर्ब रूपैयाँ कर्जा लगानी गनुपर्ने भएको छ । गत असोजसम्म बैंकहरूको कुल कर्जाको साढे ९ प्रतिशत ८८ अर्ब रूपैंया लगानी कृषिमा छ । बाँकी ९ महिना वाणिज्य बैंकले थप करिब साढे ४५ अर्ब रूपैयाँ कृषि कर्जा प्रवाह गर्नुपर्ने देखिन्छ । जस अनुसार वाणिज्य बैंकहरूले मासिक करिब सवा ५ अर्ब

रूपैयाँ कृषि कर्जा प्रवाह गर्नुपर्ने हुन्छ। गत असोजसम्म वाणिज्य बैंकहरूको कुल लगानी ३० खर्ब ३५ अर्ब रूपैयाँ छ । असोज यता पनि बैङकहरूको कुल लगानी बढेको छ । लगानी बढे अनुसार बैंकको कृषि कर्जामा प्रवाह गर्नुपर्ने रकम पनि बढेको छ। मौद्रिक नीतिको त्रैमासिक समीक्षा मार्फत राष्ट्र बैंकले कृषि कर्जा प्रवाहको लागि समय सीमा तोकिदिएको हो । यस अघि मौद्रिक नीति मार्फत २०८० सम्म कृषिमा लगानी गनुपर्ने न्यूनतम सीमा मात्र तोकिदिएको थियो । निर्देशन अनुसार तोकिएको क्षेत्रमा कर्जा प्रवाह नगरे राष्ट्र बैंकले कारबाही गर्ने प्रावधान छ । २०७८ असारसम्म वाणिज्य बैंकहरूले कुल कर्जा न्यूनतम ६ प्रतिशत लगानी उर्जा क्षेत्रमा गर्न राष्ट्र बैंकको निर्देशन छ। यस अनुसार २०७९ असारसम्म ७ प्रतिशत, २०८० असारसम्म ९ प्रतिशत र २०८१ असारसम्म १० प्रतिशत रकम उर्जा क्षेत्रमा प्रवाह गनुपर्नेछ । गत असोजसम्म वाणिज्य बैंकहरूको कुल कर्जाको ५.६ प्रतिशत लगानी उर्जा क्षेत्रमा छ ।

साना किसानहरूको सामाजिक तथा आर्थिक स्थितिमा सुधार ल्याउने उद्धेश्यले आ.व. २०३२/३३ देखि साना किसान विकास कार्यक्रम लागु गरिएको हो । साना किसान विकास आयोजनालाई राष्ट्रिय स्तरबाट सञ्चालन गर्नु कृषि विकास बैंक कार्यकारिणी निकायको रूपमा रहेको छ। साना किसान विकास कार्यक्रमलाई कार्यान्वियन गर्न ल्याउन गाउँस्तरमा साना किसान विकास आयोजना कार्यालयहरू स्थापना गरिएका छन् । यी कार्यालयहरूले किसानहरूका सामाजिक, आर्थिक, क्रियाकलापहरू तय गरी कार्यान्वियन गराउन कार्यकारी निकायको रूपमा काम गर्दछन् । कृषि विकास बैंकले साना किसान विकास आयोजना कार्यालयहरू मार्फत साना किसानहरूलाई ऋण प्रदान गर्दछ । साना किसान विकास बैंकले नेपाल सरकार, साना किसान सहकारी संस्था र साना किसान सहितको संयुक्त सहभागितामा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

किसानहरूलाई अन्य सहायक रोजगारको अवसरको सिर्जना गर्नु पर्दछ र आर्थिक शोषण गर्ने व्यक्तिहरू माथि आवश्यक कारबाही गरिनु पर्दछ र कृषकहरूलाई आर्थिक स्तरमा आत्मनिर्भर बनाउने तर्फ सरकारी प्रयास हुनुका साथै रोजगारीका अवसरहरू सकेसम्म बढाउँदै लैजाने गर्नुपर्दछ । यसको साथसाथै रोजगारी तथा स्वावलम्बन सम्बन्धी कार्यक्रममा विस्तार

गर्नुपर्दछ । यसो गर्न सकेको खण्डमा स्वरोजगार हुन सक्ने उत्पादन बढ्न सक्ने तथा जीविकाको विभिन्न विकल्पको खोजी गर्न किसानहरू सक्षम हुन्छन्। सामाजिक चेतनामा वृद्धि ल्याउनका लागि सामाजिक रूपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरी उनीहरूलाई यसरी नचाहिने खर्च गर्नु हुँदैन भन्ने कुरा सिकाउन सकेको खण्डमा अनावश्यक ऋणको बोझ बढ्नबाट नियन्त्रण गर्न सकिन्छ । कृषकहरूले आफ्ना बचत थोरै थोरै गर्‍यो भने पूँजीको धेरै रकम जम्मा गर्न सकिन्छ । पूँजी विना उत्पादनमा वृद्धि हुन सक्दैन । उत्पादनमा वृद्धि भएन भने कृषकहरूको आर्थिक स्थिति सुध्रन सक्दैन । नेपालमा जनसंख्या वृद्धि तिव्र रूपले हुँदै गईरहेको छ । बसाई सराईको समस्यालाई हटाउनुको साथै विभिन्न उपायहरू अपनाएर जनसंख्या वृद्धि नियन्त्रण गर्ने कार्यमा बढी जोड दिनु पर्छ । कृषकहरूले उत्पादन कार्यमा मात्र ऋण लिने गराउनु पर्दछ र अरू कार्यको लागि ऋण लिने काम हतोत्साहित गर्नु पर्दछ । किसानहरूलाई वर्तमान ऋणबाट छुटकारा दिलाउनु पर्छ ।

अधिकांश ग्रामीण क्षेत्रमा बसोबास गर्ने किसानहरूको हित गर्न सस्तो ब्याज दरमा ऋण उपलब्ध गराउने संस्थाहरूको स्थापना हुनुपर्छ । ग्रामीण क्षेत्रमा व्याप्त गरिबी कम गर्न कृषि तथा ग्रामीण कर्जामा संलग्न सम्पूर्ण बैंक तथा वित्तीय संस्थाले एउटै समन्वय प्रणालीबाट वित्त परिचालन गरी संस्थागत कर्जा उपलब्ध हुने नीतिगत व्यवस्था मिलाई दिनु अति आवश्यक छ । कृषि तथा ग्रामीण कर्जाको अत्यधिक मागको आवश्यकतालाई पूर्ति गर्न विद्यमान बैंक तथा वित्तिय संस्थाहरूको स्रोत पर्याप्त नभएकोले ग्रामीण स्वावलम्बन कोषको रूपमा नेपाल राष्ट्र बैंकमा एक दीर्घकालीन कोषको व्यवस्था गरी वित्त परिचालन गरिनु आवश्यक देखिन आउँछ । यसको साथसाथै विपन्न वर्गहरूमा लघु कर्जाको पहुँच वृद्धि गर्न विद्यमान संस्थागत संरचनामा सुधार गरी ग्रामीण क्षेत्रमा बढी भन्दा बढी लघु वित्तीय संस्थाहरूको माध्यमबाट कर्जा लगानी विस्तार गरिनु अति आवश्यक ठहरिन आउँछ । बैंक तथा वित्तीय संस्थाहरूको कर्जा तथा लगानी अनुत्पादक क्षेत्रबाट कृषि लगायतका उत्पादन क्षेत्रतर्फ केन्द्रित गर्न बैंक तथा वित्तीय संस्थाहरूले कृषि क्षेत्रको लगानीलाई बढाउदै आगामी दश वर्षभित्र कुल कर्जा तथा लगानीको २०.० प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्था गरिएको छ । तोकिएका क्षेत्रमा कर्जा विस्तार अभिवृद्धि गर्ने उद्धेश्यले बढीमा ६ महिनाका लागि असल कर्जाको धितोमा

बैंक तथा वित्तीय संस्थाहरूलाई उपलब्ध गराइने पुनःकर्जाको दायरा फराकिलो बनाई पुनःकर्जा दर घटाइदै लगिएको छ । सो अनुसार यस्तो दायरामा कृषि लगायत तोकिएका अन्य क्षेत्रहरूलाई समेत समावेश गरिएको छ । महिला उद्यमी र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू समेत यसबाट लाभान्वित हुने व्यवस्था गरिएको छ ।

**वर्तमान पन्ध्रौ योजना २०७६-२०८१ मा ग्रामीण विकास तथा ग्रामीण ऋण व्यवस्थापन कार्यक्रम**

**सोच**

**आधुनिक आधारभूत मापदण्ड र पूर्वाधार सहितको ग्रामीण बस्ती लक्ष्य**

ग्रामीण अर्थतन्त्र र सामाजिक विकासमा सघाउ पुऱ्याउने गरी पूर्वाधार निर्माण एव विकास गर्ने,

**उद्धेश्य**

१. सन्तुलित र दिगो ग्रामीण पूर्वाधार विकास गर्नु
२. ग्रामीण जीवनलाई सरल, सहज र उत्पादनमूलक बनाउनु
३. बसाइसराइलाई व्यवस्थित र न्यूनीकरण गर्दे गुणस्तरीय जीवनको प्रबर्द्धन गर्नु ,

**रणनीति**

१. ग्रामीण विकास गुरूयोजनामा आधारित विकास तथा स्थानीय स्रोत साधन र प्रविधिमा आधारित उत्पादनशील पूर्वाधार विकास, व्यवस्थापन र दिगोपनामा प्रथामिकता दिने,
२. आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित हुनेगरी स्थानीय सम्भाव्यताको आधारमा क्षेत्रगत प्राथमिकता निर्धारण गर्ने र ग्रामीण पूर्वाधारको विकासको माध्यमबाट सेवा प्रवाहलाई मितव्ययी र प्रभावकारी बनाउने ।
३. आयआर्जन रोजगारी सुनिश्चितता गर्दै बसाइसराई लाई व्यवस्थित र न्यूनीकरण गर्ने।
४. जोखिमयुक्त बस्तीको व्यवस्थापन गरी नदि किनारा, भीरपाखा र खेतीयोग्य ठाँउमा हुने बस्ती विस्तारलाई निरूत्साहित गर्ने ।

कृषि र जलविद्युत क्षेत्रमा दिईने पुनः कर्जाको एकल दर कायम गरिएको छ । दुग्ध तथा मासुजन्य व्यवसायको प्रबर्द्धन मार्फत भूमि भएका र नभएका दुवैथरि किसानहरूको लागि रोजगारी र आय-आर्जनको अवसर सिर्जना गर्न पशुपंक्षी तथा मत्स्य पालन व्यवसायका लागि समेत उपर्युक्त अनुसारको पुनःकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ । रूग्ण उद्योग, घरेलु तथा साना उद्योग, निर्यातमूलक व्यवसाय र वैदेशिक रोजगारीको लागि तोकिएका वर्गमा

प्रवाह गरिने विशेष पुनःकर्जा व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि प्रक्रियागत सरलीकरण गरिएको छ । विपन्न वर्गमा कर्जाको पहुँच बढाई आय-आर्जन र रोजगारीको अवसर सिर्जना गर्ने उद्धेश्यले मौद्रिक नीति मार्फत वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले विपन्न वर्गमा लगानी गर्नुपर्ने कर्जा अनुपात निश्चित गर्नुका साथै त्यस्तो अनुपातलाई प्रत्येक वर्ष क्रमशः बढाउँदै लैजाने नीतिगत व्यवस्था गरिएको छ । लघु वित्तीय संस्थाहरूले विपन्न वर्गमा प्रवाह गर्ने गरी प्राप्त सापटी रकमलाई बैंक तथा वित्तीय संस्थाहरूबाट ब्याज आर्जनमा उपयोग गर्न नपाइने विद्यमान व्यवस्थाको कडाईका साथ कार्यान्वयन गरिएको छ । समूहमा आबद्ध भएका ऋणी सदस्यहरूलाई बैंक तथा वित्तीय संस्थाहरू मार्फत लघु उद्यम वा लघु व्यवसाय सञ्चालन गर्न सामूहिक जमानी र स्वीकारयोग्य धितोमा प्रदान गरिने लघु कर्जाको सीमा क्रमशः वृद्धि गरिएको छ । यस्तो कर्जा प्रवाह गर्दा "घ" वर्गका वित्तीय संस्थाहरूले कुल कर्जाको एक तिहाईसम्म धितो लिई लघुकर्जा प्रवाह गर्न सकिने व्यवस्था छ । वित्तीय पहुँच एवम् वित्तीय समावेशीकरण अभिवृद्धि गर्ने उद्धेश्यले हालसम्म वित्तीय पहुँच न्यून रहेका क्षेत्रहरूमा "घ" वर्गको वित्तीय संस्था खोल्न विशेष प्राथमिकता दिइएको छ । सबै प्रकारका वित्तीय संस्थाहरूको ग्रामीण क्षेत्रमा पहुँच अभिवृद्धि गर्न सञ्चालन खर्च कम हुने मोबाइल बैंकिङ तथा शाखारहित बैंकिङलगायत आधुनिक प्रविधिका बैंकिङ सेवालाई प्रोत्साहित हुने नीति अवलम्बन गरिएको छ । ♦♦

## मुक्तक



✍ **एच.के.धिताल**

(१)

कहाँ छन् वीर गोर्खाली, विरता पुनः चाहिएको छ  
तयार हुनु देशको लागि तातो खुन चाहिएको छ  
हाम्रो राष्ट्रियता माथि पराईले धावा बोल्दै छ रे  
त्यसलाई परास्त गर्न लाखौं अर्जुन चाहिएको छ

(२)

कहिले आउँछ होला जिन्दगीमा सुख भन्दाभन्दै  
यी हातका औंला पिढीमा बसी दिनभर गन्दागन्दै  
समय बिती गयो रहरहरू मरी गए अधुरै रहे सब  
यस्तै नियती घर पनि ढल्दो रैछ दुःखीको बन्दाबन्दै

# सपनाको अवसान



✍ **बद्रीप्रसाद ढकाल**

मैलै दुई विषयमा एम.ए. पास गरिसकेको थिएँ । जागीरको खोजीमा निकै भौतारिइसकेपछि अब म पनि विदेश जाउँ कि भन्ने सोचले पासपोर्ट बनाएँ । मेरो जेठान दाजुले आफैंले म्यानपावर पनि खालेको थिए । उनले पनि बारम्बार ज्वाइँसाप यहाँ बसेर केही हुन्न राम्रो ठाउँ आएको छ विदेश कुवेत जानुस् भनेर भन्थे तर बाबालाई सोध्दा उहाँले कहिले घर छोड्ने अनुमति दिनुभएन । मनमा विदेशप्रतिको चाहना नभएपनि देशमा शिक्षित बेरोजगार भएर बस्नुपर्दा निकै खल्लो लाग्थ्यो तर कुनै न कुनै काममा लागिरहेको थिएँ तर नियमित काम नहुँदा घर परिवार छिमेकमा पढेर ठूलो मान्छे भाको काम नगरी त्यसै बस्छ भन्ने कुरो चल्दोरहेछ । समाज भनेकै नराम्रो सुन्न र भन्नेको भीड हो । राम्रो कुराको कसैले कुरै गर्दैन कसैको नराम्रो र नचाहिने कुरालाई भजाएर गिराउने काम हुन्छ । मेरो कानमा पनि त्यस्तै नकारात्मक कुराहरू पर्थे तर कसैले सोभै मेरो अगाडि आएर भन्ने हिम्मत कसैले देखाउन सक्तैनथे । बाबालाई मधुमेह र उच्च रक्तचापको रोग थियो । पहिलेदेखि अँटिलो मान्छे, मैले आँट, साहस र धैर्यता उहाँबाट सिकेको हुँ । कुनैपनि समस्यालाई धैर्यताका साथ समाधान गर्नुपर्छ भन्ने ज्ञान आजपनि काम लागेको छ । बाबा बिस्तारै गल्दै जानुभएको थियो । एक त उहाँ शारीरिक अस्वस्थता अर्को म प्रतिको चिन्ता मेरो कुनै स्थायी काम नभएकाले उहाँले कमै भनिरहनुहुन्थ्यो म बाबालाई सम्भाउँथे । जीवन त जसरी नी व्यतित गर्न सकिइहालिन्छ बाँचनलाई मात्र त कुनै कठिनाइ हुँदैन । बाबाको अन्तिम इच्छा म पढेर विद्वान् भएको हेर्ने चाहना थियो त्यो मैले दिक्षान्तमा भाग लिएर आएको तस्वीर देखाएपछि हर्षले आँसु भरेको थियो । म पटकपटक सम्भन्छु अब समाजमा छोरोको स्थान बन्नेछ भन्ने

विश्वास उहाँमा थियो । आध्यात्मिक, भौतिक चेतनामा बाबाको स्तर अलि माथि नै थियो तर औपचारिक भन्दा स्वध्यायनबाट धेरै ज्ञान थियो । मैले बुझेको थिएँ । अठार वर्षको उमेरमा स्वध्यायनबाट नै पुराणवाचन गर्ने क्षमता राख्नुभएको वहाँले म पनि अध्ययन गरेर त्यतै लागौं भन्ने चाहनुहुन्थ्यो तर मलाई त्यति रूचि थिएन । अध्ययन चाहीं गर्छु तर पेसा अपनाउन्न भन्ने मेरो कुरामा सहमत राख्नुहुन्थ्यो । अध्ययनको क्रममा मैले बाल्यकालमा गुरूकुलमा पढ्न नपाएको संस्कृतको अध्ययन गरें । पुराण, मिथक, कर्मकाण्ड ज्योतिष विज्ञानका साथसाथै संस्कारजन्य परिवेशलाई चलाउन सक्ने पण्डित्याँइको ज्ञान आर्जन गरें तर मनले कहिल्यै पेसा बनाउन मानेन । मैले विद्यालय शिक्षा अध्ययनपछि बाबाको समिपमा बसेर धेरै कर्मकाण्डी कुरो बुझ्ने मौका पाएको थिएँ । जुन अहिले काम लागिरहेको छ । जीवन जिउने क्रममा के-के कुरा जान्नु पर्दोरहेछ कति कुरा जानेर नसकिने रहेछ, त्यो म बुझ्दैछु आजकाल ।

बाबा दीर्घरोगको शिकार हुनुभयो । मानुले चाहेर र भनेर केही हुँदैन् । यो शरीर आफूले भनेको मात्र मान्दै मान्दैन । कहिलेकाँही अलि बढी नै अस्वस्थता देखिन्थ्यो मैले चिकित्सकसँग सल्लाह गरेर थप औषधी ल्याउँथे फेरि सञ्चो हुन्थ्यो । विगत दुईवर्षदेखि बेलुका बेलुका बाबालाई हल्का ज्वरो आउन थाल्यो । कमजोरीले हो जस्तो मैले अनुभव गरेर दैनिक गाईको दुधसँग भिटामिन ख्वाउन थालें । बाबा सजिलै हिंडडुल गर्न सक्नु भएको थियो । बिहान बेलुका बुबाको अवस्थाको बारेमा म बुझेर निस्कने गर्थे । दिनचर्या राम्रै चलिरहेको थियो । बाबाको मुहारमा तनाव र चिन्ता बिस्तारै हराउँदै गएको थियो । म कन्ट्याक्टमा काम लिएर गर्न थालेको थिएँ । कामले व्यस्तता बढेको थियो । जीवन चल्ने उपार्जन हुन थालेको थियो । तर मेरो मनमा चिन्ता तनाव बढ्दै गएको थियो । कहिलेकाँही रातमा आँखा झिमिक्कै हुँदैनथ्यो । कोल्टे फेर्दाफेर्दै रात बित्थ्यो । भोलिपल्ट बिहान सोच्दासोच्दै थाकेको मस्तिष्क र ननिदाएको आँखा लिएर कार्यालय पुग्थें र सोफामा पल्टन्थें ।

कति कुरा नजानेको राम्रो हुन्छ । कति कुरा थाहा नपाउँदा नै आनन्द हुन्छन् । जब कति कुरा जानिन्छ त्यसले चैनसँग बस्न नदिने रहेछ । कति थाहा पाएका कुराले मनमा ववण्डर मच्चाइदिने रहेछ । बाबाको प्रोस्टेट जचाउँने क्रममा कन्सल्टेन्ट

विशेषज्ञ चिकित्सकसँग सल्लाह लिएको थिएँ । उसले अप्रेशनको विकल्प नभएको बताएको थियो । अन्य अग्रज ठूलाबडासँग सल्लाह लिँदा र बाबासँग सोध्दा पनि अप्रेशन नगर्ने भन्नुभयो किनकी मधुमेहको विरामी घाउ निको नभएको दुईचार केश इष्टमित्रको पनि देखिएको थियो । त्यसपछि मैले होमियोपेथिक औषधि खुवाउन थालेको थिएँ । बिहान बेलुका गरेर एलोपेथिक र होमियोपेथिक भिटामिन गरेर बाबाले झण्डै सय ग्राम जति औषधि सेवन गर्नुपर्थ्यो । आमा अत्यन्तै धार्मिक प्रवृत्तिको उहाँको पूजापाठ नै तीन चार घण्टा चल्थ्यो । जब विशेषज्ञ चिकित्सकले भनेको कुरा सम्झन्थें मन झन्झन् डराउँथ्यो । आँखाको निद्र कहाँ पुग्थ्यो कहाँ मस्तिष्क भयानक समस्या केन्द्रित भएर चलायमान भइरहन्थ्यो । प्रोस्टेट ग्रन्थी बढेर दोब्बर भएको थियो । मुत्र त्याग गर्दा सबै खुलान्त हुँदैनथ्यो । कपडा चुहिएर भिज्थ्यो । बडो संकट बढ्न थालेको थियो । कहिलेकाहीं आफन्तका जाँदा त्यही समस्या देखिँदा बाबालाई ग्लानी भएको महशुस गर्न थालेको थिएँ मैले । कतै बाबाको पिसाव किड्नीतिर बगेर गएर किड्नीको समस्या देखिने त हैन मन एकमासले डराइरहने गर्थ्यो बारम्बार । भगवान भरोसा भन्दा केही थिएन अब । मान्छेले सकेसम्म पुरूषार्थ आफैले गर्छ । आफ्नो लागि त झन् लागे गरेर केही पनि बाँकी नरहेपछि उनै ईश्वरलाई गुहार्छ हो म पनि उनै ईश्वरलाई चेतन, र अवचेनमा गुहारिरहन्थे । मेरो बाबालाई यो भन्दा बढी पीडा नहोस् भनेर ।

काललाई कसले छेक्न सक्दोरहेछ । कमैले पनि रोक्न नसकिने रहेछ अनि नामले पुकार्नु सामान्य रहेछ । त्यो सोमबार म बिर्सन सक्दिन म क्यै पनि नभएको सग्लो सारसौंदो मान्छे केही क्षणमै शरीरलाई छोड्न सक्छ । पत्याउन पनि नसकिने । हो त्यस्तै भयो मेरो

जीवनमा । शनिबार बुबा र म बाहिर गएका थियौं । दिनभर काममा व्यस्त भइयो । साँझ बुबालाई बाबुको साथ लगाएर घर पठाएँ म अलि पछि कामबाट विदावारी भएर निस्कें । बाबा र म सँगसँगै घर आइपुग्यौं । केही क्षण संगै बस्यौं । कुराकानी भए । खासै गाह्रो नभएको जानकारी पाएपछि म खाना खाइवरी सुत्न गएँ । भोलिपल्ट आइतबार हामी बाबा छोरा बसेर दिनभर कुराकानी गर्‍यौं । हल्का खोकी लागिरहेको थियो । बाबालाई मैले कफ सिरप खुवाएँ । दुध र केही खानेकुरा खुवाएँ, आराम थियो । बाबाले बेलुका भोजन गर्नुभएन । दुई गिलास

तुलसीपानी खाएर सुत्न जानुभयो । के भएर हो रातमा त्यति राम्रो निद्रा परेनछ । आमाले बिहान सबेरै आएर मलाई बोलाउनुभयो । म उठेर गएँ र बाबालाई सोधें । एक गिलास तातोपानी खाने मनसाय राख्नुभयो । आमाले एक गिलास तुलसी पानी दिनुभयो । बाबाले गिलास समातेर आफै पिउनुभयो । हल्का चिसो भएको अनुभव भयो मलाई । तातोको व्यवस्था गरिदिएँ न्यायो बनाएपछि बाबा एकछिन भकाउनु भयो । त्यस्तैमा एकपटक डाक्टरलाई देखाउन मन लाग्यो बाबालाई सोधें-बाबा अस्पताल जाने भने ? बाबाले अँह ! जान्न भन्नुभयो । त्यसपछि दाजुलाई फोन गरेर डाक्टर र कफ सिरफ ल्याउन भनें । केहीक्षणको भलाकुसारी पछि बाबाले संसार छोड्नुभयो । आँखा अगाडि प्रत्यक्ष बाबाको सास विनाको शरीर लमतन्न लडेको छ । मन पटक्कै मान्दैन, मान्दै मान्दैन । बाबाले हामीलाई एकक्षणमै छोडेर जानुभयो । एकक्षण अघिसम्म स्पष्ट कुराकानी गर्नुभएको बाबाले कसरी प्राण त्याग गर्न सक्नुहुन्छ ? यो कदापि हुन सक्दैन । लाशको अगाडि घोप्टो परेर चिच्याएछु । अहँ ! अझै बाबा उठेर कुराकानी गर्नुहुन्छ जस्तो लागिरहेछ । तर सत्य भनौं या यथार्थ बाबा हामीलाई छोडेर जानुभयो, बाबा बित्नुभयो । रूँदै रूँदै मैले काकालाई फोन गरें । दिदीलाई भनें, बाबा ब्रम्हलीन हुनुभयो । कालले बाबालाई हामीबाट खोसेर लग्यो । चर्मचक्षुले बाबाको ढलेको शरीर हेरिरहें हेरिरहें ।

घटना यस्तो अचानक घट्छ कसैले कल्पनै गरेको हुँदोरहेनछ । अकस्मात घटेपछि मानिसको चेतना विस्मृतिमा बदलिन्छ र शून्यतामा झर्छ । बडो अनौठो जीवन मानिसको । विज्ञानले जन्मको निश्चितता तोक्छ, चिकित्सकले निश्चित दिन जन्मने घोषणा गर्नसक्छ तर मृत्युको बारेमा आजसम्म विज्ञानले पत्ता लगाउन सकेको छैन, मृत्यु हुन्छ । निश्चित छ कोही अजम्बरी छैनन् । एकदिन नाता सम्बन्ध सबै तोडेर संसारबाट बिदा लिनै पर्छ तर कहिले ? अनिश्चित उत्तरमा रूमलिइरहेको छ । समय अस्पष्ट आयुमा बाँचिरहेछ मान्छे । अनिश्चित समयको दास भएर बाँचिरहेछ । मान्छे बाँच्नै पर्दोरहेछ, म त्यही बुझिरहेछ । अनि बन्धुवान्धव इष्टमित्र सबै बाँचुञ्जेलसम्म आज मृत्यु भोग्छ तब चुडिन्छ सम्बन्धको तार मृत्युको केही क्षणमै लासमा बदलिएको साइनो चिताको धुँवामा उडेर सकिन्छ । खरानी र गोलको

थुप्रोमा मिसिएर सकिन्छ, । वर्षौंदेखिको सम्बन्धमा तीनघण्टामै केवल बाँकी रहन्छ । स्मृति, झझल्को र बिताएका सहयात्राका यादहरू जुन आउँदै जाँदै गर्छन् निरन्तर  मैनबत्तिको सल्काई जस्तै बिस्तारै बिस्तारै बल्दै उज्यालिँदै निख्रदै जान्छन् र सकिन्छ ।  ♦♦♦

**लघुकथा**

# रहर

**लीलाराज दाहाल**



फेसबुकको शुरूवात भएसँगै आफ्ना सिर्जना प्रकाशन गर्ने गतिलो माध्यम उसले फेसबुकलाई बनाएको थियो । उ गजल , मुक्तक , लघुकथा , हाइकु जस्ता साना आयामका रचना लेख्दै, पोष्ट गर्दै गर्न थाल्यो । लाइक र कमेन्ट आउँदा उ सारै खुशी हुन्थ्यो तर उसले सोचे जति लाइक र कमेन्ट नआएपछि उ उदासिएर बस्थ्यो ।

पहिले त लाइक र कमेन्ट नआउँदा आफ्नो रचनामा परिपाक नपुगेर होला भनेर चित्त बुझाउने गर्थ्यो अनि अझ मेहनत गरेर लेख्थ्यो । यसै क्रममा उसले सयौं लघुकथा, सयौं अन्य रचना लेखिसकेको थियो । तर अहँ ! सोचे जति लाइक र कमेन्ट कहिल्यै आएन । उ निकै बिचलित देखिन थाल्यो ।

के लेख्नु हो साहित्य पनि ! कसैले मन पराउने होइनन् ! उ अब मनमनै सोच्न थालेको थियो । एकदिन उसको मनमा एक्कासी जुक्ति फुऱ्यो ! उसले स्त्रीलिंगी नाममा आफुले पहिले लेखेका रचना भटाभट पोष्ट गरेर लाइक र कमेन्टको पर्खाइमा बस्यो ।

रचना पोष्ट गरेको घण्टा पनि बितेको छैन ! लाइकको संख्याले साथीको संख्या भेट्न आँटिसकेको थियो भने हजारौंको संख्यामा कमेन्टको वर्षा भैरहेको थियो ।

उसको मनमा खुल्दुली भैरहेको थियो । के म अब राम्रो लेखक भएको हुं त ? लाइक र कमेन्टले त त्यसै भन्दैछन् ।

अचेल उसले केही लेख्न सकेको छैन ! उसको लेख्ने जाँगर पनि मर्दै गैरहेको थियो । उ बाढी स्वरूप आएका तिनै लाइक र कमेन्टको संख्या गनेर बस्न थालेको थियो !

# नेपालमा लोकतान्त्रिक मूल्य र मान्यताको प्रर्बद्धन एवं संरक्षणमा नेपाल प्रहरीको भूमिका



✍ सागर पोखरेल

जनकेन्द्रित, जनमैत्री, जनमुखि तथा उत्तरदायी शासन पद्धतिलाई लोकतन्त्र बुभिन्छ । लोकतन्त्र शासन पद्धतिको नविन आयाम हो । जनहित प्रर्बद्धन गर्न, सामाजिक न्याय कायम गर्ने, राष्ट्रहित प्रर्बद्धन गर्ने, समृद्धि हासिल गर्ने साधनको रूपमा लोतन्त्रलाई लिईन्छ । लोक कल्याणकारी व्यवस्थामा, लोकतन्त्रले लोकतान्त्रिक सोच, व्यवहार, मूल्य मान्यता, संस्कार, गतिशिल तथा सदाचारितालाई उजागर गर्दछ । यो बहुआयामिक प्रणाली हो किनकी यो राजनितिक मात्र नभएर आर्थिक सामाजिक, साँस्कृतिक प्रशासनिक प्रणाली पनि हो । यसले खुल्ला, पारदर्शि, प्रतिस्पर्धात्मक जनमैत्री एवं जनउत्तरदायीपूर्ण शासन पद्धतिलाई उजागर गर्दछ । लोकतन्त्रको प्रभावकारिताको लागि अवलम्बन गरिने प्रचलित पद्धति, प्रक्रिया, कार्यविधि, संस्कार, सोच, गतिशिलता एवं सदा चारिता नै लोकतान्त्रिक मूल्य मान्यता हो । लोकतान्त्रिक मूल्य र मान्यताको प्रर्बद्धन एवं संरक्षणमा सरकार शासकीय साभेदार, आम नागरिकको सार्थक एवम् सिर्जनशिल भूमिका हुन्छ । लोक कल्याणकारी राज्य स्थापनार्थ राज्यले निष्पक्ष, तटस्थ एवं प्रतिबद्ध भएर आफ्ना नागरिकलाई समतापूर्ण व्यवहार गर्दै समान व्यवहार गर्ने अवस्थामा पुऱ्याउनु पर्दछ । यसको लागि लोकत्रान्त्रिक मूल्य मान्यताको व्यवहारिक प्रत्याभूति, अनुभूति हुनु जरूरी हुन्छ । यस कार्यको लागि नेपाल प्रहरीको अहम् भूमिका रहन्छ । नेपाल प्ररहरीको आर्दशात्मक शब्द "जय नेपाल" ले सबै नेपालीको सुखी, खुसी, समृद्धिको कामनालाई उजागर गर्दछ । यसले सभ्य एवम् सुसंस्कृत समाजको परिकल्पना गर्दछ । नेपाल राज्यभित्र बसोबास गर्ने सबै नेपाली नागरिक बीच हामी नेपाली भावनाको विकास गराउछ र राष्ट्र निर्माणमा सहयोग पुऱ्याउछ ।

त्यसैगरी “सत्य सेवा सुरक्षणम्”ले स्थानिय सुरक्षादेखि राष्ट्रिय सुरक्षाका अवश्यकताहरूलाई यसले उजागर गर्दछ । कुनै पनि नागरिक राष्ट्रको समान संरक्षणबाट वञ्चित हुनु नपरोस् भन्ने भावना यसले उजागर गर्दछ । यो राष्ट्रिय सुरक्षा व्यवथापनको आधार पनि हो जसले आन्तरिक सुरक्षा एवं बाह्य सुरक्षासम्बन्धी कार्य प्रक्रिया एवं रणनितिको व्यवस्था गरेको हुन्छ । नेपाल प्रहरीका यी दुई आर्दशात्मक शब्दहरू “जय नेपाल” र “सत्य सेवा सुरक्षणम्”ले लोकतान्त्रिक मूल्य र मान्यता प्रर्बद्धन र संरक्षणमा नेपाल प्रहरीको अतुलनिय योगदान रहेको कुरा symbolic रूपमा उजागर गर्दछ ।

सार्वभौमसत्ता सम्पन्न नागरिकको प्रतिनिधिको रूपमा सार्वभौमसत्ता सरकारले प्रयोग गरेको हुन्छ । उक्त सरकारको प्रतिनिधिको रूपमा नागरिकको जिउधनको रक्षा गर्न शान्ति सुव्यवस्था अमनचैन गर्न नेपाल प्रहरीको व्यवस्था गरिएको छ । यसलाई कानून कार्यान्वयन गराउने संरचनाको रूपमा पनि हेर्ने गरिन्छ । नेपाल प्रहरीले शासन, विकास र सेवा प्रवाहमा जनताको नजिक बसी सेवा गरेको छ । जनताले रोजेको खोजेको शासन पद्धति लोकतान्त्रिक शासन पद्धति अनुसार आफूलाई रूपान्तरण गर्दै आएको विगतको इतिहास साक्षी छ । नेपाल प्रहरीमा लोकतान्त्रिक सोच व्यवहार, संस्कार अवलम्बन गर्नको लागि भर्ना प्रणालीमा समावेशीता तथा सकारात्मक विभेद जस्ता औजारहरू प्रयोग गरिएको छ । जसले गर्दा नेपाल प्रहरी संगठनमा नेपालमा बसोबास गर्ने सबै भाषा, जाती, धर्म, लिङ्ग, वर्णका मानिसको रक्तसञ्चार भएको छ जसले गर्दा प्रहरी संगठन चलायमान एवम् सक्षम तुल्याउन विभिन्न किसिमका सचेतनाका कार्यक्रमहरू ल्याउदै आएको छ । जस्तै मानव बेचविखन विरूद्धको सचेतना, आतङ्कवाद विरूद्धको कार्य, संगठित अपराध रोकथामका लागि गरिएको प्रयासहरू प्रशंसनीय छन् । लोकतन्त्रको जीवन भनेको आवधिक निर्वाचन हो, प्रहरी संगठनले निर्वाचनलाई स्वचछ, निर्भिक एवम् पारदर्शी रूपले सम्पन्न गरी लोकतन्त्रको विरूवामा पानी हाल्ने कार्य गर्दछ ।

प्रहरी संगठनमा प्रतिस्पर्धात्मक एवम् उदारकृत पद्धति अवलम्बन गरिएको छ । जसले गर्दा क्षमतावान व्यक्तिहरू आफ्नो कार्यप्रति उर्जावान भएर लागि परेका छन् । आफूले गरेको कार्यहरूको पारदर्शी रूपमा नागरिकहरूलाई सुसूचित गर्न रेडियो

कार्यक्रम एवं टेलिभिजन कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । उक्त कार्यबाट प्रहरीद्वारा सम्पादित कार्यको बारेमा नागरिक सुसूचित हुने अवसर प्राप्त भएको छ । यो संगठनले समाजका सबै वर्ग बीच सहअस्तिव, समन्वम कायम गरी सामाजिक विवाद तथा द्वन्द्वलाई शान्तिपूर्ण सामाधान गर्न सहयोग गर्दछ । नेपाल प्रहरीले कानूनको शासन, संविधानवाद, संवैधानिक सर्वोच्चता, तथा कानूनी सर्वोच्चता, कानूनको सम्मान, संरक्षण सिमित शासनजस्ता अवयवहरूलाई आत्मसाथ गरेको छ । यसले जनउत्तरदायित्व वहन गर्ने, जनताप्रति उत्तरदायी रहने सार्वजनिक उत्तरदायित्व वहन गर्ने, जनताप्रति जिम्मेवारी वहन गर्ने कार्य पनि गर्दछ । आफ्नो कार्यमा समग्र गुणस्तर व्यवस्थापन (Total Quality Management) गरी लोकतान्त्रिक मूल्य र मान्यतालाई जिवन्त तुल्याउछ ।

नागरिकहरूमा शासनमा सहभागिता हुने, राष्ट्र निर्माणमा सहभागिता हुने, राष्ट्रका लागि त्याग गर्नको लागि उत्प्रेरणा र मनोबल उच्च बनाउने कार्यमा पनि यसको भूमिका रहन्छ । यसरी समग्रमा नेपालमा प्रहरीले मुलुकको सार्वभौमसत्ताको संरक्षण गर्न भौगलिक अखण्डताको रक्षा गर्ने, राष्ट्रहित प्रर्बद्धन गर्ने कार्य गरिरहेको छ । सरकारको वैधता कायम गर्न पनि यस संगठनले भूमिका निर्वाह गर्दछ । जसले गर्दा नागरिक सन्तुष्टि अभिवृद्धि हुन्छ । नेपाल प्रहरी संगठनले प्रजातन्त्रलाई प्रजातान्त्रिक हुन, लोकतन्त्रलाई लोकतान्त्रिक हुन, निजि क्षेत्रलाई निजिकृत हुन, नागरिक समाजलाई नागरिकृत हुन, सहकारीलाई सहकृत हुन एवं समग्र शासकीय साझेदार र तीनका अवयवलाई जीवन्त तुल्याउन सहयोगीको कार्य निवार्ह गर्दछ । जसले गर्दा लोकतान्त्रिक मूल्य र मान्यता प्रबर्द्धनमा अहम भूमिका निर्वाह गरेको छ । ♦

## गजल



✍ **युगीन रेग्मी**

स्वाभिमानी त्यो हो अरूको भर पर्दैन जो
इमान्दारी त्यो हो गल्ती कहिले गर्दैन जो

आफ्ना लागि बाँच्नेहरू धेरै छन् संसारमा
देशभक्ति त्यही हो आफ्नो लागि मर्दैन जो

चमेरो स्वभावको मान्छे नेता हुन्छ र?
नेता हो त्यो सिद्धान्तबाट कहिले सर्दैन जो

आर्दशको के काम व्यवहारिकता छैन भने
मानव त्यो हो आफ्नो पेट मात्र भर्दैन जो

लघुकथा

# कोरोनाले सुम्सुम्याएको घर



✍ **हरिप्रसाद भण्डारी**

मेरो मुटु ढुकढुक गरिरहेको थियो । मुख सुकेर बोल्न नसक्ने भएको थिएँ । उसैले भन्यो, "दाइ बेसारपानी, ज्वानोपानी, तातोपानी, अदुवापानी, तुलसीपत्ता पकाएको पानी के पो ख्वाइन र मैले । तीन जनाले सात दिनमा पाँच माना त मह मात्रै खाए । तातो पानीमा कागतीको रस र मह मिसाएर कति ख्वाएँ ख्वाएँ । एक साता त मेरो होसै उडाए नि ।"

"अहिले ठीक भयो त ?" आत्तिँदै मैले सोधेँ । हाँस्दै उसले भन्यो, "पूरै ठीक ! उनीहरूलाई ठीक नभएको भए म यहाँ आउन कसरी पाउनु !" एकछिन पछि उसले भन्यो, "दाइ त्यो हाम्रो घरमा लुसुक्क आयो, थपक्क भित्र पस्यो, बाआमालाई सुमसुम्यायो र गयो ।" त्यसपछि ऊ निस्फिकी हाँस्यो ।

उसको कुरा सुनेर म आश्चर्य चकित भएँ । डरले उसको अनुहारमा हेर्न पनि सकिनँ । उसले थाहा नपाउने गरी उसबाट अलि टाढा भएँ ।

मैले अचम्म मानेको थाहा पाएर हो की उसले भन्यो, "विद्या कसम दाइ मैले भनेको कुरा साँचो हो । मेरी आमा त झण्डै नमरेकी । हनहनी जरो छ, त्यसमाथि सास फेर्न गाह्रो भो भन्छिन् ! मेरो त सातै गयो ।"

उसको मात्रै होइन, उसको कुरा सुनेर मेरो समेत सातो जालाजस्तै भयो । उसले भन्यो, "पल्लो कोठामा बा र दाइ उसैगरी छटपटाइरहेका थिए । म दौडेर शिवपुर चोकमा गएँ र सिटामोल किनेर ल्याएँ । आमालाई त दुईटा ख्वाइदिएँ एकैचोटि ।"

म लामो लामो सास फेर्दै उसका कुरा सुनिरहेको थिएँ । उसैले भन्यो, "एउटा सिटामोल खाएको केहीबेरपछि बाले मलाई बोलाएर भने, 'हामीलाई जरो आएको कुरा बाहिर कसैलाई नभन्नु । भनिस् भने अहिले एम्बुलेन्स आएर हामीलाई लैजान्छ । त्यहाँ गएपछि मर्ने बाँच्ने ठेगान हुँदैन । मर्नु परे आफ्नै घरमा मरौँला बरू ।"

अर्को दिन उसले थाहा नपाउने गरी उसको घरमा गएँ । टाढैबाट देखें-उसका बा र दाइले उफ्री उफ्री खेतको आली ताछ्दै थिए । आमा घाँस काट्दै थिइन् । त्यसपछि मैलै आफैलाई सोधें, “यिनीहरूलाई कोरोनाले सुम्सुम्याएकै हो त ?”

♦♦♦

कविता

# सेवामा समर्पित प्रहरी



✍ **मिम बहादुर लामा**

चिसा रातहरू र सिरेटोको कुनै पर्वाह नगरी,
हिमाली सिमाका कुना कन्दरामा तैनाथ छ प्रहरी
कठाङ्ग्रिदो हिमपात र तुषारोको चपेटामा पनि
कर्तव्य विमुख छैन प्रहरी

पहाडका बस्ती बस्तीहरूमा सुरक्षार्थ
अहोरात्र तैनाथ प्रहरी
हरदम सेवामानै समर्पित भई
तराई मधेशमा प्रहरी

हिमालको हिमपात, पहाडको पहिरो र तराईको डुबानमा
तत्पर भई उद्धारमा लागि पर्ने प्रहरी
जनधनको क्षतिमा मन दुखाउदै
मलम पट्टि लाउछ प्रहरी ।

विकृति र विसंगतिको अन्त्य गर्दै,
समृद्ध समाज निर्माणमा प्रहरी
कानूनको कठघरामा अपराधीलाई उभ्याउदै
शान्त र सभ्य समाज निर्माणमा प्रहरी

निस्वार्थ कर्तव्य पथमा लम्किदै, दुर दराजका नागरिकमा पनि
राज्यको प्रत्याभूति दिलाउछ प्रहरी
सत्य सेवा सुरक्षणम्को मन्त्र जपी सधैं,
नागरिकमा समर्पित प्रहरी ।

# मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा भएका अनुसन्धान सम्बन्धी नयाँ कार्यविधिगत व्यवस्थाहरूको कार्यान्वयनको अवस्था



✍ प्र.ना.उ. मोहन कुमार थापा

**परिचयः**

फौजदारी न्याय प्रणालीको धेरै उद्धेश्यहरूमध्ये अपराधको निष्पक्ष अनुसन्धान र स्वच्छ पूर्पक्ष गरी अपराधिलाई दण्ड दिनु, पीडितलाई न्याय प्रदान गर्नु र निर्दोषलाई संरक्षण गर्नु हो । अपराध रोकथाम र अपराध पीडितले न्याय प्राप्त गर्नको लागि निष्पक्ष र प्रभावकारी अनुसन्धानको महत्वपूर्ण भूमिका रहन्छ । अनुसन्धानमा कमजोरी भयो भने समग्र न्याय निरूपणको कार्य प्रभावित हुन्छ । नेपालमा अवलम्बन गरिएको अभियोजनात्मक अनुसन्धान प्रणालीमा गम्भीर फौजदारी अपराधहरूको अनुसन्धान एवं सबुद संकलन प्रहरीले गर्ने, संकलित सबुद प्रमाणको आधारमा दोषी माथि अभियोग लगाई सरकारी वकिल मार्फत सम्बन्धित मुद्दा हेर्ने निकायमा मुद्दा दर्ता गर्ने, मुद्दामा अभियोग प्रमाणित गर्ने भार वादीमा रहने, अदालतले निष्पक्ष एवं स्वतन्त्र रूपमा पक्ष र विपक्षले पेश गरेको सबुद प्रमाणको आधारमा निर्णय दिने, आफ्नो विरूद्धमा साक्षी हुन कर नलाग्ने र चुप लाग्ने हक समेत हुने, विपक्षीले जिरह गर्न पाउने र कार्यविधीगत त्रुटी र शंकाको सुविधा अभियुक्तले पाउने आदि जस्ता महत्वपूर्ण विशेषताहरू भएकोले अभियोजनात्मक अनुसन्धान प्रणालीमा अनुसन्धान प्रहरीको एकलौटी जिम्मेवारीमा पर्ने भएकोले अपराध अनुसन्धान प्रहरीको प्राथमिक र व्यावसायिक कार्य हो ।

अपराध अनुसन्धान र नियन्त्रणका लागि प्रभावकारी फौजदारी कानूनको आवश्यकता पर्दछ । मुलुकी ऐन, २०२० लाई प्रतिस्थापन गरी जारी भएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूरको निर्धारण तथा सजाय ऐन, २०७४ लाई आधुनिक फौजदारी कानूनको महत्वपूर्ण कानूनका

रूपमा मानिएको छ । मुलुकी अपराध संहितामा केही नयाँ अपराधहरूको व्यवस्था गरिएका छन् भने मुलुकी फौजदारी कार्यविधि संहितामा केही नयाँ कार्यविधिगत विषयहरू समावेश गर्दै फौजदारी मुद्दाको वर्गीकरण, अपराध अनुसन्धानमा पारदर्शिता, वस्तुनिष्ठता र जवाफदेहिता, पीडितमुखी न्याय प्रणाली र फौजदारी न्यायका तीन वटा मुख्य सरोकारवाला अनुसन्धान, अभियोजन र अदालत बीचको व्यावसायिक, सहयोग, समन्वयका साथै आ-आफ्ना निकायको कार्यगत स्वतन्त्रता तथा व्यावसायिक स्वायत्वताको मान्यतालाई एक अन्तरनिहित पक्षका रूपमा आत्मसात गरेको छ । संहिताहरूले वैज्ञानिक र प्रमाणमुखी अनुसन्धान, मानव अधिकारको संरक्षण, स्वच्छ सुनुवाईको अधिकारको संरक्षण, कानूनी विधि र प्रक्रियाको अवलम्बन र प्रविधिको अधिकतम प्रयोगको परिकल्पना गरेकोले अनुसन्धान तथा अभियोजनमा आधुनिकिकरण र सुधारको अवसरका प्रशस्त ढोकाहरू खोलिदिएको छ ।

विगतमा अनुसन्धानमा भएका कमी कमजोरीहरूका कारण सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, फौजदारी कानूनका अन्तर्राष्ट्रिय मूल्य र मान्यताहरू, फौजदारी न्यायका सिद्धान्तहरू समेतलाई आधार मानी संहितामा उल्लेखित विषयहरू समावेश गरिएकाले अपराध अनुसन्धानलाई आधुनिकिकरण र सुधार गर्ने एक महत्वपूर्ण अवसरका रूपमा हेरिनु उपयुक्त हुन्छ । संहिता लागू भएपश्चातका सुरूवाती दिनमा मुलुकी अपराध संहितामा रहेका झुट्टा प्रमाण बनाउन नहुने, झुट्टा प्रमाण पत्र बनाउन र दिन नहुने, बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुने, यातना दिन नहुने, बदनियतपूर्वक थुनछेक गर्न नहुने, मानवोचित न्यूनतम सुविधा नदिई थुनामा राख्न नहुने, छाड्ने आदेश भएकोमा थुनी राख्न नहुने र गोप्य तरिकाले थुनामा राख्न नहुने जस्ता दण्डनिय केही नविन प्रावधानहरू र मुलुकी फौजदारी कार्यविधि संहितामा अनुसन्धान सम्बन्धी रहेका केही नयाँ प्रावधानहरूबाट अपराध अनुसन्धान प्रभावित हुन सक्ने भनी गरिएको अनुमान बिस्तारै गलत सावित हुदै गइरहेको छ । यद्यपी लामो समयदेखि अभ्यासमा रहेको कानून प्रतिस्थापन भएर नयाँ कानून कार्यान्वयनमा आउँदा सामान्य असहजता भएपनि यसलाई अवसरको रूपमा लिई अपराध अनुसन्धानमा रहेका समस्याहरूलाई समाधान गर्दै जानु पर्दछ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई प्रभावकारी रूपमा

कार्यान्वयन गर्नका लागि मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ समेत जारी भएका छन् । संहितामा भएका केही नयाँ व्यवस्थाहरूको कार्यान्वयनको अवस्थालाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

**जाहेरी दरखास्त वा सूचना दर्ता सम्बन्धी व्यवस्था** :

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४ मा प्रहरी कार्यालयमा आउने जुनसुकै जाहेरी दरखास्त वा सूचना दर्ता गरी भरपाई दिनु पर्ने अनिवार्य कानूनी व्यवस्था रहेको छ । यस व्यवस्थाले जाहेरी दरखास्त वा सूचना दर्ता गरी भरपाई दिने कर्तव्यबाट प्रहरी विमुख हुन सक्दैन । जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कार गरेमा सम्बन्धित सरकारी वकिल कार्यालय वा माथिल्लो प्रहरी कार्यालयमा उजुरी दिन सकिने कानूनी व्यवस्था संहिताको दफा ५ ले गरेको छ । प्रमाणको अभाव वा अन्य कुनै पनि बहानामा जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कार गर्दैमा जाहेरी वा सूचना दर्ता नहुने पनि होइन । प्रहरीले जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेको उजुरी परेमा सरकारी वकिल कार्यालयले आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाएपछि जाहेरी दरखास्त दर्ता गर्नै पर्ने हुन्छ । सरकारी वकिल कार्यालयबाट आवश्यक कारबाहीको लागि आएको जाहेरी दरखास्त वा सूचना दर्ता नगरिएमा सम्बन्धित व्यक्ति परमादेशको रिट लिई अदालतमा जान सक्ने हुनाले प्रहरीले अनुसन्धान गर्ने अपराध सम्बन्धी जाहेरी दरखास्त वा सूचना प्राप्त भएमा अविलम्ब दर्ता गरी अनुसन्धान गर्ने, दर्ता भएको जाहेरी वा सूचना भ्रमपूर्ण, झुट्टा वा काल्पनिक रहेको देखिन आएमा थप अनुसन्धान नगरी तामेलीमा राख्न सकिने प्रावधान समेत संहिताको दफा ११ मा गरेकोले प्रहरी कार्यालयमा प्राप्त हुने सबै जाहेरी दरखास्त वा सूचना दर्ता गरी अनुसन्धान गरिएमा जाहेरी दरखास्तलाई लिएर प्रहरीले खेप्दै आएको आरोपमा समेत कमी आउने देखिन्छ ।

जाहेरी दरखास्तको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण यसप्रकार रहेको देखिन्छ :

देवी प्रसाद अधिकारी विरूद्ध जिल्ला प्रहरी कार्यालय, झापा समेत भएको परमादेश मुद्दामा (नेपाल कानून पत्रिका, २०७१, अंक ७, निर्णय नं. ९२१६) "आफू समक्ष कसैले जाहेरी दिन ल्याउँदा जाहेरी दर्ता वा दरपीठ गर्न इन्कार गर्ने अधिकार विपक्षी

जिल्ला प्रहरी कार्यालयलाई हुँदैन । रीतपूर्वकको जाहेरी लिई दर्ता गराउन आएमा दर्ता गर्न नमिल्ने भए सो को लिखित जानकारी निजलाई गराई र दर्ता गर्न मिल्ने भए दर्ता गरी अनुसन्धान कार्य पूरा गरी मुद्धा चलाउनु पर्ने हो वा होइन भन्ने विषयमा निर्णय गरी मुद्धा चलाउनु पर्ने देखिएमा कानून बमोजिम मुद्धा चलाउनु र मुद्धा चलाउनु नपर्ने देखिए सूचना जाहेरवालालाई दिनु भनी जिल्ला प्रहरी कार्यालय, झापाको नाममा परमादेश जारी हुने"।

असर्फी महतो केवट विरूद्ध जिल्ला प्रहरी कार्यालय, पर्सा समेत भएको परमादेश मुद्धामा (नेपाल कानून पत्रिका, २०७५, अंक १, निर्णय नं. ९९३७): कसैको जाहेरी नपरेको अवस्थामा प्रहरी कार्यालयले आफैंले वा अन्य कुनै स्रोतबाट त्यस्तो सूचना पाएमा पनि त्यस्तो सूचना वा जानकारीका आधारमा सम्बन्धित प्रहरी कार्यालयले कानून अनुसार अनुसन्धानको कारबाही अगाडि बढाउनु पर्ने कानूनी कर्तव्य हुन्छ । त्यसैले प्रहरी कार्यालयले कानून अनुसारको हदम्याद भित्रको नभएको वा अन्य कानूनी सीमा भित्रको नदेखिएको अवस्थामा बाहेक कुनै पनि बहानामा अपराधका सम्बन्धमा प्राप्त हुन आएका सूचना वा जानकारीलाई बेवास्ता गर्न नमिल्ने । कुनै प्रहरी कार्यालयले जाहेरी सूचनाको आधारमा कारबाही अगाडि बढाएन भने यसबाट कुनै व्यक्तिको जीउ ज्यान र हकहितमा त असर पर्ने नै हुन्छ तर यसभन्दा पनि अझ महत्वपूर्ण यसबाट समाजमा शान्ति सुरक्षा अमन चैन कायम राख्नुपर्ने प्रमुख दायित्वबाट राज्य नै विमुख भएको देखिन आउँछ।

त्यसैगरी सर्वोच्च अदालतले जाहेरी दरखास्तलाई अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैमा स्वतन्त्र प्रमाण होइन भनी विभिन्न मुद्धामा पटक पटक बोलेको अवस्था समेतलाई विचार गर्दा जाहेरी दरखास्त एउटा सूचना मात्र हो । उक्त सूचना सही वा गलत जे पनि हुन सक्छ । कसैको विरूद्ध जाहेरी दरखास्त दर्ता हुदैमा दोषी हुने पनि होइन । अनुसन्धान गर्दै जाँदा जाहेरी झुट्टा देखिएमा तामेलीमा राख्ने र आरोपित निर्दोष देखिएमा संहिताको दफा ३१ बमोजिम मुद्धा नचलाउने राय सहित अनुसन्धान प्रतिवेदन पेश गर्न सकिने नै हुँदा जाहेरी दरखास्त वा सूचना दर्ता गर्दा कुनै पनि कानूनी समस्या नहुने, जाहेरी दरखास्त वा सूचना आफैमा मुद्धा होइन, कानूनतः यो अपराधको सूचना बाहेक अन्य केही होइन भन्ने तथ्य बुझ्नु जरूरी छ । कुनै कसूर भएको वा भइरहेको वा हुन

लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले जाहेरी वा सूचना दिन सक्ने र कुनै स्रोतबाट प्रहरीले सूचना प्राप्त गरेमा प्रतिवेदनबाट दर्ता गर्न सक्ने कानूनी व्यवस्था भएकोले कसूरको अनुसन्धान गर्न जाहेरी दरखास्त नै आवश्यक पर्छ भन्ने पनि होइन । त्यसैगरी संहिताको दफा ४ को उपदफा (३) अनुसार विद्युतिय माध्यमबाट प्राप्त हुने सूचना दर्ता गरी विद्युतिय माध्यमबाट नै सूचना पाएको जानकारी गराउनु पर्ने व्यवस्थाको प्रभावकारी पालना र कार्यान्वयन भएको देखिदैन ।

**पक्राउ सम्बन्धी व्यवस्थाः**

कानून बमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउन वा अपहरण गर्न पाइदैन । संविधान र कानूनले प्रदान गरेको कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता माथि रोक लगाउनु वा अंकुश लगाउने कार्यलाई पक्राउ भनिन्छ । प्रचलित कानून बमोजिम बाहेक गैरकानूनी रूपमा पक्राउ गर्नु मानव अधिकारको उल्लङ्घन मानिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ मा कसूरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसूर गर्दा गर्दैको अवस्थामा रहेमा निजलाई पक्राउ गर्न सक्नेछ । जरूरी पक्राउ पूर्जी जारी गरी पक्राउ गर्नुपर्ने अवस्थामा बाहेक मुद्धा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारी गर्ने अनुमति प्राप्त गरी मात्र पक्राउ गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २५ को उपनियम (१) मा कसूरसँग सम्बन्धित कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्ने मनासिव आधार नदेखिएको अवस्थामा पक्राउ नगरी अनुसन्धान गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको र उपनियम (२) मा कैदको सजाय नहुने कुनै कसुरको अनुसन्धान गर्नुपर्दा सो सँग सम्बन्धित व्यक्तिलाई हिरासतमा नराखी अनुसन्धान गर्नुपर्नेछ भन्ने व्यवस्था समेत भएकोले कसूरदार यही हो भन्ने पर्याप्त आधार र प्रमाण विना किटानी जाहेरी र सूचनाको आधारमा मात्र पक्राउ गर्नु र थुनामा राख्न कानूनतः नमिल्ने भएकोले पर्याप्त प्रमाण नभएका मुद्धा तथा कैद सजाय नहुने कसूरमा पक्राउ नगरी र थुनामा नराखी अनुसन्धान गर्ने अभ्यासको थालनी गरी संहिताको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**अनुसन्धान गर्न विशेष टोली गठन गर्ने सम्बन्धी व्यवस्थाः**

संहिताको दफा १२ मा कुनै कसूरको सम्बन्धमा कसूरको गम्भिरता

हेरी सम्बन्धित अनुसन्धान अधिकारीबाट मात्र अनुसन्धान हुन नसक्ने भई छुट्टै अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने कुरा अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरीक्षकलाई लागेमा निजले आफू मातहतका कर्मचारीहरू संलग्न रहने गरी अनुसन्धान टोली गठन गर्न सक्ने, आफू मातहतका कर्मचारीहरू बाहेकका अन्य व्यक्ति समेत संलग्न रहेको अनुसन्धान टोली गठन गर्नु परेमा महान्यायाधिवक्ताको परामर्श लिई विशेषज्ञ समेत रहेको अनुसन्धान टोली गठन गरी अनुसन्धान गराउन सक्ने भन्ने व्यवस्थाको समेत प्रभावकारी कार्यान्यवन भएको देखिदैन । अनुसन्धानलाई प्रभावकारी बनाउन यो महत्वपूर्ण व्यवस्था भएकोले केन्द्रीय अनुसन्धान ब्यूरोबाट अनुसन्धान हुने कतिपय गम्भिर र संवेदनशिल प्रकृतिका मुद्दाहरूमा प्राविधिक सहितको अनुसन्धान टोली गठन गरी अनुसन्धान गर्दा सकारात्मक परिणाम आउने हुनाले यस कानूनी व्यवस्थाको बढी भन्दा बढी प्रयोग गर्नु जरूरी छ ।

धरौट, जमानत, हाजिर जमानी वा तारेखमा छोड्ने सम्बन्धी व्यवस्थाः संहिताको दफा १५ मा अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारण सहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ भन्ने व्यवस्था छ । त्यसैगरी फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २१ मा धरौट, जमानत, हाजिर जमानी वा तारेखमा छोड्दाको प्रक्रियाको बारेमा उल्लेख गर्दै धरौट वा जमानत वा बैंक ग्यारेण्टीको रकम तोक्ने आधार समेत तोकी सम्पूर्ण विधि र प्रक्रियाको बारेमा उल्लेख गरेको छ । त्यसैगरी संहिताको दफा १० को उपदफा (१०) मा ७ महिना बढीको गर्भवती महिला, बालबालिका र ७५ वर्ष नाघेको व्यक्तिलाई थुनामा नराखी तारिखमा राखी अनुसन्धान गर्न सकिने व्यवस्था गरेको छ । तर यो व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धिकरण विभाग, राजस्व अनुसन्धान विभाग लगायतका निकायहरूले धरौट, जमानत, हाजिर जमानी वा तारेखमा छोड्ने कानूनी व्यवस्थाको अभ्यास

गरिरहेको देखिन्छ । हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएका मुद्दाहरूमा सरकारी वकिल र अनुसन्धान अधिकारी बीच आवश्यक समन्वय भई यस कानूनी व्यवस्थाको तत्कालै कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) को प्रयोग ।**

संहिताको दफा १६ मा बयान वा सोधपुछ गर्नुपर्ने कुनै व्यक्ति शारिरीक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ भन्ने व्यवस्था रहेको, त्यसैगरी फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २२ मा श्रव्यदृष्य संवाद (भिडियो कन्फेरेन्स)को माध्यमबाट संकलित प्रमाणको अभिलेखिकरण गर्ने सम्बन्धी व्यवस्था गरेकोले संहिताले अनुसन्धानमा प्रविधिको प्रयोगलाई स्वीकार गरेको अवस्था भएतापनि कार्यान्वयन भएको देखिदैन ।

**विशेषज्ञ सेवा लिन सकिने व्यवस्थाः**

संहिताको दफा २३ मा अनुसन्धान अधिकारीले विशेषज्ञलाई साथमा लैजान वा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा राय लिन सकिने व्यवस्था गरेको भएतापनि व्यवहारमा यस व्यवस्थाको प्रभावकारी कार्यान्वियन हुन सकेको देखिदैन । भौतिक सबुद प्रमाण संकलन गर्न विषेशज्ञ सेवा लिन अनुसन्धान अधिकारीले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

**अनुसन्धान डायरीको व्यवस्था र यसको प्रयोगः**

संहिताको दफा २५ मा अनुसन्धान गर्ने प्रहरी अधिकृत वा अनुसन्धान अधिकारीले अनुसन्धानको सम्बन्धमा आफूले गरेको प्रत्येक काम कारबाही तत्कालै अभिलेख गर्नको लागि अनुसन्धान डायरी खडा गर्नुपर्ने व्यवस्था गरेको छ । अपराधको अनुसन्धान गर्ने अनुसन्धान अधिकारीले अनुसन्धानको सम्बन्धमा आफूले गरेको प्रत्येक काम कारबाही तत्कालै अभिलेख गर्नको लागि निर्धारित ढाँचाको अनुसन्धान डायरी राख्नुपर्ने, प्रहरीले खडा गरेको डायरी सरकारी वकिल वा अदालतले झिकाई हेर्न सक्ने र त्यस डायरीमा अनुसन्धानका हरेक कुराहरूलाई लेखबद्ध गर्नुपर्ने गरी बाध्यात्मक कानूनी दायित्व संहिताले सुम्पेको छ । यसरी राखिएको अनुसन्धान डायरीलाई सरकारी वकिल

तथा अदालतबाट समेत मगाई हेर्न सकिने भए तापनि व्यवहारमा अनुसन्धान अधिकारीहरूबाट अनुसन्धान डायरी तयार गर्ने गरेको देखिएको छैन । अनुसन्धानको प्रारम्भिक चरणदेखि अन्तिम चरणसम्मका अनुसन्धानका विवरण यथार्थ रूपमा चित्रित होस् र न्याय सम्पादनको सन्दर्भमा अदालतले त्यस्तो डायरीलाई सहयोगी प्रमाणको रूपमा लिन सक्ने परिस्थिती निर्माण होस् भन्ने हेतुले यस किसिमको प्रावधान संहितामा राखिएको भए तापनि यसको महत्व र उपयोगिताको सम्बन्धमा अनुसन्धान अधिकारीलाई राम्रोसँग बुझाउन नसकिएको कारणले यो व्यवस्थाको प्रभावकारी कार्यान्वियन हुन सकेको छैन ।

**क्षतिपूर्ती सम्बन्धी व्यवस्थाः**

मुलुकी अपराध संहिता, २०७४ मा परिभाषित गरेको विभिन्न कसूरहरूबाट कसैलाई हानी, नोक्सानी भएकोमा कसूरबाट त्यस्तो हानी, नोक्सानी भएको व्यक्तिलाई मनासिव क्षतिपूर्ति भराइदिनु पर्नेछ भन्ने व्यवस्था भएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१९ मा उल्लेखित अनुसन्धान प्रतिवेदनको ढाँचाको बुँदा नं. १७ मा क्षतिपूर्ति भराउने भए को कसलाई कति क्षतिपूर्ति भराउनु पर्ने हो सो को विवरण अनुसन्धान अधिकारीले उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अनुसूची २० मा रहेको अभियोगपत्रको ढाँचामा समेत सरकारी वकिलले क्षतिपूर्तिको माग दावी लिनुपर्ने विषय उल्लेख गरिएको छ । त्यसैले अपराध पीडितले कसूरदारबाट पाउने क्षतिपूर्तिको विषयलाई कार्यान्वयनमा लैजान अनुसन्धानको तह देखिनै वास्तविक क्षतिको मूल्याङ्कन गरी त्यसको समर्थनका लागि आवश्यक प्रमाण र कसूरदारको सम्पत्तिको स्रोत समेत खुलाई सोही आधारमा अभियोजन गर्ने र अदालतबाट पनि क्षतिपूर्ति भराइदिने सम्बन्धमा भएका आधारहरूको विश्लेषण र मूल्याङ्कन गरी क्षतिपूर्ति भराइदिने तर्फ विशेष संवेदनशील हुन आवश्यक छ ।

**सजाय कम गर्न माग दावी लिने (Plea Bargaining) सम्बन्धी व्यवस्थाः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ वमोजिम कुनै कसूरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा त्यस वापत त्यस्तो अभियुक्तलाई कानून बमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सिफारिस गर्न सक्नेछ, त्यसरी सजायमा छुट दिंदा ५० प्रतिशतसम्म छुट दिने भन्ने व्यवस्था

गरिएको भएतापनि यो व्यवस्थाको हालसम्म कार्यान्वयन गरिएको देखिदैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ मा अनुसन्धानको काम कारबाहीमा सहयोग गरेको देखिएमा निजलाई हुने सजायको मागदाबीमा पूर्णरूपमा छुट दिई आयोगको साक्षीको रूपमा पेश गर्न सकिने व्यवस्थाको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट कार्यान्वयन भइरहेको देखिन्छ । यसको कार्यान्वयनको लागि मापदण्ड वा निर्देशिका बनाई तत्कालै कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**अदालतको क्षेत्राधिकार सम्बन्धी व्यवस्थाः**

संहिताको दफा ४५ मा कसूर सम्बन्धी मुद्धाको कारबाही र किनारा गर्ने अधिकार त्यस्तो कसूर भएको क्षेत्रको अदालतलाई हुनेछ भन्ने व्यवस्था रहेको, त्यसैगरी दफा ४६ मा विभिन्न क्षेत्रसँग सम्बन्धित कसूर भएमा त्यस्ता क्षेत्रमध्ये कुनै क्षेत्रको अदालतले मुद्धाको कारबाही र किनारा गर्न सक्ने र दफा ४७ मा नेपाल बाहिरको कसूरमा अभियुक्त फेला परेको वा स्थायी वतन भएको क्षेत्रको जिल्ला अदालतमा त्यस्तो कसूर सम्बन्धी मुद्धाको कारबाही र किनारा गरिनेछ भन्ने उल्लेख गरिएकोले अदालतको क्षेत्राधिकार सम्बन्धी उदार व्यवस्था गरिएको छ । यस व्यवस्थाले आंशिक कार्य कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र भएको परेमा जाहेरी दरखास्त वा सूचना दर्ता गरी अनुसन्धान गर्न सकिन्छ । कुनै कार्यालयको क्षेत्रमा आंशिक कार्य भएको अवस्थामा समेत जाहेरी दरखास्त वा सूचना दर्ता नगरी जाहेरवालालाई अर्को क्षेत्रमा पठाउने प्रवृतिको अन्त्य हुनु जरूरी छ ।

**मिलापत्र गर्ने सम्बन्धी व्यवस्थाः**

संहिताको दफा ११७ मा सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्धामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकिल समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ भन्ने व्यवस्था रहेको र महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको मिति २०७७ चैत्र २६गतेको बैठकको निर्देशन अनुसार समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका फौजदारी मुद्धामा कसूर कायम भई प्रतिवादीको पुनरावेदन/दोहोऱ्याई पाउने/ पुनरावलोकन निवेदन परेको तर प्रत्यर्थी भिकाउने आदेश वा निस्सा नभइसकेका मुद्धाहरूमा पनि मिलापत्र

सम्बन्धी प्रक्रिया अगाडि बढाउने, मुद्दासँग सरोकार नराख्ने पीडित उपस्थित नभए पनि मिलापत्र हुने, बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा घ को खण्ड (ग) (चेक बाउन्स) अनुसारका सर्वसाधारण पीडित भएको बैंकिङ्ग कसूर मुद्दामा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र सम्बन्धी कारबाही अगाडि बढाउने, चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा प्रतिवादीले पीडितलाई बिगो बुझाई सकेको अवस्थामा मुद्दा नचलाउने र पुनरावेदन नगर्ने भन्ने व्यवस्था समेत रहेकोले यसको प्रभावकारी कार्यान्वयन गर्न सकिएमा प्रहरीमा आएका धेरै मुद्दाको निरूपण प्रहरी कार्यालयमा नै भई अदालतमा मुद्दाको चाप समेत कम हुन सक्ने देखिन्छ ।

**निष्कर्षः**

नेपालको फौजदारी कानून प्रणालीमा आधुनिकीकरण गर्ने उद्देश्यले निकै लामो समयको प्रयासपछि जारी भएका मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता समेतका फौजदारी न्याय प्रशासनसँग सम्बन्धित कानूनहरूको प्रभावकारी कार्यान्वयनमा प्रहरीको महत्वपूर्ण भूमिका एंव जिम्मेवारी रहन्छ । संहिताहरूमा अनुसन्धान पद्धतिलाई आधुनिक र वैज्ञानिक बनाउने गरी समाविष्ट भएका नयाँ विषयहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सरकारवादी फौजदारी मुद्दाको जाहेरी दर्ता देखि प्रमाण संकलन, संरक्षण, विश्लेषण एवं प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई दिनु पर्ने छुट वा सुविधा एवं सजाय निर्धारण गर्दा सजाय घटाउने तथा बढाउने आधार तय गर्न सकिने गरी अनुसन्धान गर्नु पर्ने देखिन्छ । विगतमा प्रहरी अनुसन्धानमा रहेका समस्या एवं त्रुटीहरूलाई समाधान गर्ने गरी संहितामा समाविष्ट विभिन्न नयाँ विषयहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन अझै बाँकी रहेका छन् । जाहेरी दरखास्त वा सूचना दर्ता, पक्राउ, अनुसन्धान गर्न विशेष टोली गठन गर्ने, धरौट, जमानत, हाजिर जमानी वा तारेखमा छोड्ने, श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) को प्रयोग, विशेषज्ञ सेवा लिन सकिने, अनुसन्धान डायरीको व्यवस्था, क्षतिपूर्ती सम्बन्धी व्यवस्था, सजाय कम गर्न माग दावी लिने (Plea Bargaining) सम्बन्धी व्यवस्था, अदालतको क्षेत्राधिकार सम्बन्धी व्यवस्था, मिलापत्र गर्ने लगायतका अन्य अनुसन्धानसँग सम्बन्धित नयाँ व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्न सकिएमा मात्र अनुसन्धान पद्धतिलाई आधुनिक र वैज्ञानिक बनाउने संहिताको उद्देश्य पूरा हुन सक्दछ ।◆

बालकथा

# हिराको हार



✍ **घनबहादुर थापा**

कोरोना भाइरसको कारण रूपा र निशाको स्कुल बिदा छ । घरमा कति बस्नु ? उनीहरू खेल्दैखेल्दै घर नजिकै बाटोमा पुगे । त्यही बेला एउटा लाम्चो किरो उनीहरूको अगाडि देखा पर्‍यो । उसको शरीरमा झुसैझुस उम्रेको थियो । यस्तो देखेर रूपा डरले चिच्याईन्, 'आबुई कोरोना !'

खितिति हाँस्दै निशाले भनिन्, 'धत् लाटी, कोरोनालाई पनि यसरी सजिलै आँखाले देख्न सकिन्छ र ? यो त झुसिल्कीरो हो । डराउनु पर्दैन। यसले हामीलाई केही गर्दैन । तर यसका रौं हाम्रो शरीरमा पर्‍यो भने निकै बेस्सरी चिलाउँछ है ।'

रूपाले छक्कै पर्दै जिज्ञासा राखिन्, 'ओ हो निशा, यसका कति धेरै रौं ! जीउभरि रौं नै रौं छन् । तर खै त खुट्टा त देखिँदैनन् फेरि ? कसरी हिंड्छ होला यो ?'

निशाले भनिन्, 'बाहिर नदेखिए पनि यसका खुट्टा धेरै पो हुन्छन् रे बाबै ।'

झुसिल्कीरो जीऊ खुम्चाउँदै र फुकाउँदै टुक्लुक टुक्लुक हिंडिरह्यो । दुवैले खुब अनौठो मानेर उसैलाई हेरिरहे ।

'कहाँ जाँदै होला हगि यो झुसिल्कीरो ?' निशाले प्रश्न गर्दै भनिन्, 'न घर जाने बाटै भुल्यो कि !' हेर्दा हेर्दै झुसिल्कीरो बाटो छोडेर छेउतिर लाग्यो । बाटो छेउको बाक्लो घाँसभित्र छिर्‍यो ।

रूपाले अझै झुसिल्कीरो गएतिर हेरिरहिन् । झुसिल्कीरोलाई घाँसले छेकेपछि उसलाई हेर्न उनले घाँस उचालिन् । आम्मै नि त्यहाँ त झलल बलेको पहेंलो धातु पो देखियो ।

'ओ हो रूपा, यो त हीराको हार हो,' निशाले भनिन्, 'हाम्रो मिसले स्कुलमा भन्नुभएको हीरा बहुमूल्य रत्न हो रे ! अँध्यारोमा पनि उज्यालो फाल्दै चम्किन्छ रे । यसलाई त निकै महङ्गो पो पर्छ ।'

रूपाले खुसी हुँदै भनिन्, 'ओ हो निशा, त्यसो भए त आज हामीलाई ठूलो फाइदा हुने भो । अब हामीले यसलाई लुकाऊँ । सुटुक्क बेचेर धेरै

पैसा कमाउनुपर्छ ।'

हार निकै राम्रो थियो । दिउँसोको उज्यालोमा पनि टलक्क टल्किएको थियो । हेर्दै मगमग बास्ना आउला जस्तो पो देखियो । 'आ हा कति सुन्दर हार, जति हेरे पनि झन् हेरौं हेरौं लाग्ने !' उनीहरू दुवै जना हार देखेर भुतुक्कै भए । दुवैले पालैपालो काखमा राखेर खेलाए । हार भेट्टाएपछि उनीहरूले झुसिल्कीरोलाई बिर्से ।

सुन्दर हार देखेर रूपालाई जस्तै निशालाई पनि लोभ लाग्यो । उनले मनमनै सोचिन्, 'यसलाई लगेर आमालाई दिन पाए आमा कति खुसी हुनुहोला ।' तर उनले एकपटक आमाको सुनको औंठी हराएको घटना सम्झिइन् । त्यही कारण आमा र आफूले भोग्नु परेको पीडा सम्झिइन् । हीरा हराएको मान्छेलाई पनि आफूलाई जस्तै पीडा भएको होला भन्ने सोचिन् । उनले झट्ट भनिन्, 'हैन रूपा हामीले यो हार लुकाउनु हुन्न । जसको हो उसैलाई लगेर दिनुपर्छ ।'

'हामीले कसैको चोरेको त हैन नि !,' रूपाले अलि कड्किँदै भनिन्, 'यस्तो पैसा कमाउने राम्रो मौका फेरि फेरि कहाँ आउँछ र ?'

उनको कुरा सुनेर निशाका आँखा रसाए । आफ्नी आमाको औंठी हराउने दिनमा घरमा सबैको खुसी हराएको झल्झली सम्झिइन् । अरूको घरको खुसी लुट्न पटक्कै मन लागेन। रूपालाई भनिन्, 'बुझ्यौ रूपा, आमाको औंठी हराएको दिन बाबाले निकै गाली गर्नुभयो । आमा रातभर रूनुभयो । खाना पनि खानु भएन । म पनि आमासँगै बेस्सरी रोएँ । यो त झन् बहुमूल्य हीराको हार हो । मेरी आमा जस्तै यो हार हराउने मान्छे पनि रातभरि रोए होलान् । यो हारमा आज मैले आमाको उस दिनको दयनिय छायाँ देखें । फेरि कसैको सम्पत्ति सित्तैमा लिएर हामीलाई केही हुन्न । सबै भन्दा ठूलो खुसी हो । अर्काको सम्पत्ति लिएर हामी एकछिन खुसी हुन सकौंला । तर सधैंभरि खुसी हुन सक्छौं र ? सधैंभरि खुसी हुन त आफैले मिहिनेत गरी कमाउनुपर्छ । त्यसैले बिन्ती छ, हामीले यसलाई नलुकाऊँ ।'

रूपाले कुरा बुझिन् । कतै भेट्टाएको सम्पत्ति लुकाएर राख्दैमा कति दिनलाई पो पुग्ला र ! यही सोचेर उनले भनिन्, 'हुन्छ निशा, अब हामीले यो हार जसको हो उसैलाई दिनुपर्छ । तर हामीले यो हार कसको हो कसरी पत्ता लगाउने त ? उसलाई कसरी दिने ?' 'आ हा मेरी रूपाको कति राम्रो विचार,' निशाले भनिन्, 'हामीलाई थाहा नभएर के भो त, प्रहरी अङ्कललाई खबर गरौं । उहाँले पत्ता लगाउनु हुन्छ नि । ल

जाउँ प्रहरी कार्यालय ।' दुवै जना हिँडे । निशाले हार बोकिन् । हराउँछ कि भन्दै रूपा पछिपछि हिँडिन् । प्रहरी कार्यालयमा हार बुझाएर उनीहरू घर फर्के ।

चार दिनपछि प्रहरी कार्यालयबाट निशाका बाबालाई फोन आयो । डिएसपी साहेबले भन्नुभयो, 'हीराको हार हराएको मान्छे प्रहरी कार्यालयमा आउनुभएको छ । रूपा र निशालाई लिएर तपाईंहरू पनि आइदिनु पऱ्यो ।'

रूपा र निशा आफ्ना बाबा आमासँग प्रहरी कार्यालय गए । डिएसपी साहेबले हीराको हार जसको हो उसैलाई दिनुभयो । आफ्नो हराएको हार पाएर हार धनी निकै खुसी भए । उनले निशा र रूपालाई धेरै पुरस्कार दिए । डिएसपी साहेबले पनि धन्यवाद दिँदै भन्नुभयो, 'स्याबास नानीहरू, तिमीहरूले एउटा घरको सम्पत्ति र खुसी दुवै जोगाइदियौ ।'

सानै उमेरमा राम्रो काम गरेको भनि सबैले रूपा र निशाको प्रशंसा गरे । खादा, फूलको माला लगाइदिएर सम्मान गरे । स्याबासी, पुरस्कार र सम्मान पाएर दुवै जना खुसी भए ।

◆◆

## गजल



✍ **प्र.ज. सागर दर्जी**

साँझ पिढी छेउ बसी, मेरी आमा रोकी होलिन्
बगाउदै आँसु सधैं सिरानी, त्यो धोकी होलिन्

बाध्यताले गयो छोरो, भन्दै सुर्ता लिदै गर्दा
पछुताउदै मेरी आमा, छाती पनि ठोकी होलिन्

बिसन्चोमा थिईन आमा, दुख्छ भन्थिन् छाती कम्मर
मेरो यादले छाती पोल्दा, समाउदै खोकी होलिन्

एक दिन बाहिर हुँदा म, भात बसाल्न भुल्थिन आमा
यसपाली त मेरी आमा, दसौं दिनको भोकी होलिन्

कति आँसु बगाई होलिन्, म छोरोको अभावमा
कहिले आउला छोरो भन्दै, दिन सधैं घोकी होलिन्

छैनन् कि कोही साथमा, एक्लै छिन कि अझै पनि
हरेक पटक याद मेटाउन, मेरो फोटो छोकी होलिन्

छोरो भए मलाई सबै, पुगे जस्तो लाग्छ भन्थिन्
बिसन्चोमा पर्दा आमा, मेरै नाम घोकी होलिन्

# सबैको आस्थाको केन्द्र पशुपतिनाथ



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

सबैको आस्थाको केन्द्र पशुपतिनाथ मन्दिर परिसरमा महाशिवरात्रि र यस वरिपरिका दिनहरूमा शिवजीको दर्शनका क्रममा अपार भीड लाग्ने गर्छ । विश्वमा नै पञ्चमुखी शिवलिङ्गको ठूलो महत्व रहेको छ । अन्यत्र कतै नभएको पञ्चमुखी शिवलिंगको पूर्वी मुख शिवको हो भने पश्चिम मुख नन्दीस्वरूपको हो र उत्तरमुखलाई उमा अनि दक्षिणमुखलाई भैरव स्वरूप मानिएको छ । माथितिरको मुख महादेवको हो । यस्तै पूर्वीमुख तत्पुरूष उत्तर वामदेव पश्चिम सद्योजात र दक्षिणमुख अघोरको रूपमा लिइन्छ भने उर्ध्वमुखलाई ईशान भनिन्छ । प्रत्येक मुखलाई ब्रह्माण्डका चारै दिशा र आकाश भागसम्मको रूपमा चित्रण गरिएको छ । सम्पूर्ण जीव र जगत् जहाँबाट उदय हुन्छ र जहाँ विलय हुन्छ त्यो क्षेत्र शिवलिंग हो ।

नेपाल नगरी काठमाडौं पूर्वक्षेत्रमा रहेको वागमती किनारामा भष्माञ्चल पर्वत, भष्मतीर्थ, भष्मगङ्गा आदि नामले पुकारिने श्लेष्मान्तक क्षेत्र पश्चिम भागमा पावन पशुपतिनाथको मन्दिर छ । यो द्वादश ज्योतिर्लिङ्गको शिरभाग हो । भारतका प्रसिद्ध क्षेत्र बद्रीनाथ, केदारनाथ, रामेश्वर र चीन तिब्बतको कैलाश क्षेत्रको दर्शनपछि पनि पशुपतिनाथको दर्शन नगरेसम्म अगाडिका दर्शनको पुण्य नमिल्ने कुरा हिमवत्खण्ड, स्कन्दपुराणमा उल्लेख गरिएको छ । यहाँ शिवरात्रि, जनैपूर्णिमा, तीज, एकादशी, सोमबार, शनिबारदेखि बालाचतुर्दशी जस्ता पावन दिनहरूमा हज्जारौं भक्तहरूको भीड लाग्छ । सबैभन्दा बढी भीड शिवरात्रिमा लाग्ने गर्छ । भारत लगायत अन्यत्रबाट समेत यहाँ आउनेहरूको घुइँचो नै हुन्छ ।

पशुपतिनाथको मन्दिर करिब दुई हजार वर्ष पुरानो मानिन्छ ।

यद्यपि यो आधुनिक मन्दिर चाहिँ सन् १६९२ मा राजा भुपतीन्द्र मल्लले बनाउन लगाएका हुन् । वंशावलीका अनुसार यो मन्दिर बनाउने श्रेय सुपुष्प देवलाई जान्छ । सन् ३२५ मा राजा हरिदत्त बर्माले मन्दिर बनाउन उत्सुकता देखाएका हुन् भन्नेहरू पनि धेरै छन् । यो मन्दिर कलात्मक छ । छानो धातुले बनेको छ भने सुनको जलप लगाइएको छ । ढोकाहरू चाँदीका छन् । मन्दिर पश्चिम फर्केको छ । मूल ढोका अगाडि शिवको बाहन नन्दी झण्डै १५ फिट लामो र ८ फिट अग्लो छ । मन्दिरको दक्षिण भागमा उन्मत्त भैरव छन् भने त्यसदेखि दक्षिण भागमा पूरै ६४ शिव लिंगहरू छन् । त्यसो त काठमाडौं, ललितपुर, काभेंपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग, मकवानपुर आदि गरी १० जिल्लाहरूमा ६४ ज्योतिर्लिङ्गको आदीम थलो छ भने ६४ ज्योति लिङ्गमध्ये सर्वप्रथम आदीम लिङ्ग सिन्धुली क्षेत्रको कुशेश्वर शिव लिङ्ग हो भने अन्तिम ज्योतिर्लिङ्ग पशुपति मन्दिर परिसर उत्तर क्षेत्र कैलाशमुनिको रूदगारेश्वर हो ।

पशुपतिनाथको मन्दिर दुई तले प्यागोडा शैलीको छ । झण्डै साढे तीन फिट अग्लो शिवलिङ्ग मन्दिरभित्र विराजमान छन् । मन्दिरको मर्मत तथा पूजा व्यवस्थापनको परम्पराको श्रेय आठौंशताब्दीताका यहाँ आएका आद्यगुरू शङ्कराचार्यलाई जान्छ । यहाँ शङ्कराचार्य मठ पनि छ । पश्चिम क्षेत्रमा कैलाशबाट आराम गर्न आएका महादेवले गुहेश्वरी अर्थात उमालाई साथै लिई यहाँ विराजमान गर्ने गरेको बुझिन्छ । पूर्व दक्षिणतर्फ ब्रह्मनाल क्षेत्र छ जसलाई आर्यावर्त भनिन्छ । यहाँ जल स्नान गर्नेहरू भवरोगबाट मुक्ति पाउँछन् । ब्रह्मनालदेखि भष्मेश्वर क्षेत्रसम्मलाई भष्मतीर्थ भनिन्छ । भष्मतीर्थमा पाइला राख्ने कुनै पनि प्राणीले भवाटवीको मोहबाट छुट्टी पाउन सक्छन् ।

पृथ्वीका मानिसहरू ज्यादै दुराचारी भएकोले तिनको पापको कारण मृत्युपछि यमलोकमा यमराजलाई कार्यबोझ ज्यादै बढेछ । यमराजको सोच के रहेछ भने आफू धर्तीमा ओर्लिएर धर्तीबाटै प्राणीहरूलाई गति मुक्ति दिने सोच बढेपछि शरीरमा भष्मलेपन गरी बागमतीमा स्नान गर्न आइपुगेछन् । यमराजले भष्मतीर्थ बागमतीमा स्नान गर्दा "ॐ नमः शिवाय" पाँच अक्षरको मूलमन्त्र जपेका थिए । स्नान गर्दागर्दै शरीरको भष्मका कण उछिट्टिएर भष्मेश्वर ज्योतिर्लिङ्ग प्रकट भएछ । शिव स्वरूप त्यो

ज्योतिर्लिङ्गलाई यमराजले प्रार्थना गर्दै भनेछन् - हे प्रभु मलाई कार्य बोझ धेरै भयो । यमलोकमा पापीहरू राख्ने ठाउँ नै छैन । यहीं बाट उद्धार गरिदिनु पऱ्यो । शिवजीले "हुन्छ" भनिदिनु भएछ र आफू भष्मेश्वर ज्योतिर्लिङ्गका रूपमा आर्यावित क्षेत्रमा बस्ने निधो गर्नु भएछ । अबदेखि जसको शवदाह हुन्छ ती सबैको भष्म कणहरू मेरो शिव लिङ्गमा पर्छ । त्यो धुवाँको कण मेरो क्षेत्रमा पर्ने प्राणीहरूले जीवनमा जतिसुकै कुकर्म गरेका भए पनि मुक्ति हुनेछन् तिनको पुनर्जन्म हुने छैन भनेर शिवजीले भन्नु भएकाले प्राचीन सत्य युगदेखि नै यहां शवदाह गर्न थालिएको हो ।

पशुपतिनाथ मन्दिरपरिसरमै आफू नित्य निरन्तर सेवा गर्ने अवसर पाउन लालयित शक्तिस्वरूपा उमाले शिवको प्रार्थना गरेपछि शिव आज्ञाअनुसार उमाले वत्सलाको रूप लिनु भएको र वत्सलाको दर्शन गरेपछि मात्र शिवको दर्शन गरेको पुण्य मिल्ने कुरा हिमवत् खण्डमा विशद वर्णन गरिएको छ । पार्वतीको रूपमा सतीको गुह्य पतन भएको क्षेत्र विश्वको सात करोड पावन पीठको आदिमस्थल गुह्येश्वरी क्षेत्र पशुपतिनाथ मन्दिरको झण्डै एक कि.मि. उत्तर पूर्वमा रहेको छ भने माघस्नान गरेर पार्वतीले गौरीघाटमा रहेर किरातेश्वर भगवानलाई पाएको क्षेत्र पनि यसै मन्दिर उत्तर पूर्वीक्षेत्र हो । पशुपतिनाथको दर्शन गर्नु पूर्व गौरीघाटमा स्नान जल अर्चन गर्नुपर्ने, कैलाशक्षेत्रमा स्पर्श गर्नुपर्ने, प्रसिद्ध गौशालाक्षेत्रमा रहेकी जयबागेश्वरी आमाको स्तुति बन्दना गर्नुपर्ने कुरा नेपाल माहात्म्यमा वर्णन गरिएको छ भने वत्सलादेवीकी पुत्र चन्द्र विनायक चावहिल क्षेत्र र त्यस क्षेत्रमा जात्रा चलाइने नक्साल भगवतीको चर्चा पनि स्कन्द पुराणले विशद वर्णन गरेको छ । वत्सलादेवी र नक्साल भगवती दिदी बहिनी हुन भनिन्छ । दुवैलाई शिवका प्रेमीकाको रूपमा मानिएको छ ।

पशुपतिनाथको दर्शन पूर्व मन्दिर परिसर उत्तरतर्फ रहेको वासुकी नागको दर्शन गर्नुपर्ने हुन्छ । पशुपतिनाथ मन्दिरलाई पूरै परिक्रमा भन्दा पनि किराँतेश्वर, गुह्येश्वरीको दर्शन, मृगेश्वरमा जल अर्पण, गणेश, क्षेत्रपाल, नवग्रह, उन्मत्त भैरव, वत्सला, आकाश भैरव, जय मङ्गला, राजेश्वरी, भुवनेश्वरी, भष्मेश्वर आदि क्षेत्रको दर्शन बढी महत्वपूर्ण रहेको छ । अष्टमातृका लगायत नारायणको दर्शन र सत्यनारायणको दर्शन झन् महत्वपूर्ण छ । शिवरात्रि, तीज, बालाचतुर्दशी आदि

विशेष भीड लाग्ने समय दर्शनार्थीहरूले नियमतः दर्शन गर्ने गरेको पाइदैन। भीड भाडको कारणले पनि होला र लामको व्यवस्थापन कार्यले पनि होला पुराणहरूमा चर्चा गरिए अनुसारको नियम पालन भएको देखिदैन ।

मृगरूपी शिवले विचरण गरेको स्थल मृगस्थली हो । कैलाशमा शिवलाई नदेखेर ब्रह्मा-विष्णु-इन्द्रले मृगस्थलीमा मृगरूप शिवलाई देखेपछि शिवजीलाई समात्न लाग्दा शिवस्वरूप मृगको स्वर्ण सिंग ३ टुक्रा भएको र आफूलाई अपराध लागेकोले प्रार्थना गर्दा शिवजीले यो अपराध लाग्दैन ३ वटा सिंगका टुक्राहरू स्वर्ग, पाताल र नेपाल क्षेत्र गोकर्णमा लगेर स्थापना गर्नु भन्ने आज्ञा भएपछि मर्त्यमण्डलको अर्को पावनक्षेत्र बागमती तटमा गोकेर्णेश्वर क्षेत्रको उदय भएको हो । जहाँबाट बाग्द्वारदेखि झरेकी बागमती स्वरूपा शिवगङ्गा बग्दै आएर आर्यघाट हुँदै पवित्र शंखमूल पुग्छिन् ।

मायारूपी पाशोमा बाँधिएका बुद्ध प्राणीलाई पशु भनिन्छ र मायाबाट मुक्त पार्नेको नाम पतिका रूपमा सबै जीवका मालिक शिवलाई पशुपति भनिएको हो । अज्ञानी मनुष्यहरू नश्वर छन् । नश्वरले ईश्वर प्राप्त गर्ने प्रयास गर्नुपर्ने हुन्छ । जीव र जगत् दुवै परमेश्वर शिवका गहना हुन्, खेलौना पनि हुन् । तिनले हरदम परमेश्वरको चाहना गरेका हुन्छन् । अंशले अंशी प्राप्त गर्ने प्रयास स्वरूप जीवात्माहरू ब्रह्मादेखि स्थावर पर्यन्त सबै परमेश्वर शिवमा लय हुन चाहन्छन् । संसारको रचना सृष्टि हो, सृष्टिलाई चलाइ राख्नु पालना हो र सृष्टिलाई नाश गर्नु संहार हो । जीवात्माबाट प्राण पखेरू निस्कनुलाई तिरोभाव भनिएको छ । यी चारै कार्य बाट उन्मुक्त हुनु चाहिँ "अनुग्रह" हो । अर्थात यहाँ जम्मा जम्मी ५ कार्यहरू भए संसार चलाउन ! सृष्टि, पालना, संहार, तिरोभाव र अनुग्रह- यी पाचै कार्य गर्ने पंचमुखी महादेव नै हुन् । मोक्ष हुनुको नाम जीवले शिव प्राप्ति गर्नु नै हो ! शिवको अर्को नाम कल्याण हो । शिवको ५ मुखले यही संकेत गर्छ । विश्व ब्रह्माण्डको कल्याण ! शिवरात्रिको पावन अवसरमा विश्वका मानव कल्याण हेतु सर्वेश्वर भगवान शिव महिमा यत्ति नै !

♦♦♦

**विचलित नभै गर्छौ सेवा, विपत्ति होस् या महामारी,**
**कर्तव्य पथमा लम्किरहने, राष्ट्र सेवक नेपाल प्रहरी**

# चुनौती र अवसर



✍ **उद्धवप्रसाद प्याकुरेल**

कोभिड १९ कोरोना महामारीले दोस्रो रूप लिएर आयो । यस महामारीबाट हामी आफैँले सावधानी अपनाउनुको विकल्प छैन । यस्तो अवस्थामा विद्यालय सञ्चालन गर्दा सङ्क्रमण बढ्छ र झनै भयावह स्थिति आउन सक्छ । त्यसैले सङ्क्रमणको भयावह स्थितिबाट बच्न र स्थितिलाई सामान्य बनाउन विद्यालय बन्द गर्नु नै उत्तम उपाय हो ।

यसको दोहोरो असर विद्यार्थी भाइ बहिनीहरूमा परेको छ । एकातिर अन्तिम परीक्षा आउँदै गरेको थियो । विद्यालय बन्द भयो । अब परीक्षा कहिले हुने हो ? पढेका कुरा बिर्सने पो हो कि ? अवश्य चिन्ता लाग्छ । अर्कोतिर कोराना सङ्क्रमण हुने हो कि भन्ने चिन्ता ।

भाइ बहिनीहरू, यो व्यक्तिगत नभई सामूहिक समस्या हो । राष्ट्रिय अन्तर्राष्ट्रिय समस्या हो । यस्ता समस्याहरू चुनौतीका रूपमा आएका छन्। आउँछन्। यस्ता चुनौती निश्चिन्त भएर निडर भएर सामना गर्नुको विकल्प पनि त छैन नि ।

भाइबहिनी हो, अब यो चुनौतीलाई अवसरमा कसरी परिणत गर्न सकिएला ? चुनौतीभित्र कयौँ अवसरहरू लुकेर बसेका हुन्छन् । तपाईंहरूले त्यस्ता अवसरका कुरा केही देख्नु सोच्नु भएको छ ? म ती अवसरका केही कुरा कोट्याउने प्रयास गर्छु बाँकी तपाईंहरूको जिम्मामा छोड्छु है ?

हाम्रा बाजे बराजुहरूले ढिकी, जाँतो, ठेकी मदानी, गुन्द्रीका तान, आरन, घट्ट हलो जुवा, चर्खा, माटाका भाडा बनाउने साधन आदि जस्ता जीवन चलाउन सजिलो हुने धेरै प्रविधिको आविष्कार गरे । के उनीहरूले हामीले जस्तै स्कुल पढेका थिए त ? हो अवश्य थिएनन् र पनि धेरै प्रविधिको विकास गरेका रहेछन् । न्यूटनले पाकेको स्याउ झरेको देखेर गुरूत्वबल पत्ता लगाए । राइट दाजुभाइले उडेको चरा हेरेर हवाईजहाजको आविष्कार गरे । यस्ता कुरा उनीहरूलाई न उनीहरूका

आमाबुबाले अह्राए न स्कुलका गुरू र गुरूआमाले । यस्ता कयौं उदाहरण भाइ बहिनीहरूले पढ्नु भएको होला । स्कुल जान नपाउँदा यस्ता अनुसन्धानका विषय अवसरका रूपमा आएका हुन्छन् । अर्को कुरा हामीले पढ्नुको उद्धेश्य जीवन र जगतमा खोज अनुसन्धान गरी आफू र आफ्नो परिवार, समाज र राष्ट्रको विकासमा सहयोग पुऱ्याई सुखमय जीवनयापन गर्न सक्ने हुनु हो । पढेर लगनशिल सिर्जनशिल, अनुशाशित भई प्रतिभा देखाउन सक्ने हुनु हो । तसर्थ तपाईं पढ्दै हुनुहुन्छ । तपाईं, तपाईंको परिवार, समाज र देशको भविष्य त तपाईंकै हातमा रहेछ होइन र ? त्यसकारण हामी कुनै न कुनै सिर्जनाको आविष्कारक किन नहुने । त्यसका लागि पढेर मात्र हैन खोज अनुसन्धान र प्रयोग पनि सँगसँगै गर्नुपर्छ हैन र ?

भाइबहिनी हो, तपाईंहरूले कक्षागत र तहगत रूपमा पाठ्यपुस्तक पढ्नु भएको छ । गुरू र गुरूआमाहरूले पढाउनु भएको छ हैन त ? पक्कै हो । पाठ्यपुस्तकका पाठ र अभ्यास के का आधारमा तयार भएका हुन्छन् ? तपाईंलाई थाहा छ ? पक्कै थाहा होला । पाठ्यक्रमको आधारमा बनेको हुन्छ । पाठ्यक्रममा हामीले पढेर गरेर पूरा गर्नुपर्ने विषयवस्तु हुन्छन् । हामीले पूरा गर्नुपर्ने उद्धेश्यहरू हुन्छन् । उद्धेश्य पूरा गर्ने तरिकाहरू हुन्छन् । उद्धेश्य पूरा भयो या भएन भनेर जाँच्ने तरिकाहरू हुन्छन् । पाठ्यक्रम चाहिं हाम्रै आवश्यकता, समाज राष्ट्र र अन्तर्राष्ट्रिय आवश्यकताका आधारमा तयार भएको हुन्छ । पाठ्यपुस्तक त पाठ्यक्रमको उद्धेश्य प्राप्त गर्ने धेरै उपाय वा साधनमध्ये एउटा उपाय वा साधन हो । पाठ्यपुस्तकमा हामीले पढेका छौं । त्यसकै आधारमा लेखेका छौं । तर हामी आफैंले अभ्यास गरेर हेरेका त छैनौं नि । पाठ्यक्रमले त अभ्यास पनि गरेर हेर भनेको हुन्छ । पढेर लेखेर मात्र अभ्यास हुँदैन । त्यसैले यो स्कुल बन्द भएको समयमा के के अभ्यास गर्न सकिन्छ होला सोच विचार गरौं है त ।

हामी भाषा विषय किन पढ्छौं थाहा छ ? पक्कै थाहा छ । हामीले धेरै भन्दा धेरै शब्द भण्डारको विकास गर्न, सही सूचना आदानप्रदान गर्न, शुद्धसँग बोल्न, पढ्न लेख्न, सुनेको पढेको कुराको भाव बुझ्न र अरूलाई बुझाउन, साहित्यिक रचना गर्न आदि । के यी कुराहरू हामी स्कुल गएर पढेर मात्र सिक्छौं त ? अवश्य हैन । हैन भने स्कुल बन्द भएका बेलामा कसरी सिक्न सकिन्छ होला विचार गरौं त ?

म बन्दको बेलामा हरेक दिन

बिहानदेखि बेलुकासम्म यो यो काम गर्छु भनेर योजना बनाउनुहोस् । आफूले बनाएको योजना र आफूले गरेका कामको अनुभव आमाबुबा वा परिवारका सबै सदस्यहरूलाई सुनाउनुहोस् । आमाबुबा दाइ, दिदी, भाइ बहिनी वा तपाईंका परिवारमा भएका अन्य सदस्यहरूले के के काम गर्नुभयो अनुभवसहित सुनाउन लगाउनुहोस् । आफूले देखेका सुनेका रमाइला, नरमाइला, प्रेरणादायी घटनाहरू परिवारका सदस्यहरूलाई सुनाउनुहोस् । परिवारका सदस्यले देखे सुनेका घटना पनि भन्न लगाउनुहोस् । घर व्यवहारमा सबै सदस्यहरूले गर्ने सम्पूर्ण कामहरू के, किन, कसरी, कहिले गरिन्छ छलफल गर्नुस् गराउनुस् र आफूले जानेका भाषाहरूमा लेख्नुहोस् । आमाबुबाले जानेका लोककथा, गीत भन्न लगाउनुहोस् र जानेका भाषामा लेख्नुहोस । घरमा मनाइने चाडपर्व के के हुन आमाबुबा वा जानकार व्यक्तिलाई सोध्नुहोस् र लेख्नुहोस् । तपाईंले गाउँघर, समाजमा देखेका, सुनेका समाज विकासका कुरा, विभेदका कुरा, कुरीतिका कुरालाई आधार बनाई कथा, निबन्ध, कविता लेख्नुहोस् । तपाईंको घरमा पालिएका जीवजनावर, तपाईंका घरमा भएका सामग्रीहरूको बारेमा निबन्ध, कथा, कविता लेख्नुहोस् । लेख्नका लागि पहिला कसरी कथा निबन्ध कविता लेखिदो रहेछ नियम जान्नका लागि धेरै त्यस्ता विद्याका पुस्तक पढ्नुहोस् । रेडियो, टेलिभिजनका समाचार हेर्ने सुन्ने गर्दा र पत्र पत्रिका पढेर घटना वर्णन गर्ने तरिका सिक्न सकिन्छ । तपाईंले काम कुराकानी गर्दा कर्ता, क्रियापद, विशेषण, अव्यय, विभक्ति, निपात, अनुकरण शब्द, जस्ता व्याकरणीय शब्दहरू प्रयोग भई रहेका हुन्छन् । ती शब्द के, कहाँ र कसरी प्रयोग भएका छन् विचार गर्नुहोस् । ती शब्दहरू सूची बनाउनुहोस् । हामीलाई जसरी पनि शब्दभण्डार बढाउनु छ नि हैन र ?

यसरी नै गणितका क्रियाकलाप पनि गर्न पक्कै सकिन्छ । तपाईंको घरमा आम्दानी भइरहन्छ होला । खर्च पनि भइरहन्छ होला । आमाबुबालाई सोध्नुहोस् । घरको आम्दानी खर्चको विवरण बनाएर हिसाब राख्नुहोस् । ऋण लिएको अथवा दिएको छ भने ब्याज हिसाब गर्नुहोस् । भाँडाकुँडा नाप्नुहोस् । पानी भर्नुहोस् र लिटर मिलिलिटर कति अटाउँछ हिसाब राख्नुहोस् । भाँडाहरूको तुलना गर्नुहोस् । घरमा भएका हरेक वस्तु स्केल मिटर र टेपले

नाप्नुहोस् । परिमिति, क्षेत्रफल, आयतन निकाल्नुहोस् । आलु, रोटी, फलफूल काटी भिन्न, दशमलब, प्रतिशतको अभ्यास गर्नुहोस् । यो त थोरै उदाहरण हो । गणितको पाठ्यपुस्तक हेर्नुहोस् र कुन कुन हिसाब व्यवहारिक तरिकाबाट कसरी समस्या समाधान गर्न सकिन्छ बिचार गर्नुहोस् र अभ्यास पनि गर्नुहोस् ।

यसरी नै तपाईको गाउँ, वडा, गाउँपालिकाको नक्सा कोर्नुहोस् । बस्ती, खेतबारी, वनजङ्गल, नदीनाला, स्कुल, बाटो, पुल, मन्दिर जस्ता प्राकृतिक तथा साँस्कृतिक स्रोत साधनको संकेत भर्नुहोस् । गाउँबस्ती वडा र गाउँपालिकामा के के कुराको विकास भईरहेको छ ? वडा प्रतिनिधि वा जाने बुझेका मानिससँग सोधखोज गर्नुहोस् र प्रतिवेदन तयार गर्नुहोस् । गाउँबस्ती वडा र गाउँपालिकामा के के समस्याहरू छन् खोजी गर्नुहोस् र प्रतिवेदन तयार गर्नुहोस् । घर, गाउँ, वडा, गाउँ नगरपालिको जातिगत, भाषागत, पेसागत, लिङ्गगत आयस्रोतका हिसाबले जनसङ्ख्या विश्लेषण गर्नुहोस् । गाउँ, वडा, गाउँ वा नगरपालिकाभित्र मनाइने चाडपर्व, मेला, रहनसहन, चालचलन, रीतिजिवाज, भेषभूषा, खानपानको अवस्था सोधखोज गरि प्रतिवेदन तयार गर्नुहोस् । व्यवसायिक खेती, पशुपालन, फलफूल, तरकारी खेती अध्ययन अवलोकन गरि प्रतिवेदन तयार गर्नुहोस् । गाउँ, वडा र गाउँ वा नगरपालिकाभित्र रहेका साना ठूला उद्योग, स्थानीय प्रविधिका साधन अवलोकन गर्नुहोस् र प्रतिवेदन तयार गर्नुहोस् । माटोका अवस्था, प्रकार अवलोकन गर्नुहोस् ।

यसरी नै विज्ञानका पाठहरू हेर्नुहोस् र घरमा प्रयोग र अभ्यास गर्न मिल्ने क्रियाकलाप गर्नुहोस् । यसरी सिक्न सक्नु भयो भने तपाईं आफ्नो जीवन पढ्नुहुन्छ । सिकाई दिगो हुन्छ । जीवनको परीक्षामा सधैं पास हुनुहुनेछ । पढ्नुको उद्धेश्य पूरा हुन्छ । तपाईं अनुसन्धानकर्ता आविष्कारक बन्न सक्नुहुन्छ । यो बन्दाबन्दीको चुनौतीभित्र लुकेको अवसर अवश्य पछ्याउनु हुनेछ । यो त समग्रमा थोरै उदाहरण मात्र हो । भाइबहिनी हो तपाईंहरू फरक फरक उमेर, क्षमता, तहका हुनुहुन्छ । उदाहरणमा दिइए जस्तै आफ्नो उमेर क्षमता र कक्षा अनुसारको क्रियाकलाप गर्न सक्नुहुन्छ । भाइबहिनीहरूको बन्दाबन्दी समय सिकाइमय रहोस् । स्वस्थ रहनुहोस् सुरक्षित हुनुहोस् शुभकामना ।

◆◆◆

# वैज्ञानिक स्टेफन हकिन्स कस्ता थिए ?



✍ राजेशमान के.सी.

वैज्ञानिक स्टेफन विलियम हकिन्सको जन्म सन् १९४२ को जनवरी ८ तारिखका दिन बेलायतको अक्सफोर्ड सहरमा भएको थियो । स्मरण रहोस् स्टेफन जन्मेकै दिन अर्थात जनवरी ८ तारिखका दिन भण्डै ३०० वर्ष अगाडि वैज्ञानिक ग्यालिलियो ग्यालिलिको पनि मृत्यु भएको थियो ।

हकिन्सलाई वैज्ञानिक जगतका प्रमुख सिद्धान्तवादी भौतिक शास्त्रीहरू मध्येका एक मानिन्छ । विशेषगरी ब्रम्हाण्डको उत्पत्ति र अवस्थितिका सम्बन्धमा Big Bang देखि Black Hole सम्म उनले गरेको अध्ययन अनुसन्धान सम्बन्धी कार्यबाट यस क्षेत्रमा एउटा अत्यन्त रोचक र महत्वपूर्ण परिवर्तन ल्याईदिएको वैज्ञानिक समुदायको भनाई रहेको छ । स्टेफन हकिन्सको विशेष रूची गणितमा थियो । तर उनका पिता उनलाई डाक्टर बनाउन चाहन्थे । किनकी उनका पिता स्वयम् पनि पेशाले डाक्टर नै थिए । तर पछि उनी अक्सफोर्ड युनिभर्सिटी कलेजमा भर्ती हुन पुगे जहाँ उनले भौतिकशास्त्र विषयको अध्ययन गरेका थिए ।

सन् १९६३ तिरको कुरा हो । हकिन्सले आफ्नो २१औं वर्षगाँठ मनाईरहेकै समयमा उनी अप्रत्याशित रूपमा 'मोटर न्यूरन डिजिज' नामक रोगबाट पीडित हुन पुगे । यो एउटा यस्तो रोग थियो जुन रोग लागेपछि बिरामीले विस्तार विस्तारै आफ्ना शरीरका सबै अंगहरूको नियन्त्रण गुमाउँदै जान्छ । रोग फैलदै गएपछि हकिन्स शारीरिक रूपमा हिँडडुल गर्न नसक्ने भए । उनको बोली अस्पष्ट हुँदै गयो र अन्ततः उनले आफ्नो आवाज पनि पूर्ण रूपमा गुमाउन पुगे । त्यसबेला न त उनी हिँडडुल गर्न सक्दथे न त आफ्ना कुरा बोलेर कसैलाई भन्न सक्दथे । उनमा यस्तो रोग पत्ता लागेपछि चिकित्सकहरूले उनी दुई वर्ष भन्दा बढी नबाँच्ने बताएका थिए ।

यसरी हकिन्सले जब आफू

मोटर न्यूरन डिजिजबाट पीडित भएको थाहा पाए । शुरूमा त उनी अत्यन्त दुःखित भएका थिए । उनको मस्तिष्कले सोच्नै सकेन कि बाँकी जीवन कसरी जिउने ? के का लागि जिउने ? र कुन उद्धेश्यले जिउने? तर उनले हिम्मत हारेनन् । उनले के निश्चय गरे भने जस्तोसुकै कठिन परिस्थिति आए पनि पूर्ण सार्थकताका साथ जीवन जिउनु पर्छ । आफ्नो यही दृढ निश्चय अनुरूप उनी उच्च अध्ययनका क्रममा विद्यावारिधी हासिल गर्नतिर लागे र साथसाथै ब्रम्हाण्डको उत्पत्ति र अवस्थितिका सम्बन्धमा पनि गहनतापूर्वक अध्ययन अनुसन्धानमा लागे ।

त्यसपछि चिकित्सकहरूकै सल्लाह अनुसार उनले ह्विीलचियरमा बसेर आफ्नो बाँकी जीवन व्यतीत गर्न थाले। यद्यपि हकिन्सको यो ह्विीलचियर साधारण किसिमको भने थिएन । यसमा धेरै किसिमका वैज्ञानिक उपकरणहरू समेत जडान गरिएका थिए । जसको माध्यमबाट उनी विज्ञानका अनेकन् रहस्यहरूको अध्ययन गरेर यस बारेमा उनी विश्व समुदायलाई बताउन सक्दथे अर्थात जानकारी गराउन सक्दथे । वैज्ञानिक स्टेफनले आफ्नो यो रोग पत्ता लाग्नु भन्दा केही समय अघि मात्र जेन विल्डे नामक महिलालाई भेटेका थिए र पछि दुवैले सन् १९६५ मा प्रेम विवाह पनि गरे । यस क्रममा हकिन्स दम्पत्तिको एक छोरी र दुई छोरा गरी तीन सन्तान पनि भए । तर सन् १९९५ मा उनको पहिलो पत्नीको मृत्यु भएपछि सोही वर्ष उनले पुनः अर्की महिला एलैन मासोनसँग दोस्रो विवाह गरेका थिए । तर दोस्रो पत्नीसँग पनि उनको वैवाहिक सम्बन्ध लामो समय सम्म कायम रहन सकेन र सन् २००६ मा दुवैले स्वेच्छा पूर्वक नै सम्बन्ध विच्छेद गरे ।

वैज्ञानिक स्टेफन विद्यार्थी जीवनदेखि नै अत्यन्त मेधावी छात्र थिए । उनी विद्यालय तथा क्याम्पसमा पनि सधैँ उत्कृष्ट नै हुने गर्दथे । विशेषगरी गणितलाई आफ्नो प्रिय विषय मान्ने स्टेफन हकिन्सले पछि अन्तरिक्ष विज्ञानमा पनि रूची लिन थालेका थिए । आफ्नो यही रूची र लगनशिलताका कारण उनी २० वर्षको कलिलो उमेरमै क्याम्ब्रीज अन्तरिक्ष विषयमा शोधवृत्तका लागि समेत छनौट हुन पुगेका थिए । त्यसपछि अन्तरिक्ष विज्ञानमै उनले विद्यावारिधी पनि गरे । वास्तवमा आज जुन क्षेत्रमा उनले दिएको योगदानको स्मरण गरिन्छ, त्यो अन्तरिक्ष विज्ञान नै हो। त्यसो त उनलाई अन्तरिक्ष विज्ञानको गहन अध्ययताकै रूपमा पनि लिइन्छ । स्मरण रहोस् अन्तरिक्ष विज्ञान सम्बन्धी

अध्ययन अनुसन्धानकै क्रममा उनी बिग ब्यांग र ब्ल्याक होलको नयाँ परिभाषा प्रस्तुत गर्न पनि सफल हुन पुगेका थिए ।

वैज्ञानिक स्टेफन मोटर न्यूरन डिजिज जस्तो शरीरको अंगहरूले चेतना गुमाउने रोगबाट पीडित भएर पनि न्यूटन आइन्सटाईन जस्ता विशिष्ट वैज्ञानिकहरूसँग तुलनायोग्य मानिन्थे । उनको यही गुण अथवा विशेषताका कारण उनका शिक्षक तथा साथीभाइहरूले उनलाई 'मिस्टर आइन्सटाईन' भनेर पनि बोलाउने गर्दथे । अत्यन्त तीक्ष्ण बुद्धिका हकिन्सले आफ्नो ग्राजुएशनपछि पनि क्याम्ब्रीजमा Research Fellow का रूपमा कार्य गर्न थाले र पछि Professional Fellow का रूपमा समेत कार्य गरे । त्यसपछि सन् १९७४ मा आएर उनी बेलायतको रोयल सोसाइटी एण्ड नेशनल रिसर्च एकेडेमीको मानार्थ सदस्यमा समेत मनोनित हुन पुगेका थिए । यो उनको लागि निकै प्रतिष्ठित र गरिमामय पद थियो । आफ्नो यही उत्कृष्ट अध्ययन अनुसन्धान सम्बन्धी कार्यका कारण आफ्नो जीवनकालमा उनले विभिन्न एक दर्जनभन्दा बढी राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मान र पुरस्कारहरू पनि प्राप्त गरेका थिए ।

यसै सिलसिलामा सन् १९७९ मा उनी क्याम्ब्रीज विश्वविद्यालयमा गणित विषयको प्राध्यापकको रूपमा पनि नियुक्त हुन पुगे । त्यो पनि उनको लागि निकै ठूलो प्राज्ञिक र गरिमामय पद थियो । वैज्ञानिक स्टेफन हकिन्स भौतिकशास्त्रीका साथसाथै एक प्रसिद्ध लेखक पनि थिए । उनको पहिलो पुस्तक A Brief History of Time थियो । जुन पुस्तकले त्यतिखेर अन्तर्राष्ट्रिय बजारमा सर्वाधिक बिक्री हुने पुस्तकहरूमध्येमा समेत निकै चर्चा पाएको थियो । आफ्नो यो पुस्तक उनले साधारण व्यक्तिलाई समेत ब्रम्हाण्डको उत्पत्ति र अवस्थितिबारे ज्ञान दिलाउन सकियोस् भन्ने अभिप्रायले लेखेका थिए । त्यसपछि हकिन्सले अन्य पुस्तकहरू जस्तैः The Universe in a Nutshell, The Grand Design, On the shoulders of Giants आदि पनि लेखेका छन् र यी पुस्तकहरू पनि उनले विज्ञान सम्बन्धी पृष्ठभूमि नभएका व्यक्तिहरूलाई समेत अन्तरिक्ष सम्बन्धी जानकारी दिलाउने उद्धेश्य राखेर नै लेखेका थिए ।

वैज्ञानिक हकिन्सले आफ्नै छोरी लुसी हकिन्ससँग मिलेर विभिन्न fictional series of books पनि लेखे जुन विशेषगरी माध्यमिक विद्यालयस्तरका विद्यार्थीहरूका लागि समेत निकै उपयोगी मानिएको थियो । यी मध्य एउटा महत्वपूर्ण पुस्तकको

नाम "George and Big Bang" भन्ने रहेको थियो । यसका साथै हकिन्सले केही टेलिभिजन कार्यक्रमहरू पनि निर्माण गरेका थिए । ती मध्ये Big Bang Theory तथा अन्य स-साना टेलि श्रृङ्खलाहरू छन् जुन विद्यार्थी र सर्वसाधारण व्यक्तिहरूका लागि समेत अत्यन्त शिक्षाप्रद र उपयोगीमूलक मानिन्छन् । त्यसमा पनि Stephen Hawking's Universe भन्ने टेली श्रृङ्खलाले त उनको अन्तरिक्षसम्बन्धी अनुसन्धान र सिद्धान्तलाई पनि स्पष्ट रूपमा उजागर गरेको मानिन्छ ।

वैज्ञानिक स्टेफन कुनै ईश्वरवाद वा अदृष्य शक्तिमाथि भने विश्वास राख्दैन थिए । यस सम्बन्धमा उनले आफ्नो The Universe in a Nutshell नामक पुस्तकमा स्पष्ट रूपमा लेखेका छन् The Universe is governed by the laws of Science । अर्थात समस्त ब्रम्हाण्डको संचालन कुनै ईश्वर वा अदृष्य शक्तिद्वारा नभई विज्ञानको आधारभूत सिद्धान्त र नियम अनुसार हुने गर्दछ ।

त्यसपछि सन् २०१५ मा आएर वैज्ञानिक हकिन्सकै जीवनीमा आधारित एउटा चलचित्र पनि निर्माण गरिएको थियो । जुन चलचित्रको नाम The Theory of Everything भन्ने थियो । यस चलचित्रको स्वयम् हकिन्सले समेत आफ्नो जीवनको वास्तविक घटनाहरू प्रतिविम्बित भएको भनेर प्रशंसा गरेका थिए । उनले भनेका थिए कि 'दूर्भाग्यवश म शारीरिक रूपमा निकै जटिल रूपमा अशक्त बन्न पुगे । तर वैज्ञानिक अध्ययन अनुसन्धानमा भने म आफूलाई पूर्ण रूपमा सफल भएको मान्दछु । र, मलाई के पनि आशा एवम् विश्वास छ भने एकदिन म अन्तरिक्षसम्म यात्रा गर्न पनि सफल हुनेछु । तर सबै कुरा मानिसले सोचेको जस्तो त कहाँ हुने रहेछ र? वैज्ञानिक स्टेफनको पनि यो सदिच्छा भने अधुरो नै रहन पुग्यो । आफ्नो यो सदिच्छा पूरा हुन नपाउँदै सन् २०१८ को मार्च १४ तारिखका दिन आफ्नै गृह नगर मानिने बेलायतको क्याम्ब्रिजमा उनको दुःखद् निधन हुन पुग्यो ।

यसरी वैज्ञानिक स्टेफन हकिन्स शारीरिक रूपमा अशक्त र अत्यन्त जटिल अनि अनौठो रोगबाट पीडित भइकन पनि उनले आफ्नो अदम्य साहस र दृढ इच्छा शक्तिका कारण आफ्नो वैयक्तिक जीवन मात्र सार्थक रूपमा जिएर देखाएनन् अपितु वैज्ञानिक जगतमा समेत अद्वितीय योगदान पुऱ्याएर उनले आफूलाई असाधारण क्षमता भएका व्यक्तिका रूपमा विश्वसामु प्रमाणित गरेर देखाई दिएका छन् । ◆◆◆

कथा

# अभिलाषा



✍ मौनता थापा

मोहन आज छिट्टै घर आएको छ अफिसबाट । सलिमा सुत्केरी हुने समय नजिकिँदै आएकोले अन्य कामलाई व्यवस्थित गरी उनकै हेरचाहमा लागेको छ । साँझको खाना खाएर बिस्तारामा पुग्दा सलिमा पेट कम्मर दुख्यो भनेर छट्पटाउन थाली । ठूलो पेट, गर्भवतीको शरीर पीडा सहन कति गाह्रो हुँदो हो उनलाई ! यस्तै सोच्दै मोहनलाई के गरौं कसो गरौं हुन्छ । आफै अलमलमा पर्छ । ऊ एकटक सलिमालाई हेरिरहन्छ । मेरी जीवन सङ्गिनी हाम्रो पहिलो सन्तान मेरो वंशलाई जन्म दिँदैछे, उपहारस्वरूप । म बुबा बन्दै छु भन्ने मीठो आभाष भइरहेछ उसलाई । खुसीसँगै सम्भावित खतराले उसलाई गिजोलीरहेको छ ।

सलिमाको टाउको मोहनले आफ्नो काखमा राख्छ । निधारमा चुम्बन गर्दै सोध्छ, 'धेरै नै दुखिरहेको छ हो नानु तिमीलाई ?' माया गरेर 'नानु' भन्ने गरेको छ मोहनले उनलाई ।

'हो, आज धेरै नै दुखिरा'को छ । बरू छिट्टै अस्पताल जाऔं न है', सलिमाले कारूणिक स्वरमा भनी । मोहनले फोन गरेर ट्याक्सी बोलाउन कुनै ढिलाई गरेन । ट्याक्सीमा थापाथलीस्थित प्रसुतीगृहमा पुग्दा सलिमाको असहजता बढ्दो थियो । डाक्टरले स्वास्थ्य जाँच गरे र भने, 'अवस्था राम्रो छ, आत्तिनु पर्दैन ।'

डाक्टरको भनाइले मोहन मनमनै खुसी हुन्छ । आफ्नो पहिलो सन्तानको आगमनको प्रतीक्षामा पुलकित हुन्छ । उसलाई पहिलो पटक बाबु बन्दैछु भन्ने आभाषमा एकातिर तन र मनमा नयाँ तरङ्ग पैदा भइरहेको छ भने अर्कोतिर सलिमाको प्रसव पीडामा भित्रभित्र सलिमासँगै रोइरहेको पनि छ । एउटा नारीले सन्तानलाई गर्भधारण गरेदेखि जन्माउँदासम्म कति दुःख र कष्ट भोग्नु पर्दोरहेछ भन्ने कुरालाई

राम्ररी नजिकबाट नियाल्न पाएको छ मोहनले । आफूलाई जन्माउँदा आमाले पनि यस्तै पीडा भोग्नु परेको तीतो सत्यलाई राम्रोसँग महसुस गरिरहेको छ ।

सलिमा छिनछिनमा दुख्यो भन्दै कराउँछे । छिनमै निदाउँछे । यो क्रम चलिरहेको छ । डाक्टर छिनछिनमा जाँच्न आइरहेका छन् । सलिमाको हेरचाहको लागि मोहनकी बहिनी सानु पनि आएकी छ । सलिमाको बेडको दुईतिर बसेर दाजु बहिनी हेरचाहमा तल्लीन छन् ।

अचानक मोहनको मोबाइलमा 'ट्रिङ ट्रिङ' घण्टी बज्छ ।

'हेल्लो के भयो, किन यति राती फोन गरेकी ? म नानुलाई अस्पताल लिएर आएको छु । ऊ प्रसव पीडामा छे, म यहाँ बिजि छु', मोहनले एकै सासमा जवाफ दिन्छ । किन फोन आएको हो ? उसले बुझ्ने प्रयास नै गरेन । फोन उसकी पूर्वप्रेमिका अभिलाषाले गरेकी थिई । मोहन आत्तिएर बोलेको सुनेर अभिलाषा स्तब्ध भई । हस्, आफ्नो र नानुको ख्याल गर्नु भन्दै उसले फोन राखिदिई ।

उता अभिलाषालाई निमोनियाको कारण फोक्सोको इन्फेक्सनले ज्वरो आएको छ । ऊ इन्तु न चिन्तु भएर चाबहिलस्थित मेडिकेयर अस्पतालमा भर्ना भएकी छे । ज्वरो झन् बढ्दै गइरहेको छ । मोहनको याद आएर फोन गरेकी थिई । तर उसकै परिस्थितिलाई मध्यनजर गर्दै आफ्नो कुरा केही भन्न सकिन । आँखा चिम्म गरेर उसले विगत सम्झी । मोहनसँग बिताएका पलहरू चलचित्रमा जस्तै देख्न थाली ।

तिमी कति राम्री छौ है चम्मू ? कति मायालु, कति मीठो बोली सुनिरहुँ जस्तो लाग्छ मलाई । तिम्रो व्यवहार अनि माया म कहिल्यै भुल्न सक्दिन । तिमी बिना म एकछिन पनि बाँच्न सक्दिन । मलाई कहिल्यै एक्लो नछाड है ? मैले जीवनमा कहिल्यै बाटो बिराएर तिमीलाई छाडेर अन्तै भुल्ने प्रयास गरे भने मलाई घच्घचाउ है । मलाई सम्हाल है । आँखाभरि आँसु टिलपिल पार्दै अभिलाषाको हात समात्छ । माया गरेर मोहनले अभिलाषालाई चम्मू भन्ने गर्थ्यो । त्यही शब्द उसले सम्झी ।

म पनि तपाईं बिना बाँच्न कहाँ सक्छु र ? तपाईंको साथ, माया र विश्वासमा संसार भुलेकी छु । तपाईंबिनाको जीवन अँध्यारो लाग्छ मलाई, म कल्पनासम्म पनि गर्न सक्दिन । अभिलाषा भावुक बनी । आफ्नो दुवै हातले मोहनको हात समाउँदै सुँक्कसुँक्क गर्न थाली ऊ ।

धत् लाटी किन रोएकी ? तिमी चिन्ता नगर चम्मू म जस्तै परिस्थिति आए पनि तिम्रो साथ छोड्ने छैन । हामी एक जुनी मात्र होइन हरेक जुनी साथ हुनेछौं । मोहनले अभिलाषाको टाउको आफ्नो छातीमा टाँसेर कपाल सुम्सुमाउँदै भन्यो ।

त्यो चादँनी रात कलकल गर्दै बगिरहेकी बागमती नदी । नजिकैको फाँटमा लहराएका धानका बाला, खेतका गराहरू, आकाशमा उदाएको चन्द्रमाको आकृति नदीको पानीमा टल्केको सुन्दर स्वरूप साँच्चिनै मनमोहक थियो । यिनैलाई देखाउँदै, ऊ हेर त चम्मू त्यो चन्द्रमा, यो खोला त्यो नजिकैको गोकर्णको जङ्गल, यो आकाश हाम्रा मायाका साक्षी हुन् । हाम्रो मायाको बारेमा यिनीहरूलाई सोध्दा बताइदिने छन् । शायद मोहनले बाचा गरिरहेको छ, 'चम्मू म तिम्रो आखाँमा कहिले आँसु आउन दिने छैन ।'

आँखा खोल्नुस् त, म बिस्तारै एउटा इन्जेक्सन लगाउँछु । जरो धेरै नै बढेको छ । बिरामीलाई अक्सिजन दिनु पऱ्यो अनि आइसियुमा सार्नु पऱ्यो । बिरामीको अवस्था जटिल हुँदै गइरहेको छ । डाक्टर र नर्सका यस्तै कल्याङमल्याङ मधुरो स्वरमा सुनी अभिलाषाले । हेर्दाहेर्दै उसलाई आइसियुमा लगे ।

जसले जे गरोस् अभिलाषा भने सपना मात्र देख्न थालेकी छे । न त कहीं दुखेको छ, न कुनै चिन्ताले छोएको छ । न त छट्पटाहट नै छ । तर घरिघरि बिस्तारै आँखा उघार्दै मोहनलाई खोज्न थालेकी छे उसले । मोहनको एक झलक मात्र भए पनि हेर्न पाए हुन्थ्यो भन्ने आशामा उसकै प्रतीक्षामा एक मुठी प्राण झुन्डाइरहेकी छे । जीवनमा मोहनको साथ पाउने अभिलाषा त पूरा भएन, भएन । यसमा कुनै गुनासो रहेन । तर एकपटक झलक्क देख्ने अन्तिम अभिलाषा पनि पूरा नहुने सन्त्रासमा ऊ तड्पिई ।

ऊ फेरि सपनामै हराउन थाली । कति सुन्दर थिए ती पलहरू, जतिबेला मोहनको विवाह भएको थिएन । मोहन र अभिलाषा दुई शरीर तर मन मुटु एउटै थियो । एक अर्का बिना बाँच्नै नसक्ने भएका थिए । अचानक एक दिन मोहनको घरमा विवाहको प्रस्ताव आयो । मोहनले नाइ भन्नै सकेन । किनकी मोहन र अभिलाषाबीच जातिय पर्खाल उभिएको थियो । ऊ घरको जेठो छोरा आफ्नो कुल रीतिरिवाजमा चल्न आफ्नै जातकी बुहारी चाहिने आमाको इच्छालाई नकार्न सकेन उसले र भुल्यो

सारा वाचा कसमहरू । अभिलाषाले बुझी मोहनलाई जतिखेर उसले विवाहको प्रस्तावलाई स्वीकार गऱ्यो । अभिलाषाका सारा सपना र विश्वास भताभुङ्ग भए । आकास खस्यो । जमिन भासियो । तर पनि उसले कुनै विरोध गरिन् । माया गर्ने मान्छेलाई तनावमा पार्न चाहिन उसले । चुपचाप आफ्नो आँसु आफै पिइरही । आफ्नो स्वच्छ मायाको प्रमाण जुटाई । तर अनायासै ऊ डिप्रेसनको सिकार बनी । स्वास्थ्यमा ध्यान नदिंदा गम्भीर बिरामी पर्दै गई ।

आइसियुमा अभिलाषाका आफन्तहरू पालैपालो आउँदै फर्कंदै गरिरहेका छन् । उसको स्वास बढ्ने घट्ने क्रम जारी भइरहेको छ । 'भेट्न चाहने कोही हुनुहुन्छ भने छिट्टै भेटाउनुस् । उहांको समय अब धेरै छैन', डाक्टरले सुझाव दिएका छन् । तर मोहनको अत्तोपत्तो छैन । आओस् पनि कसरी ? मोहनलाई त थाहा नै छैन । फेरि थाहा नै भए पनि के आउँथ्यो होला र ? आफ्नै संसार र श्रीमतीको स्याहार सुसारमा व्यस्त छ ।

बिहानको चार बजेको छ । अभिलाषा सपना देख्न छाडेर शान्त भएकी छ । कुनै हलचल नगरी निदाएकी छ, अब कहिल्यै नबिउँझिने गरी ।


उता मोहन मस्त निन्द्रामा छ । 'च्याहा च्याहा' बच्चा रोएको आवाजले उसको निद्रा खुल्छ । ऊ हतपत प्रसुती वार्डमा छिर्छ । 'मोहन बधाइ छ तपाईंलाई । छोरी प्राप्त भएको छ', नर्सको आवाजले उसलाई आनन्दित पार्छ ।

मोहन छोरीको अनुहार नियाल्छ । कस्तो चिरपरिचित आकृतिजस्तै । वर्षौंदेखि देखिरहेको अनुहार, त्यही आँखा त्यही नाक त्यस्तै मुख, हेदर्हिर्दै अवाक हुन्छ ऊ । राती बाह्र बजे अचानक आएको अभिलाषाको फोन सम्झन्छ । हतपत अभिलाषालाई फोन गर्छ । धेरै बेरपछि फोन उठ्छ । फोनमा आवाज आभिलाषाकी बहिनी शिलाको थियो । मोहन आत्तिदै अभिलाषालाई सोध्छ । शिलाको आवाज घाँटीसम्म आएर रोकिन्छ । नेपथ्यमा मानिसहरू रोएको कोलाहल गुञ्जिरहन्छ । मलिन स्वरमा शिला भन्छे, 'दिदी रहिनन् अब यो संसारमा ।'

मोहन सरासर छोरी भएको ठाउँमा जान्छ । छोरीको अनुहारमा अभिलाषालाई खोज्न थाल्छ । भावना र प्रेम भन्दा कर्तव्य नै ठूलो हुन्छ भन्ने उसलाई महसुस हुन्छ ।

♦♦♦

# कुविचार



✍ प्र.नि.भोजराज पाण्डेय

कानूनको शब्दमा Ignorance of law is no excuse अर्थात "कानूनको बारेमा ज्ञान थिएन त्यसकारण अपराध हुन गर्न पुगेको हो" भन्ने कुराको आपराधिक कार्य भए पश्चात त्यसले कुनै अर्थ राख्दैन ।

मानिस प्राणी जीवन जगतको सर्वश्रेष्ठ प्राणी हो भन्ने कुरा सायद भनिरहनु पनि पर्दैन । मानव जगतको चेतनशील प्राणी भएको कारणले नै सायद सर्वश्रेष्ठ प्राणी भनिएको पनि होला । विवेकको प्रयोग त्यतिबेला हुन्छ जतिबेला सही र गलत, कानूनी र गैरकानूनी, असल र खराब छुट्याउन सकिन्छ । त्यो सबै छुट्याउन सक्ने सामर्थ्य केवल मानिसमा मात्र हुन्छ । तर मानिस यदाकदा आफ्नो कर्तव्यबाट भौतारिएर बरालिन पुग्दछ र उसले अनायासै गरेको कार्यले अपराधको रूपधारण गरिसकेको हुन्छ र सजायको भागिदार पनि बन्न पुग्दछ ।

समाजमा नागरिकले गर्न हुने र गर्न नहुने कुराको उल्लेख गरी राज्यले कानून निर्माण गरी आफ्नो कानूनको दफा दफामा ती कुराहरूलाई समेटेको हुन्छ । कानूनको बारेमा सबै कुराको ज्ञान हुनु नागरिकको लागि अनिवार्य मानिन्छ । कानूनले निषेध गरिएका कार्यहरू गर्नु नै कानूनी रूपमा अपराध मानिन्छ । अर्थात कानूनले के के कुराहरू गर्न निषेध गरेको छ भन्ने कुरा जानकारी हुनु अनिवार्य मानिन्छ ।

बागमती प्रदेश अन्तर्गत पर्ने जिल्लाहरूमध्ये धादिङ जिल्लाको दक्षिण पश्चिमी भेकमा पर्ने राजधानी काठमाडौंको लाइफलाइन सडक अन्तर्गत ५६ कि.मि. पृथ्वी राजमार्गको कार्यक्षेत्र ओगटेको ईलाका प्रहरी कार्यालयले गजुरी गाउँपालिकाको अलावा बेनिघाट रोराङ गाउँपालिका, गल्छी गाउँपालिका, थाक्रे गाउँपालिकाको १,२ र ११ नं गरी ३ वटा वडाहरू र सिद्धलेक गाउँपालिकाको ६ र ७ नं वडाहरूमा हुने विभिन्न खालका अपराधहरूको अनुसन्धान गर्ने कार्य

गर्दछ । जिल्लाको भूगोलको हिसाबले पनि करिब आधा जति भू–भाग ओगटेको ईलाका प्रहरी कार्यालयको कार्यक्षेत्र रहेको भए तापनि विभिन्न समय र स्थानहरूमा घटित अपराधहरूको अनुसन्धान गर्ने कार्य ईलाका प्रहरी कार्यालय गजुरीमा २०७६ साल आश्विन महिना देखि मात्र मुद्दा दर्ता भई अनुसन्धान कार्य सुरू भएको हो । खास गरी जिल्लाको दक्षिण पश्चिमी ईलाकाको भू-भाग छिमेकी जिल्ला मकवानपुरसँग जोडिएको र उच्च पहाडी ईलाका र कठिन भूगोल भएको कारण ती स्थानहरूमा अवैध रूपमा गाँजा तथा अफिम खेती उत्पादन गरी लागूऔषध बिक्री वितरण समेत गर्ने गरेको कारण ईलाका प्रहरी कार्यालय, गजुरीको लागि त्यस खालको अपराध नियन्त्रण गर्नु प्रमुख चुनौतीको रूपमा रहेको छ ।

यस अपराधको अलावा ५६ कि.मी राजमार्ग क्षेत्र यस ईलाकामा पर्ने भएको कारणले गर्दा दैनिक रूपमा साना तथा ठूला प्रकृतीका ६/७ वटा सवारी दुर्घटनाका घटनाका साथै जबरजस्ती करणीका घटनाहरू पनि त्यत्तिकै मात्रामा घट्ने गरेको पाइन्छ । विगत आ.ब. को आश्विन महिनादेखि २०७७ साल असार मसान्तसम्मको अपराधको आँकडालाई अध्ययन गर्ने हो भने लागूऔषध, सवारी ज्यान र जबरजस्ती करणीका अपराधहरूको नै बाहुल्यता रहेको छ भने यस आ.ब. को असार महिनादेखि हालसम्मको अपराध तथ्याङ्कलाई हेर्दा जबरजस्ती करणी अपराध बढी भएको पाइन्छ ।

जघन्य प्रकृतीका अपराधहरू मध्ये लागूऔषध अपराध र जबरजस्ती करणी अपराध रोकथाम तथा न्यूनीकरणको लागि प्रहरी, स्थानीय निकाय र विभिन्न संघ संस्थाहरूले सचेतनामूलक कार्यक्रमहरू संचालन गरेको भए तापनि यस प्रकृतीका अपराधहरू न्यूनीकरणमा आशा गरिए अनुरूप सफलता प्राप्त हुन सकेको छैन । घटित अपराधको अनुसन्धान पश्चात पक्राउ परेका घटनामा संलग्न प्रतिवादीहरूलाई कानूनी दायरामा ल्याएर मात्र पनि यस अपराधको आँकडामा कमी आउने अवस्था देखिदैन । किनभने जबरजस्ती करणी अपराध प्रायजसो योजना बिना मनमा आएको यौनजन्य कुविचारलाई नियन्त्रण गर्न नसक्दा घट्न पुगेको हुन्छन् । त्यसै यौनजन्य कुविचारको कारण गजुरी गाउँपालिकामा घट्न पुगेको एउटा जबरजस्ती करणीको घटनालाई तल प्रस्तुत

गरिएको छः

परिवर्तित नाम धादिङ २४ (गजुरी ७८) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिल्ला सुर्खेत साविक मैतडा गा.वि.स. वडा नं. ५ हाल ऐ. भेरीगंगा नगरपालिका वडा नं. ७ काठेघारी स्थायी वतन भई जिल्ला धादिङ गजुरी गाउँपालिका वडा नं.६ आदमघाट स्थित जाहेरवालीको घरमा नै बस्दै आईरहेको वर्ष ४१ को गोविन्द बुढाथोकी भएको जबरजस्ती करणी सम्बन्धी कसूर मुद्धामा निज प्रतिवादीलाई पक्राउ गरी हिरासतमा राखी अनुसन्धान गर्न सम्मानित धादिङ जिल्लाबाट म्याद थप अनुमति लिई अनुसन्धान कार्य गरियो ।

२०७७ फागुन २६ गते "म मेरो आफ्नै घर नजिक रहेको कुखुराको खोरमा मल सोहर्दै गरेको अवस्थामा प्रतिवादी गोविन्द बुढाथोकीले मादक पदार्थ सेवन गरी मात्तिएर आई म काम गरिरहेको कुखुराको खोर भित्र प्रवेश गरी खोरको ढोकाको भित्रबाट चुकुल लगाई बन्द गरेकोमा कुखुराको मलको राग आएकोले मैले उक्त ढोका खोल्न भनि उठेकोमा निजले मलाई एक्कासी समाती भुइँमा लडाई मेरो शरीर माथि चढी मेरो मुख हातले थुनि दिई बोल्न कराउन नदिई निजले आफ्नो हातले मेरो टाउको अनुहारमा हिर्काइ मैले शरीरको तल लगाएको कपडा (सुरूवाल) जबरजस्ती खोली निजले आफ्नो तल लगाएको कपडा समेत खोली मलाई जबरजस्ती करणी गरेकोमा मैले निजको दाहिने हातको पाखुरामा टोकी दिए पश्चात मलाई छाडी यो कुरा कसैलाई भनेमा मारी दिने धाक धम्कीसमेत दिई उक्त स्थानबाट निस्की गएको हुँदा प्रतिवादीलाई कानून बमोजिम हदै सम्मको कारबाही गरी उचित क्षतिपुर्ती समेत दिलाई भराई पाऊ" भन्ने समेत व्यहोराको परिवर्तित नाम धादिङ २४ (गजुरी ७८) को जाहेरी दरखास्त परेकोले उल्लेखित वारदात मिति, समय र स्थानमा तत्काल प्रहरी कार्यालयबाट खटि गएको अनुसन्धान अधिकृत सहितको प्रहरी टोलीले घटनास्थल मुचुल्का गर्दछ । निज जाहेरवाली धादिङ २४ गजुरी (७८) को शारीरिक परीक्षण प्रतिवेदनमा समेत जबरजस्ती करणी गरेको व्यहोराको शारीरिक परीक्षण प्रतिवेदन देखिन्छ । प्रतिवादी गोविन्द बुढाथोकीको शारिरीक परीक्षण प्रतिवेदनमा दाहिने पाखुरामा bite marks र involved in recent vaginal sexual intercourse भन्ने समेत व्यहोरा उल्लेख भएको हुँदा पीडितले दिएको जाहेरी दरखास्त बमोजिम नै घटना घटेको कुरामा

विस्वस्त हुने पर्याप्त आधारहरू स्थापित भइसकेको अवस्था रहेको थियो ।

अनुसन्धानको क्रममा निज प्रतिवादीलाई कानून बमोजिम सम्मानित जिल्ला अदालत धादिङबाट म्याद लिई जिल्ला सरकारी वकिल कार्यालयका सरकारी वकिल समक्ष मैले निज प्रतिवादी गोविन्द बुढाथोकीको बयान गराउने क्रममा निजले "म जाहेरवालीको घरमा बसी ज्याला मजदुरीको काम तथा सोही घरमा घरायसी काम समेत गर्दै आएको र निजहरूलाई विभिन्न समयमा अन्य सहयोग समेत गरिरहेकोमा २०७७ फागुन २६ गतेको दिउँसो समेत मैले जाहेरवालीको घरमा नै बसी थकान मेटाउन भनि मैले १ बोतल लोकल रक्सी सेवन गरेको थिए । त्यसपछि मलाई रक्सीको नसा लागेकोले मेरो मनमा अनेकथरि कुरा खेल्न थाल्यो । लामो समयसम्म परिवारबाट टाढा रहेको कारण रक्सीको नशा लाग्दै गए पछि मलाई कुनै परस्त्रीसँग शारीरिक सम्पर्क गर्न पाए हुन्थ्यो भन्ने तिव्र ईच्छा जागृत भएकोले "जाहेरवालालाई नै शारीरिक सम्पर्क गर्नु पर्छ कि भनि" जाहेरवालीलाई घरमा हेर्दा घरमा नदेखेको र बाहिर हेर्दा निजले घर नजिकै रहेको कुखुराको खोरमा कुखुराको मल सोहर्दै गरेको देखि म ऐ. १७:०० बजेको समयमा उक्त स्थानमा गई निज जाहेरवालीलाई "मलाई शारीरिक सम्पर्क गर्न मन लाग्यो, एक पटक गरौं न" भन्दा निज जाहेरवालीले इन्कार गरेकोले निजलाई देख्ने बित्तिकै अझै तीव्र रूपमा  शारीरिक सम्पर्क गर्न मन लागेकोले मैले उक्त कुखुराको खोरको ढोकाको चुक्कुल जबरजस्ती भित्रबाट लगाई निज जाहेरवालीलाई करणी गर्ने उद्धेश्यले भुइँमा लडाई निज माथि चढ्दा निज चिच्याई कराएकोले मैले एक हातले निजको मुख थुनि बोल्न कराउन नदिई अर्को हातले निजले लगाएको सुरुवाल जबरजस्ती खोली मैले लगाएको पाईन्ट समेत खोली निजलाई एक पटक जबरजस्ती करणी गरी कसैलाई भनेमा ठिक हुँदैन भनि निजलाई करणी गरेकै स्थानमा छाडी दिए पछि उठ्ने क्रममा निजले मेरो दाहिने हातको पाखुरामा टोकी दिई निलडाम समेत बनाई दिएकीले मैले निजको गालामा जोडले एक थप्पड हानी म उक्त स्थानबाट हिंडी अन्य स्थानमा जाने ठाउँसमेत नभएकोले निजकै घरमा गई बसेकोमा जाहेरवालीले प्रहरीलाई खबर गरे पश्चात प्रहरीले मलाई पक्राउ गरी ल्याएको हो भन्ने समेत व्यहोराको बयान गरेको देखिन्छ ।

प्रस्तुत घटनाको सम्बन्धमा घटनास्थल वरपरका मानिसहरूलाई

बुझ्ने कार्य बाँकी रहेकोले घटनाको बारेमा देख्ने सुन्ने जान्ने मानिसहरूको कागज गराउने महत्वपूर्ण कार्य बाँकी रहेको हुँदा सो कार्य गर्नु अत्यन्त जरूरी रहेको थियो । निज प्रतिवादी गोविन्द बुढाथोकीले मादक पदार्थ सेवन गरी निज जाहेरवालीले कुखुराको खोरमा एक्लै मोल सोहोर्दै गरेको मौका छोपी निजलाई कुटपिट गरी डर धाक धम्की दिई जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम हदै सम्मको कारबाही गरी पिडितलाई कानून बमोजिम उचित क्षतिपूर्ति समेत दिलाई भराई दिनु पर्दछ भन्ने समेत व्यहोराको जिल्ला धादिङ गजुरी गाउँपालिका वडा नं. ६ आदमघाट बस्ने वर्ष ३० की कल्पना खतिवडा, ऐ.ऐ. बस्ने राजकुमार खतिवाडा र ऐ.ऐ. बस्ने लिला अधिकारी समेतले एकै मिलान व्यहोराको घटना विवरण कागज गरेको देखिदा यी उल्लेखित आधार प्रमाणहरूबाट २०७७ साल फागुन २६ गतेको अं. १७:०० बजेको समयमा जिल्ला धादिङ गजुरी गाउँपालिका वडा नं. ६ आदमघाट स्थित निज पिडित जाहेरवालीको कुखुराको खोर भित्र निज पिडित परिवर्तित नाम धादिङ २४ (गजुरी ७८) काम गरिरहेको अवस्थामा प्रतिवादी गोविन्द बुढाथोकीले मादक पदार्थ सेवन गरी खोरको ढोकाको चुक्कुल भित्रबाट जबरजस्ती लगाई निज पिडितलाई भुईंमा लडाई सुताई कुटपिट गरी डर त्रास देखाई दबाबमा पारी जबरजस्ती करणी गरेको वारदात अनुसन्धानबाट स-प्रमाण पुष्टि हुन आएको हुँदा निज प्रतिवादी गोविन्द बुढाथोकीलाई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १८ को दफा २१९ को उपदफा (१) (२) विपरितको कसूर अपराधमा दफा २१९ को उपदफा ३ (ङ) बमोजिम कैद र जरीवाना सजाय हुन तथा जाहेरवाली/पिडित नाम परिवर्तित धादिङ २४ (गजुरी ७८) लाई ऐ.ऐनको दफा २२८ बमोजिम क्षतिपूर्ति समेत भराई दिनु पर्ने माग दावी लिई सक्कल नक्कल मिशिल जिल्ला सरकारी वकिल कार्यालय धादिङ मार्फत सम्मानित धादिङ जिल्ला अदालतमा पेश हुँदा निजलाई सम्मानित धादिङ जिल्ला अदालतको आदेशानुसार मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय, धादिङमा थुनामा पठाईएको छ । निज प्रतिवादीले आफ्नो मनमा आएको यौनजन्य कुविचारलाई आफू होसहवासमा रहेको अवस्थामा पनि र काबु भित्रकै परिस्थितिमा हुँदाहुँदै पनि आफ्नो मनलाई नियन्त्रणमा लिन नसक्दा यस प्रकारको यौनजन्य आपराधिक घटना हुन पुगेको छ ।

♦♦♦

बालकथा

# मोती मेरो साथी



✍ देवकी के.सी

नुतनको आमाबुबा कुकुर पाल्नको निकै सौखिन हुनुहुन्छ । उहाँहरूले घरमा एउटा कालो कुकुर पनि पाल्नु भएको छ । कुकुरको नाउँ मोती हो । कुकुर निकै सफा र माया लाग्दो पनि थियो । मोतीले घरमा सबैलाई माया गर्छ र सबैसित जिस्कन मन गर्छ ।

नुतनलाई भने घरमा कुकुर पालेको पटक्कै मन परेको थिएन । उनलाई मोती देखेर निकै डर लाग्थ्यो । उनले धेरै पटक आमाबुबालाई घरमा कुकुर नपाल्न आग्रह समेत गरेकी थिइन् । बाटोमा हिंड्दा पनि उनी कुकुरदेखि निकै डराउँछिन् । मोती नुतनलाई देखेर उफ्रदै खेल्न आउँछ । तर मोती आफ्नो अगाडि देखे मात्र नुतन डरले रून थाल्छिन् । आमाबुबाले घरपालुवा कुकुर हो मोतीसित डराउनु पर्दैन अरू भुस्याहा कुकुर जस्तो होइन भन्दा नुतन उल्टै आमाबाबुसित रिसाउँछिन् ।

एकदिन नुतन स्कुलबाट फर्कदा घरमा उनको मामा आउनु भएको थियो । उनको मामा सहरमा बालबालिकाको डाक्टर हुनुहुन्छ । नुतन स्कुलबाट घर आउँदा मामा मोतीसित निकै रमाउँदै खेलि रहनु भएको थियो । मोती पनि मामासित निकै रमाइरहेको थियो । मामा र मोती निकै रमाउँदै खेलेको देख्दा नुतनलाई निकै रीस उठ्यो । नुतनलाई आँगनमा देख्ने बित्तिकै मामासित खेलिरहेको मोती उफ्रदै नुतनलाई जिस्काउँदै उनको स्कटलाई मुखले समात्यो । नुतन मोतीलाई देखेर डाँको छाडेर रूदै भाग्न खोजिन् तर डरले हातगोडा काँपेर त्यही ढलिन् ।

नुतन आँगनमा बेहोसजस्तै भएकी थिइन् । आमाबुबा पनि हत्तपत्त बाहिर आउनु भयो । नुतनलाई मामाले उठाएर पिढिमा रहेको सुकुलमाथि बसाउनु भयो । नुतन के भयो ? -आमाबुबाले सोध्नुभयो । डरले नुतनको बोलीनै फुटेन । आमाले सबै कुरा बताउनु भयो । आफूसित नुतन डराएर ढलेको

दृश्यले मोतीलाई पनि निकै नरमाइलो लाग्यो । मोती अलि पर निन्याउरो मुख लगाएर बस्यो । मोतीले मनमनै सोच्यो म नुतन लाई साथी सम्झेर माया गर्छु, उनीसित खेल्न चाहन्छु । तर उनी किन मसित सधैं डराउँछिन् होला ?

एक वर्ष पहिले स्कुल जाँदा बाटोमा दुई वटा भुस्याह कुकुरले नुतनलाई हात र गालामा टोकिदिएपछि नुतन कुकुरदेखि निकै डराउँछिन्- आमाबुबाले भन्नुभयो । उहाँहरूले भन्ने बित्तिकै मामाले सबै कुरा बुझ्नु भयो ।

मामाले नुतनलाई सुकुलबाट उठाएर काखमा राख्नुभयो । नुतनको आमाबुबा पनि सँगै बस्नु भयो । मामाले भन्नुभयो -बालबालिकालाई कुनै घटना र विशेष परिस्थितिबाट डर उत्पन्न हुन्छ । त्यसलाई फोविया भनिन्छ । नुतनलाई पनि भुस्याह कुकुरले टोकेको घटनाबाट कुकुर सित डर उत्पन्न भएको हो । यसरी कुकुरसित डराउने रोगलाई साइनो फोविया भनिन्छ । यसको लागि सामान्य तरिकाले त्यो घटनाप्रति सकारात्मक धारणा र माया उत्पन्न गराएर उपचार गर्न सकिन्छ । यस्तो घटनाप्रति उल्टै नकारात्मक धारणा उत्पन्न गर्ने हो भने बालबालिकामा डर उत्पन्न भई यसले दिमागमा नराम्रो असर पार्न सक्छ ।

मोती अलि वर आऊ त माया गरेर मामाले मोतीलाई आफूतिर बोलाउनु भयो । मामाको कुरा सुनेर खुसी भएको मोती मामाको नजिक आयो । मामाले बिस्तारै आफ्नो हातले मोतीको जीउ मुर्सादै भन्नुभयो - ल हेर त नुतन मोतीले मलाई केही गरेन, ऊ त अझ मैले छुँदा खुसी भएको छ । नुतनलाई भने मोतीको डरले शरीर तातो भइरहेको अनुभव भएको थियो । नुतनका हात काँपिरहेका थिए । मामाले बिस्तारै नुतनका हात समातेर मोतीको जीउमा स्पर्श गराउनु भयो । मोतीले नुतनको हातको स्पर्सले निकै रमाइलो मान्यो । नुतनलाई भने फेरी भुस्याह कुकुरले जस्तै हातमा टोकिदिने हो कि भन्ने निकै डर लागेको थियो ।

उनी डराउँथिन् तर मामाले बिस्तारै उनका हात समातेर माथीका शरीरमा स्पर्स गराउँदै जानु हुन्थ्यो । धेरै पटकको अभ्यासबाट नुतनको डर पनि कमी भयो । मोती पनि खुसी हुँदै बिस्तारै नुतनका कपडा टोक्ने जिस्काउने गरेर खेल्न थाल्यो । जनावरलाई पनि साथी जस्तो व्यवहार गर्‍यो भने उनीहरूबाट डराउनु पर्दैन । धेरै मानिसको साथी भएका छन् । तर जंगली हिंस्रक जनावरसित भने डराउनु पर्छ कुकुर त हाम्रो घरको रक्षक हो अपराधी पत्ता लगाउन पनि यसले निकै ठूलो सहयोग

गर्छ नुतनलाई मामाले भन्नुभयो ।

मामाले भनेको कुरा नुतनलाई पनि ठिकै लाग्यो । साथी बनाएर राम्रो व्यवहार गरे त कुकुर पनि साथी जस्तै खेल्दो रहेछ भन्ने नुतनले सोचिन् । आजभोलि नुतन र मोती असल साथी नै भएका छन् । घरमा उनीहरूसँगै खेल्छन् । बिदाको दिन उनी मोतीलाई वरपर डुलाउन पनि लैजाने गर्छिन् । नुतन असल साथी भएकोमा मोती पनि निकै खुसी थियो । कुकुरसितको डर हटेर गएकोमा नुतनका आमाबुबा पनि खुसी हुनुभयो । नुतन र मोती असल साथी भएको र जनावर लाई माया गर्न सिकेकोमा नुतनसँग आमाबुबा धेरै खुसी हुनुभयो ।

♦♦♦

कविता

## मायाको आभास



✍ **शशी श्रेष्ठ**

शीतका थोपाहरू पातमा
चुपचाप समागम भइरहँदा,
मेरा खुसीका प्रत्येक बुँदहरू
तिम्रो आलिङ्गनमा पोखिन खोज्छन्।

यी अवोध नजरहरू
त्यो अधरको तृष्णामा छटपटाइ रहन्छन्।
क्षणिक भएपनि,
मायाको सुगन्ध आउने
तिमीले गरेको चियर्सका बाचाहरू
मलाई प्रिय लाग्छन्।

मादकताले भरिएको तातो रङ्ग जस्तै
तिमीले पिउने वाइनको
मात भित्र-भित्रै
म खोजिरहेंछु
तिम्रा ओठका बाफिला स्पर्शहरू ।

कुनै समय र सिमानामा नबाँधिएको
यो मन
दौडिएर पुग्छ तिमीसम्म र
हराउँछ
पटक पटक ।।

# सार्कको गतिशीलताको सन्दर्भ



✍ सुदर्शन अधिकारी

हरेक समस्याको सामूहिक हिसाबले समाधान गर्ने उद्धेश्यकासाथ स्थापना भएको सार्क पछिल्लो समय निकै सुस्त र निस्काम भएको थियो । आज विश्वनै कोरोनाले त्रसित भएको बेलामा सार्कमा सहभागी सबै देश मिलेर यो समस्याको समाधान गर्ने बाचा मोदीले भिडियो कन्फरेन्सबाट गरे । सन् १९८५ डिसेम्बरमा विधिवत स्थापना गरिएको संगठनलाई पुनः गतिशील बनाई मिलेर कार्य गर्ने खबरले आम जनमानसमा खुसी छाएको थियो । विगतका तिता मिठा घटनालाई भुलेर एक भई अगाडि बढ्ने काम एकदमै उत्तम हो ।

कोरोना विरूद्धमा लडनका लागि एक आर्थिक कोश निर्माण गरी अगाडि बढ्नका लागि एक करोड अमेरिकी डलर बराबरको रकम राख्ने घोषणा गरेका मोदी पुनः मौन रहेका छन्। वर्तमान समयमा कोरोनासँग जुध्न ठूलो आर्थिक अभावको सामना गर्नु पर्ने अवस्था छ । दूरदर्शी राजनेताले संकटका समयमा आमनागरिकको मन जित्ने गरी कार्य गर्नु पर्छ । त्यसमा पनि दक्षिण एसियाली सहयोग संगठन बढी महत्वपूर्ण भएको छ । मूलत भारतसँग हामो धर्म चालचलन रहनसहन आदि धेरै मिल्ने भएकोले पनि धेरै निकटको सम्बन्ध रहेको छ । खासगरी भारत र पाकिस्तान बीचको सम्बन्धका कारणले समयमानै नियमित सम्मेलन हुन नसकिरहेको अवस्थामा अब पुनः सार्कलाई गतिशील बनाउने जुन पहल भएको थियो त्यो अत्यन्तै सकारात्मक कदम पनि निश्चयनै थियो ।

भरतीय र भुटान बिच पनि त्यस्तै सम्बन्ध रहेको छ । आपसी सम्बन्ध र सद्भावको बिस्तार गर्दै मिलेर कुनै पनि समस्याको समाधान गर्ने जुन उद्धेश्य हो, सो सराहनीय थियो । सार्कको सिद्धान्तहरू पनि महत्वपूर्ण रहेका छन्। क्षत्रिय संगठनबाटै एकताको विकास गरी अगाडि बढ्ने उद्धेश्यलाई व्यवहारमा उतार्नका लागि सबै सदस्य एक हुनु जरूरी हुन्छ । अहिलेको जटिल अवस्थामा मिलेर

कोरोनासँग लड्न सक्दा एउटा गतिलो उदाहरणसमेत हुने थियो । जुन समस्त विश्वलाई नवीन पाठ पनि बन्ने थियो । स-साना विवादमा अलमलिएर महत्वपूर्ण संगठनलाई गतिहीन बनाई राख्नु उचित हुँदैन । आठवटै देश आपसमा मिलेर भाइचाराको सम्बन्धको विकास गर्दै एकताबद्ध हुनु आजको आवश्यकता पनि हो । पछिल्लो समय सार्क अत्यन्तै सुस्त हुँदै गएको सन्दर्भलाई मनन् गर्दै यस्तो असहज परिस्थितिमा संगठित रूपमा समस्याको समाधान गर्नु सबैका लागि हितकर हुन्छ । सार्कका सिद्धान्त अनुसार सार्वभौम समानताको आदर पार्देशिक अखण्डता र राजनितिक स्वतन्त्रता तथा अन्य देशहरूको आन्तरिक मामिलामा हस्तक्षप नगर्ने र पारस्परिक लाभको सिद्धान्तमा आधारित हुने जस्ता सवालहरू समेटिएका छन् । जुन सहयोग दुई पक्षिय वा बहुपक्षिय सहयोगको विकल्पका रूपमा होइन त्यसको पुरकको रूपमा हुनेछ । दक्षिण एसियाका जनताहरूको हितलाई अभिवृद्धि गर्नु र तिनीहरूको जीवनस्तरमा सुधार ल्याउनुका साथै यस क्षेत्रमा आर्थिक विकास सामाजिक उन्नती र साँस्कृतिक विकासलाई वृद्धि गर्नु तथा सबैलाई सम्मानका साथ बाँच्ने अवसर आपसमा दिनु पर्छ भन्ने देखिन्छ । आपसी समभदारी कायम गरी एक अर्काको समस्यालाई बुझेर पारस्परिक विश्वास बढाउदै लैजानु पर्छ । त्यसै गरी आर्थिक सामाजिक साँस्कृतिक वैज्ञानिक विकासमा जोड दिँदै सहयोग अभिवृद्धि गर्नु आजको आवश्यकता पनि हो । समान हितका विषयमा अन्य देशसँग मिलेर आपसी सहयोगलाई मजबुत बनाउदै बहुपक्षिय चासोका विषयलाई जोडदार रूपमा उठाउदै अगाडि बढ्नु पर्ने आवश्यकता देखिन्छ । सार्कको बडापत्र अनुसार यस संगठन राजनितिक विवादबाट टाढा रहनु पर्छ । तर व्यवहारमा भने आन्तरिक विवादकै कारणले पटक पटक बैठक स्थगित भएका धेरै उदाहरण पाइन्छन् । कतिपय सन्दर्भमा राजनिति हावी भएरै सम्बन्धविच्छेद भएको देखिन्छ । मुलतः भारत र पाकिस्तान बिचको आपसी सम्बन्ध नमिठो भइरहने समस्याले गर्दा नै पटक पटक सम्बन्धमा चिसोपन आएको देखिन्छ । हाल नेपाल र भारतबीच सीमा विवाद पुनः चर्चामा रहेको छ । हरेक हिसाबले भारत र नेपालको सम्बन्धलाई सुमधर राख्नका लागि वार्ताबाटै पहल गर्नुपर्छ । यी दुई देशको सम्बन्ध छिमेकीको मात्र नभई विविध र बहुआयामिक रहेकोले पनि थप गम्भीर भएर सौहार्दपूर्ण वातावरण निर्माण गर्नु पर्ने देखिन्छ । ♦♦♦

# भालेमा हंस



✍ **यशु श्रेष्ठ**

"बा ! बा ! भाले लिएर कहाँ जान लागेको ?" ९ वर्षको भोटुले आफ्नो बासँग सोध्यो ।

"पल्ला घरे खोप्रेलीबा कहाँ ।" बाले भन्नुभयो । "म पनि जान्छु । तपाईसँग ।" भोटुले भन्यो ।

"पर्दैन पर्दैन मराउ-पराउ भा घरमा किन जानु । यहीं बस् ।" भोटुका बाआमा दुवैले भन्नुभयो ।

"नाई के जान्छु । म पनि हेर्छु के ।" मोटुले गोडा बजार्दै भन्यो ।

"आइज त आइज ! नयाँ कट्टु लाएर आइज ।" बाले भन्नुभयो ।

भोटु नयाँ कट्टु लाएर बाको अघि अघि खुसी हुदै दगुऱ्यो ।

केही बेरमा भोटु खोप्रेलीबाको घरमा पुग्यो । उसले देख्यो केही चिनेका र केही नचिनेका मानिसहरूले पिंढी र आँगन भरिभराउ छ । आँगनको बिचमा एक जना फेटा गुतेका मानिस बसेका छन्, उनले हातमा ढ्याङ्ग्रो र घन्ट पनि छ ।

"खै ! सेंसर कहाँ छ?" ती फेटावाला मानिसले भने । "यहाँ छ पाण्डेज्यू ।" तल्ला घरका फाले काकाले भने । एउटा लौरो फेटावालालाई दिए ।

"लास गाडेको ५ दिनमा त्यहाँ गएर हेरेको त हो नि ?" उनले फेरि सोधे । "हो हो पाण्डेजी"– अर्को काकाले भने । "हामीले गहिरो गरेर खाडल खनेका थियौं माथिबाट ठूलाठूला ढुङ्गाले थिचेका थियौं । स्याल वा अरू जनावरले चिहान उधिन्न सकेन छन् । सबै सवुत दुरूस्त थियो ।" तिनै काकाले भने ।'ल ठिक छ ।' यति भनी पाण्डेजी ढ्याङ्ग्रो ठटाउदैं फलाक्न थाले । केही बेरमा उनी काम्न पनि थाले । उनी बसेको ठाउँबाट काम्दै जुरूक्क जुरूक्क उफ्रिदा उनको गलाको घन्टीको माला पनि छिन्द्रिङ छिन्द्रिङ बजेको भोटुले रमाइलो मानी हेऱ्यो । "लु आज मेरो तेह्र दिन.. मलाई मन पर्ने कुरा खान देओ...। ..त्यो खाएर म शान्त हुन्छु..। तिमीहरूलाई केही दुःख पिराउ दिन्न... । तिमीहरूको भलो नै गर्छु ... । हँ हँ हँ ।" ती फेटावाला काका उफ्रिदै भने । "हस्

हस् । हामी त्यसै गर्छौं ।" सबैले एकैचोटि बोले ।

त्यसपछि ती कामिरहेका कम्दा केही शान्त भए । उनले एउटाको हातमा रहेको भालेको टाउकामा अधिका लौराले बिस्तारै हिर्काए । त्यसपछि भाले समात्नेले भाले छोडिदियो । त्यहाँ मानिसहरू आँगनभरि बसेका थिए । सबैको अगाडि थाल थियो । थालमा कुनै न कुनै खाने कुरा राखिएको थियो । भाले सरासर अगाडि बढ्यो एउटाको थालमा रहेको मकै टपक्क टिपेर कपक्क निल्यो । "लौ है खोप्रेली बा त जेठासँग खुसी रहेछन् ।" सबैले भने । त्यसपछि भाले अर्को थालतिर बढ्यो ।

"खानुस् खानुस् खोप्रेली बा मैले दिएको कुरा खाएर मलाई आशीर्वाद दिएर जानुस् ।" थालवालाहरू यसरी नै कराउँदै थिए । भालेले जसको थालको सामान खान्थ्यो ऊ चौपट्टै खुसी हुन्थ्यो । भालेले पनि धेरैका थालमा भएका कुराहरू खाँदै गयो ।

त्यसपछि फेटावाला काकाले सेसरको लौरो अर्को भालेको टाउकामा हिर्काए । त्यो भालेले पनि थालमा राखिएका विभिन्न सामानहरू खाँदै गयो । त्यसपछि फेटावाला काकाले अर्को अर्को भालेको टाउकामा हिर्काए । सबै भाले वरपर हेर्दै थालका केही कुरा खाँदै गर्न थाले । भालेले कसैको थालको भात खायो । कसैको गेडागुडी खायो । कसैको चुरोट खायो । तर भोटुका बाको थालमा भने आँखै लगाएन । "हैन हो ! भोटुका बा तिमीसँग त खोप्रेलीबा रिसाएका छन् कि क्या हो । केही पनि खाएनन् त, .." उपल्ला घरे काकाले भनि पनि हाले ।

"खै उहाँको चित्त दुख्ने काम कुरा त गरेको जस्तो लाग्दैन । किन रिसाएका हुन् कुन्नि। थाहा छैन । खालान् कि पर्खनुस् न" भोटुका बाले भन्नुभयो । निकै बेरसम्म पर्खंदा पनि कुनै भालेले भोटुको बाको थालमा भएको सामान खाएनन् । भोटुका बा झन् निराश हुनुभयो । भोटुलाई नराम्रो लाग्यो ।

भोटु जुरुक्क त्यहाँबाट उठ्यो । उसले टपक्क एउटा बोहोता टिप्यो । त्यहाँको अम्खेरामा भएको पानी बोहोतामा खन्यायो र बाको थालमा बोहोता राख्यो । त्यसपछि एउटा भाले आयो। मज्जाले पानी खायो । भोटुले ताली बजायो । त्यसपछि त्यहाँ छाडिएका सबै भाले आए । सबैले पानी खाए ।

"लौ खोप्रेलीबा त सबैभन्दा बढी खुसी भोटुको बासँग पो हुनुहुँदो रहेछ त । हामीले दिएका सामान एउटा दुइटाले मात्र खाए । यिनले दिएको त सबैले खाए ।" उपल्ला घरे काकाले भने । अब भने भोटुका बा निकै खुसी हुनुभयो ।

त्यसपछि ती सबै भालेहरू

काटिए । टाउको जति फेटावाला पाण्डे काकाले लगे । अरू कुखुरा त्यही भुत्ल्याएर काटिए । तिनको मासु र भात खाएपछि सबै आ–आफ्ना घरतिर लागे । भोटु पनि बासँगै घर फर्कियो । दुवै चौपट्टै खुसी थिए किन होला ? किनभने खोप्रेलिबाको सबैभन्दा प्यारो छिमेकी सावित भएकोमा खुसी हुनुहुन्थ्यो । भोटु भने भालेलाई पानी खुवाएर बालाई खुसी पार्न सकेकोमा मख्ख थियो ।♦

**कविता**

# यो अमूल्य जीवन



✍ **ईन्द्रकुमार श्रेष्ठ**

वर्षौं वर्षका खोज, अनुसन्धान र चिन्तनले पत्ता लाएका
दिमागको अति तीक्ष्ण आँखाले फेला पारेका
पढ्न बाँकी नै राखेर ज्ञानका धेरै पुस्तकहरू
अरूको निन्दा र चर्चा गर्दै
सित्तैंमा बिताउँदै छु यो अमूल्य जीवन ।

धेरैले सदुपयोग गर्दै आएका
फिर्ता नआउने यो प्यारो समय
मानवता, सेवा र परोपकारका
गाउन छाडेर कर्तव्यको लय
बुझ्न बाँकी नै राखेर धेरै कुराहरू
पद, स्वार्थ र पैसामा खुम्च्याउँदै
सित्तैंमा बिताउँदै छु यो अमूल्य जीवन ।

प्रकृतिको लीला र यसको सुन्दरता
उसको निःस्वार्थ गुण र लोभलाग्दो उदारता
अवलोकन गर्न, पढ्न र बुझ्न बाँकी राख्दै सधैं सधैं
क्षणिक स्वाद, भ्रम र रङ्मा लोभिदै
सित्तैंमा बिताउँदै छु यो अमूल्य जीवन ।

भुलिरहें
लोभ, पाप र मोहमा जलिरहें
रीस, ईर्ष्या र असन्तुष्टिमा ढाँटिरहे
स्वार्थका लागि पल पलमा
उमेर बढेसँगै बिग्रिरहेको छु दिनदिन
सित्तैंमा बिताउँदै छु यो अमूल्य जीवन ।

# अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था



✍ प्र.ना.नि.सरस्वती बुढाथोकी

मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद-९ मा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था गरेको छ । कुनै पनि विदेशीले नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै नाबालकलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा स्वीकार गरेमा अन्तरदेशीय रूपमा धर्मपुत्र वा धर्मपुत्री स्वीकार गरेको मानिन्छ । कुनै विदेशीले नेपाल सरकारको अनुमति नलिई कुनै नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा राख्न पाउदैन । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालमा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री स्वीकार गर्न सकिने गरी खुल्ला गरिएका मुलुकका नागरिक वा दम्पतीलाई मात्र धर्मपुत्र वा धर्मपुत्री राख्न अनुमति दिइन्छ ।

विदेशीलाई धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न दिनु अघि नेपाल सरकारले बालबालिकाको सर्वोतम हित, निजको मानव अधिकारको संरक्षण र त्यस्तो बालबालिका अपहरण, बेचबिखन वा अन्य कुनै किसिमले दुरूपयोग हुने वा नहुने तर्फ विचार गरी विदेशीलाई धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न दिन उचित देखिएमा मात्र धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न अनुमति दिइनुपर्छ । बाल गृहमा कम्तीमा छ महिना बसेका बाबु र आमा दुवैको मृत्यु भई, कसैको संरक्षणमा नरहेको अनाथ बालबालिका र स्वेच्छाले त्यागेका बालबालिका विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन सकिन्छ ।

**कुनै विदेशीलाई निम्न अवस्थामा नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै बालबालिका धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न अनुमति दिन सकिन्छ :**

(क) विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नहुने दम्पत्ति,

(ख) पैंतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेकी अविवाहित, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी

नहुने महिला,

(ग) पैंतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरूष ।

**कुनै विदेशीलाई निम्न अवस्थामा धर्मपुत्र वा धर्मपुत्री राख्न अनुमति दिन सकिने छैन** :

(क) होस ठेगानमा नभएको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा नेपाल वा सम्बन्धित मुलुकको अदालतबाट कसूरदार ठहरिएको ।

कुनै विदेशी मुलुकको कानूनमा त्यस्तो देशको नागरिकले एकभन्दा बढी बालबालिका धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने व्यवस्था भएकोमा निजले छोरा छोरी भए तापनि धर्मपुत्र वा धर्मपुत्री राख्न सक्नेछ । त्यसैगरी नेपाली नागरिकलाई धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न निषेध गरेको वा धर्मपुत्र वा धर्मपुत्रीको हक र प्राकृतिक रूपमा जन्मेका छोरा छोरीको अधिकारमा विभेद भएको मुलुकको व्यक्तिले नेपालबाट धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न सक्ने छैन ।

**अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री बोर्ड सम्बन्धी व्यवस्था** :

कुनै बालबालिका विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न अनुमतिको लागि सिफारिस गर्ने प्रयोजनको लागि केन्द्रीय निकायको रूपमा कार्य गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री बोर्ड गठन गर्न वा कुनै सरकारी निकायलाई त्यस्तो काम गर्ने गरी तोक्न सक्छ । बोर्ड गठन गर्दा बाल अधिकारको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको एकजना बाल अधिकारकर्मी समेत रहने गरी गठन गर्नु पर्दछ । यस बोर्डको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी विषयमा नीति निर्माण गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी विषयमा विभिन्न निकायहरू बीच समन्वय गर्ने,

(ग) धर्मपुत्र वा धर्मपुत्री लिँदा वा दिँदा हुन सक्ने अनुचित आर्थिक तथा अन्य लाभ रोक्ने,

(घ) अन्य देशका धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी केन्द्रीय निकाय वा सो सम्बन्धी अन्य सार्वजनिक निकायले धर्मपुत्र वा धर्मपुत्रीको स्थितिका बारेमा कुनै सूचना माग गरेमा उपलब्ध गराउने,

(ङ) धर्मपुत्र वा धर्मपुत्री लिँदा वा दिँदा हुन सक्ने बाल दुर्व्यवहार, शोषण, ओसारपसार वा अपहरण, बेचबिखन रोक्ने र बालबालिकालाई हानि हुन सक्ने अन्य कुनै अभ्यासबाट नेपाली बालबालिकाको संरक्षण गर्ने,

(च) धर्मपुत्र वा धर्मपुत्री लिनको लागि लाग्ने दस्तुर निर्धारण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(छ) धर्मपुत्र वा धर्मपुत्री लिनको लागि दिइने निवेदनको ढाँचा तोक्ने,

(ज) धर्मपुत्र वा धर्मपुत्रीको रूपमा बस्न चाहने नाबालक, निजलाई जन्म दिने बाबु र आमा वा धर्मपुत्र वा धर्मपुत्री लिने बाबु र आमाको अभिलेख गोप्य रूपमा राख्ने व्यवस्था गर्ने,

(झ) अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

**धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न निवेदन दिनुपर्ने** :

नेपाली नाबालक वा नेपालमा बसोबास गरेका विदेशीका कुनै नाबालकलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न चाहने योग्यता पुगेको विदेशी वा दम्पतिले नेपालस्थित आफ्नो देशको राजदूतावास र त्यस्तो राजदूतावास नभए नेपालको निमित्त तोकिएको राजदूतावास वा धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न अनुमति दिने सम्बन्धित मुलुकको केन्द्रीय निकाय मार्फत देहायका कागजात संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्दछ :

(क) निवेदकको जन्म दर्ता प्रमाणपत्र,

(ख) निवेदकको हालसालै खिचिएको फोटो,

(ग) निवेदकको राहदानीको प्रतिलिपि,

(घ) निवेदकको वैवाहिक अवस्था प्रमाणित गर्ने कागज,

(ङ) निवेदकको स्वास्थ्य सम्बन्धमा अनुमति प्राप्त चिकित्सकले दिएको प्रमाणपत्र,

(च) निवेदक असल चरित्र भएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको भनी सम्बन्धित मुलुकको सरकारी निकायले दिएको प्रमाणपत्र,

(छ) निवेदकको सम्पत्ति र आयस्रोत प्रमाणित गर्ने कागजात,

(ज) निवेदकको सामाजिक, मनोवैज्ञानिक र गृह अध्ययन सम्बन्धी प्रतिवेदन (सोसल, साइकोलजिकल, होमस्टडी रिपोर्ट),

(झ) धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन चाहेको बालबालिकाको उमेर, लिङ्ग र अन्य विवरण,

(ञ) निवेदकलाई निजको देशको सरकारले नेपालबाट धर्मपुत्र वा धर्मपुत्री लिन दिएको सहमतिपत्र,

(ट) धर्मपुत्र वा धर्मपुत्री लिन चाहने व्यक्तिको मुलुकको कानून अनुसार धर्मपुत्र वा धर्मपुत्री हुने व्यक्तिको हैसियत आफ्नै छोरा छोरी सरह हुने भन्ने सम्बन्धित देशको सरकार वा सो देशको नेपालस्थित वा नेपालका लागि तोकिएको राजदूतावासबाट लेखिएको प्रत्याभूतिपत्र,

(ठ) धर्मपुत्र वा धर्मपुत्री लिन चाहने व्यक्तिको मुलुकको कानून अनुसार निज

धर्मपुत्र वा धर्मपुत्री लिन योग्य भएको र निजसँग धर्मपुत्र वा धर्मपुत्री हुने नाबालकलाई पालनपोषण, स्वास्थ्य, शिक्षा तथा संरक्षण लगायतको सम्पूर्ण जिम्मेवारी वहन गर्ने आर्थिक क्षमता भएको सम्बन्धमा त्यस्तो व्यक्तिको मुलुकको सरकार, त्यस्तो देशको नेपालस्थित वा नेपालको लागि तोकिएको राजदूताबासबाट लेखिएको प्रत्याभूति पत्र ।

यस्ता कागजात अंग्रेजी भाषामा लेखिएको वा अधिकार प्राप्त निकायले अंग्रेजी वा नेपाली भाषामा अनुवाद गरेको हुनुपर्छ । प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकको माग बमोजिम धर्मपुत्र वा धर्मपुत्री दिन उपयुक्त देखिएमा बोर्डले निवेदकको नाम र ठेगाना गोप्य राखी त्यस सम्बन्धी विवरण छनौट समितिमा पठाउनु पर्छ । निवेदन दिँदा बोर्डको सिफारिसमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको निवेदन दस्तुर बुझाउनु पर्छ ।

**छनौट समिति सम्बन्धी व्यवस्था** :

कुनै विदेशी व्यक्ति वा दम्पतिलाई कस्तो नाबालक धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन उपयुक्त हुन्छ भन्ने सम्बन्धमा नाबालक लिन चाहने व्यक्ति वा दम्पति र नाबालक छनौट गरी बोर्ड समक्ष सिफारिस गर्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक छनौट समिति गठन गर्नेछ ।

**नाबालक लिने व्यक्ति तथा बालबालिका छनौट गरी सिफारिस गर्नुपर्ने** :

छनौट समितिले प्राप्त निवेदन तथा सो साथ संलग्न विवरण बमोजिम प्राप्त नाबालकको विवरणको आधारमा निवेदकको मागलाई समेत दृष्टिगत गरी कुन निवेदकलाई कस्तो किसिमको नाबालक धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन उपयुक्त हुन्छ सो यकिन गरी निवेदक र नाबालकको नाम बोर्ड समक्ष सिफारिस गर्नु पर्दछ ।

**धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न अनुमति दिने** :

छनौट समितिबाट प्राप्त भएको सिफारिस जाँचबुझ गर्दा सिफारिस अनुरूपको नाबालक विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन उपयुक्त देखेमा बोर्डले सोही व्यहोराको सिफारिस नेपाल सरकार समक्ष गर्नेछ । बोर्डबाट भएको सिफारिस जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा नेपाल सरकारले बोर्डको सिफारिस बमोजिम त्यस्तो नाबालक विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न दिन अनुमति दिन्छ । अनुमति दिएपछि नेपाल सरकारले त्यस प्रयोजनको लागि तत्सम्बन्धी प्रमाणपत्र जारी गरे पश्चात नेपालबाट रीतपूर्वक अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री ग्रहण गरेको मानिन्छ ।

कुनै नाबालक विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा अनुमति दिनु अगावै सम्बन्धित नाबालकको बाबु, आमा वा अन्य संरक्षकले आफ्नो नाबालक फिर्ता लैजान चाहेमा त्यस्तो नाबालकलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन सकिने छैन । नेपाल सरकारबाट कुनै नाबालक विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिने अनुमति भएमा निवेदक उपस्थित भई सम्बन्धित नाबालक आफैँले बुझिलिनु पर्छ । तर निवेदक दम्पति भई दुवैमध्ये कुनै एक जना उपस्थित हुन नसक्ने भएमा अनुपस्थित पति वा पत्नीले दिएको प्रमाणित मञ्जुरनामाको आधारमा एक जनाले मात्र त्यस्तो नाबालक बुझ्न सक्छ । कुनै बालबालिका विदेशीलाई धर्मपुत्र वा धर्मपुत्री दिने अनुमति भएपछि नेपाल सरकारले त्यस्तो कुराको जानकारी धर्मपुत्र वा धर्मपुत्री लिने व्यक्तिको मुलुकमा रहेको अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी कार्य गर्ने केन्द्रीय निकाय र नेपालका लागि सम्बन्धित देशको राजदूताबास भए त्यस्तो राजदूताबासमा समेत दिनु पर्दछ । धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न निवेदन दिने विदेशी नागरिक वा दम्पतिले नेपाल सरकारबाट गरिएको कुनै निर्णय उपर चित्त नबुझेमा सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिन्छ ।

**विशेष हेरचाहको आवश्यकता भएका नाबालकको लागि परिवारको छनौट सम्बन्धी विशेष व्यवस्था :**

(१) बोर्डले विशेष हेरचाहको आवश्यकता भएका नाबालकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न निवेदन दिने निवेदकलाई प्राथमिकता दिई परिवारको छनौट गर्न सक्नेछ ।

**(२)** कुनै नाबालक विशेष हेरचाहको आवश्यकता भएको नाबालक हो वा होइन भन्ने विषयको निर्धारण बोर्डले गर्नेछ ।

**(३)** परिवार र विशेष हेरचाहको आवश्यकता भएका नाबालक छनौट गर्दा पहिलो प्राथमिकता क्रममा रहेको परिवारले माग गरे अनुसार बालबालिकाको उमेर, लिङ्ग र स्वास्थ्य सम्बन्धी कुनै विवरण मेल नखाएमा त्यस्तो परिवारले माग गरेको विवरणसँग मेल खाने विशेष हेरचाहको आवश्यकता भएका नाबालक क्रमशः छनौट गर्न सकिन्छ ।

**(४)** विशेष हेरचाहको आवश्यकता भएका नाबालकका लागि परिवारको छनौट सम्बन्धी अन्य प्रक्रिया र त्यस्तो नाबालकको वर्गीकरण नेपाल सरकारले तोके बमोजिम हुन्छ ।

**धर्मपुत्र, धर्मपुत्रीको रूपमा ग्रहण गर्न दिने सम्बन्धी विशेष व्यवस्थाः**

ख्याति प्राप्त कुनै विदेशी नागरिकले कुनै नाबालकलाई धर्मपुत्र

वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न चाहेमा सम्बन्धित देशको राष्ट्रप्रमुख, सरकार प्रमुख वा परराष्ट्र मन्त्रीको औपचारिक सिफारिस सहित बोर्ड समक्ष निवेदन दिन सक्नेछ । "ख्याति प्राप्त विदेशी नागरिक" भन्नाले विदेशी राष्ट्राध्यक्ष वा सरकार प्रमुख, अन्तर्राष्ट्रिय अन्तर सरकारी संगठनका प्रमुख, नोवेल पुरस्कार विजेता, वार्षिक तीन लाख अमेरिकी डलरभन्दा बढी आम्दानी भएको व्यक्ति वा व्यवसायीलाई बुझिन्छ ।

(२) प्राप्त भएको निवेदन जाँचबुझ गर्दा त्यस्तो विदेशी नागरिकलाई निजको माग बमोजिमको नाबालक धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न दिन मनासिब देखेमा बोर्डले सोही व्यहोराको सिफारिस नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष गर्न सक्नेछ ।

(३) सिफारिस भएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो विदेशी नागरिकलाई निजको माग बमोजिमको नाबालक धर्मपुत्र, धर्मपुत्रीको रूपमा ग्रहण गर्न स्वीकृति दिन सक्नेछ ।

**(४)** धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने विदेशी नागरिकले त्यसरी धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गरिसकेपछि निम्न व्यवस्था पालना गर्नु पर्दछः

**विवरण पठाउनु पर्नेः**

धर्मपुत्र वा धर्मपुत्री राख्ने विदेशीले धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गरिएको नाबालकलाई बालिग नभएसम्म सम्बन्धित मुलुकको कानून बमोजिम निजको पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरचाहको सम्बन्धमा आफूद्वारा गरिएको विस्तृत विवरण पहिलो दुई वर्षसम्म प्रत्येक छ महिनामा र त्यसपछि प्रत्येक वर्ष आफ्नो देशमा रहेको नेपाली राजदूताबास वा वाणिज्य दूताबास वा विदेशस्थित नेपाली नियोग र त्यस्तो नियोग नभएमा त्यस्तो मुलुकसँग सम्बन्धित नेपालको राजदूताबास मार्फत नेपाल सरकार समक्ष पठाउनु पर्दछ ।

**अनुगमन गर्नेः**

(१) विदेशीले धर्मपुत्र वा धर्मपुत्री बनाई लगेका नेपाली नाबालकलाई बालिग नभएसम्म पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरचाहको व्यवस्था गरे वा नगरेको सम्बन्धमा बोर्ड आफैँले अनुगमन गर्न वा त्यस्तो कामको लागि आवश्यकतानुसार सम्बन्धित देशमा रहेको नेपाली राजदूताबास वा वाणिज्य दूताबासको प्रतिनिधि समेत रहने गरी उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिले सो प्रयोजनको लागि बालबालिका रहे बसेको ठाउँमा गई अनुगमन गर्न सक्नेछ ।

(३) बोर्ड वा उपसमितिले आफूले गरेको अनुगमनको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रतिवेदनमा अन्य कुराका अतिरिक्त धर्मपुत्र वा धर्मपुत्री भएको नेपाली नाबालक धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने व्यक्तिसँग बस्दा त्यस्तो नाबालकको सर्वोत्तम हित भए वा नभएको व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

(५) प्राप्त प्रतिवेदनमा धर्मपुत्र वा धर्मपुत्री भएको नेपाली नाबालक धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने व्यक्तिसँग बस्दा त्यस्तो नाबालकको सर्वोत्तम हित नभएको व्यहोरा उल्लेख भई आएमा नेपाल सरकारले सम्बन्धित नाबालक राय दिन सक्ने अवस्थाको भएमा वा दश वर्षभन्दा बढी उमेरको भएमा निजको राय समेत लिई सम्बन्धित मुलुकको सरकार समक्ष कूटनैतिक माध्यम मार्फत त्यस्तो विषयमा ध्यानाकर्षण गराउनेछ ।

(६) ध्यानाकर्षण गराइएकोमा धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गरिएको नेपाली नाबालकको स्थितिमा सुधार नआएमा भविष्यमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो मुलुकका नागरिकलाई नेपालमा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न सकिने मुलुकको रूपमा खुल्ला गरिएको सूचीबाट हटाउनेछ ।

**मुद्दा दायर गर्न सक्नेः**

धर्मपुत्र वा धर्मपुत्री भएको नाबालकलाई उचित पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरचाहको व्यवस्था नगरेको आधारमा धर्मपुत्र वा धर्मपुत्री हुने नाबालकले बालिग भएको मितिले र धर्मपुत्र वा धर्मपुत्री रहेको देशमा रहेको नेपाली राजदुताबास वा वाणिज्य दुताबास वा नेपाल सरकारको अनुरोधमा सम्बन्धित देशको धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी काम गर्ने निकायले धर्मपुत्र वा धर्मपुत्री राख्नेबाट त्यस्तो व्यवस्था नगरेको मितिले एक वर्षभित्र सम्बन्धित देशको अदालतमा धर्मपुत्र वा धर्मपुत्री बदर गराउन मुद्धा दायर गर्न सक्नेछ ।

**हदम्यादः**

यस परिच्छेदमा नालिस गर्ने सम्बन्धमा छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम र त्यसरी हदम्याद नतोकिएकोमा यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले एक वर्षभित्र नालिस गर्न सक्छ ।

यसरी नेपालीले मात्र नभई विदेशी नागरिकले पनि नेपालको कानून बमोजिम रित पुऱ्याई धर्मपुत्र धर्मपुत्री राख्न सक्दछ ।

**सन्दर्भ सामग्रीः**

मुलुकी देवानी संहिता २०७४, परिच्छेद-९ अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था । ♦

# उद्धारमा खटिएको पल



✍ प्र.ना.नि. घनश्याम नेपाल

कल्पनामा नसोचेका दृश्यहरू आज मेरै आँखाले देख्नु पर्दा मनमा भक्कानो परेर पनि बोल्नु नै पर्दोरहेछ । मिति२०७७।५।२८ गते सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे वडा नं. ७ भीर खर्क नागपुजे भन्ने स्थानमा बिहान ५ बजे भीषण पहिरो गएको खबर जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकलाई जानकारी प्राप्त भयो । उक्त जानकारी प्राप्त हुनासाथ नजिकको प्रहरी युनिट इलाका प्रहरी कार्यलय बाह्रबिसेका प्र.नि को कमाण्डको प्रहरी टोली घटना स्थलतिर गए लगत्तै जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षकको टोली पनि घटनास्थल तर्फ प्रस्थान भयो । चौतारा बजार क्रस नहुँदै पाँच मिनेट पछि मेरो कमाण्डमा थप मद्धतको लागि १६ जना प्रहरी कर्मचारीलाई तुरून्त पठाउने संचार सेटबाट आदेश आयो । मेरो टोली ५ बजेर नौ मिनेट जादाँ सबैले चुस्ता लगाएर हेलमेट, लाईफ ज्याकेट, डोरी ५ वटा सावेल, ३ वटा पिक, १ गल, १ स्टेचर, २ वटा टर्च लाईट संचार सेट एस्ट्रा १ ब्याट्रिसहितको चार्जर, एक/एक जोर सिभिल कपडा, एउटा माईक, सिल्पिङ ब्याग, पानी वर्षादी, सेनेटाईजर एक बोतल, १५० वटा मास्क, ८५ वटा पन्जा बन्दोबस्तिका सबै ईक्युप्मेन्ट बुझि टोलीलाई ब्रिफिङ गरी आदेश आउनसाथ गाडिमा चढ्ने तयारीमा बसेका थियौं । सवा पाँच बजे जिल्ला प्रहरी प्रमुखबाट टोली घटनास्थल प्रस्थान गर्ने आदेश आउनसाथ मेरो टोली ५ बजेर १९ मिनेटमा जिल्ला प्रहरी कार्यालय छोडिसकेको थियो । वर्षादको समय भएकोले त्यस दिन पनि सिम सिम पानी परिरहेको थियो । कुईरोले छोडेको थिएन । एक वानटन प्र.क र प्रकोप उद्धारका सामानहरूले सवारी साधन भरिएको थियो ।

बाटोको लोकेसन दिँदै मेरो टिम कतै नअल्मलिकन सरासर घटनास्थललाई जिआर लिँदै जुरेको पहिरो पार गरी केही समय अघि मात्र

जम्मुका पहिरोले बिनास गरेको स्थलको बाटो हुदै सखुवा बजारसम्म सवारी साधानद्वारा भोटेकोशी खोलाले तानेका चिरिएका र साँगुरो सडक बल्ल तल्ल जसोतसो गरेर भएपनि पार गरियो। बजारबाट डेड घन्टा लाग्ने समय हामीले बाटोमा हिँड्दा हिँड्दै जानकारी प्राप्त गरी सकेका थियौ । ८:४० बजे मेरो टिम घट्नास्थल पुगी सकेको थियो । जिल्ला प्रमुखबाट घटनास्थलको अनुगमन र परिचालित प्रहरी कर्मचारीको मूल्याङ्कन र थप निर्देशन भएको आवाजहरू मेरा कानले थाहा पाईसकेका थिए । मैले सरमा जाहेर गर्ने बित्तिकै नेपाल प्रहरीको गरीमालाई ख्याल राखेर कार्य गर्न भएको निर्देशन मैले फिल्डमै पुनः प्राप्त गर्ने अवसर प्राप्त गरे ।

इलाका प्रहरी कार्यालयका प्र.नि को अगुवाईमा प्रहरी उपरीक्षक पहिरो क्षेत्रको सम्पूर्ण घटनाक्रम, घाइतेहरूको उपचार कार्य र त्यहाँका वस्तुगत अनुगमन गर्न मेरो टिमलाई नागपुजे मै छाडेर भीर खर्कको अत्यन्तै जोखिम पहिरोको बाटो हुँदै उकालो तर्फ लाग्नु भयो । म सँग २१ जना प्रहरी कर्मचारीहरू थिए । हामी कार्यक्षेत्रमा औजार सहित उद्धार कार्यमा डटेर लागि परेका थियौं । घटनास्थलका परिदृश्यहरूले हामीलाई भावविहल बनाईरहेको थियो । मानिसहरू मूर्छा परेर अलापविलाप गरिरहेका थिए । माथिबाट पहिरो बगिरहेको थियो । ठूलाठूला ढुङ्गाहरू तल देखि माथिसम्मैको एरियालाई कभर गरिरहेका थिए । भोटेकोशी नदी सुसाइरहेको थियो। सिमसिम पानी र कुहिरोले त्यस क्षेत्र र आसपासका स्थानहरूलाई ढाकी रहेको थियो। घटनास्थलमा पुग्नासाथ बेपत्ताहरूको पहिचान र मृतकहरूको खोजी कार्यमा मेरो टीम डटेर लागि पऱ्यो । लास फेला पर्न थाले । मुचुल्का गर्ने टोली परिचालित भए । मृतकका आफन्तको रूवाबासीलाई सम्झाइ बुझाइको लागि केही टिम परिचालित भए । घटनास्थको सुरक्षाको लागि केही टिम परिचालित भए । हामीले एरिया कभर गरिसकेका थियौं । कोही जवानहरू ढुङ्गा खसेको सूचना दिन र पहिरोबाट हुने थप घटना नहोस् भनी मैले सबै चाँजो पाँजो र डिउटी बाँडफाँड गरी जिम्मेवारी तोकी सकेको थिए। खटिएका प्रहरी कर्मचारीले परिणाममूखी कार्य गरेको र फिल्डमा पसिना बगाएका दृश्यहरूको क्यामेरामा कैद गर्ने र आम नेपाली जनतामाझ समाचारका रूपमा राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा त्यहाँ भएका घटनाक्रमलाई जनताका मनभित्र पुऱ्याउने पत्रकारहरूले हामीहरूले गरेका कार्यहरूको मूल्याङ्कन गरी नेपाल प्रहरीको कर्तव्यलाई प्रशारण

भइरहेका थिए ।

प्रहरी उपरीक्षक बिहानदेखि घटनास्थलमा हाम्रै माझमा रहेर निरीक्षण गरिराख्नु भएको थियो । बेलुकी ४ बजे उहाँ जिल्ला प्रहरी कार्यालय फर्कनु भएपछि प्रहरी नायब उपरीक्षकले घटनास्थलमा कमाण्ड समाल्नु भयो। मैले त्यहाँ सुबेदार मेजरको जिम्मेवारी पाएको थिए। जिल्लाभरिबाट अर्थात मातहतबाट खटिएका ६०,६१ जना प्र.क हरूलाई मैले ब्रिफिङ गर्ने, डिउटी परिचालित गर्ने रिपोटिङ गर्ने, फिल्डको अनुभवलाई समिक्षा गर्ने, कमिकमजोरी औंलाई दिने, उच्च मनोबल गर्ने र रिपोटिङ्ग गर्ने काम गरिरहेको थिए ।

दिनभरिको परिणाममूखि कार्यले जिल्ला प्रहरी प्रमुखबाट आएको स्याबासी र धन्यवाद, प्र.ना.उ. र प्र.नि बाट डिब्रिफिङ्ग दैनिक रूपमा हामीहरूले पाईरहेका थियौं । सबै धन्यवादका पात्र थिए । भाद्र २८ गते बिहानदेखि हाम्रो टिमले मृतकको खोजी कार्य निरन्तर रूपमा गरिरहेको थियो । प्र.ना.उ को कमाण्डमा रहेर हाम्रो टिमले उपलब्धीमूलक कार्य गरिरहेको थियो । घटनास्थलमा सम्माननीय सभामुख, पूर्व संचारमन्त्री, माननीय मन्त्रीहरू, प्रमूख जिल्ला अधिकारी , लेखक, साहित्यकार र पत्रकारहरूको उपस्थिति थियो । सुरक्षा फौजबाट नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी उक्त पहिरोमा खटिरहेका थिए । तीन फौज मध्ये प्रहरीको जत्था केही मात्रमा बढी नै थियो । नेपाल प्रहरीले आफूले सकेसम्म घटनास्थलमा उद्धारको कार्य गरिरहेको थियो ।

जुरेको पहिरो नेपालकै सबभन्दा धनजनको क्षति भएको स्थान नजिक पर्ने यो पहिरो पनि क्षति भएको एरियाको हिसाबले सायद दोस्रो स्थानमा पर्ने अनुमान गर्न सकिन्छ । यहाँ ३१ जना बेपत्ता र धेरै बालीनालीको विनास, ठूलो संख्यामा जनधनको नास भएकोले यो पहिरोले सायद दोस्रो स्थान ओगट्छ भन्ने अनुमान लगाउन सकिन्छ । श्रावण ३० गते यही जिल्लाको लिदिमा घटेको पहिरोले ३९ जना व्यक्तिको ज्यान लियो। तर पहिरो यत्रो थिएन । त्यहाँ पनि म पुग्ने अवसर प्राप्त भएकोले मैले सहजरूपमा त्यहाँ घटनास्थल अवलोकन गर्ने अवसर प्राप्त गरे तर यहाँ जमिन समेतलाई जोड्दा यो नागपुजे एरिया नै ठूलो हुन आउँछ ।

भूकम्पले धक्का दिएर जमिन छिया छिया भएको भए पनि यत्रो ठूलो पहिरो त जान नपर्ने हो । भोटेकोशी खोलाको केही दोष देखिदैन किनकी खोलाले जमिनको कुनै भाग पनि तानेको छैन, माथिबाट बगेर आउने सानु सल्लेनी

वन क्षेत्रबाट अर्थात पहिरो बगेको शिरानबाट पानीको बहाव कतैबाट बहेको देखिदैन जमिन मुनीबाट पानी बगेको भनौं भने तल कतै पानी बगेको मूल भेटिदैन । अकल्पनिय रूपमा यो घटना घटेको छ ।

यहाँका स्थानिय व्यक्तिको भनाई अनुसार यहाँ भूमी पूजा अर्थात नाग पूजा पिता पूर्खा देखिनै गर्दै आईरहेकोले यस ठाँउको नाम नै नागपुजे भनेर नामकरण गरेको रहेछ । भीर थाप्लोमा सेतीदेवीको मन्दिर रहेछ, जहाँ बेला बखतमा पूजा अर्चना हुने गर्दोरहेछ त्यहाँ पनि माथिबाट ठूलो पहिरो आएको छ । जहाँ एउटा पीपलको रूख छेउको १०० वर्षकी च्याकसी तमाङलाई मात्र पहिरोले पुरेर मृत लासको हामीले सर्जमिन गरेका थियौं । यहाँ वैज्ञानिक कारण र अध्यात्मिक दुवै कारण हुन सक्ने यहाँका पुराना बुढापाकाहरूको भनाई रहेको छ । मेरो टिमले बेपत्ताको पहिचान गरी मृतकको खोजी कार्यमा निरन्तरता दिइरहेको थियो ।

केही दिन पश्चात स्काइभेटर आईपुग्यो । हामीले अन्तिम सम्म पनि त्यो स्थानलाई छोडेनौ । यो घटना अत्यन्तै दर्दनाक थियो । एकै घरका ६ जनासम्मको प्राण लिने यो पापी पहिरोले ३१ जना बेपत्ता बनाई दिएको थियो। जसमध्ये १६ जना मृतकको लास पहिचान गरी सनाखत गरी नेपाल प्रहरीले आफन्तलाई जिम्मा लगाई दियो। बाँकी १५ जना बेपत्ताको खोजी तिव्ररूपमा जारी रहेको थियो । ३१ गते बिहान ५:१९ बजेको समयमा यही एरियाको आसपास क्षेत्रको राम्चे भन्ने स्थानमा ६ रेक्टरको भूकम्पले फेरि त्रास बढाएको थियो । उसै त दलदले बगुवा माटो, भीषण पहिरो गएको स्थान, जमिन थर्किएर छिया छिया भएको स्थान, त्यहाँ माथि पानी पर्ने र कुहिरोले नछोड्ने जमिननै धाँजो फाटेर ६३ घर धुरीका २५३ व्यक्तिहरू विस्थापित भएर सुरक्षित स्थानमा बस्ती सारेको थियो ।

ठूला ठूला ढुङ्गाहरू खस्न मात्र ठिक्क परेको देखिन्थे । त्यस्तो स्थान भएता पनि हामीले असाध्यै बुद्धिमतापूर्ण ढंगले आफ्नो जिम्नेवारी देखि कति पनि विचलित नभई राष्ट्रलाई सम्झेर नेपाल प्रहरीको महत्वपूर्ण काम कर्तव्य भित्रको जनताको सेवामा अग्र पङ्तिमा डटेर आफूलाई दिएको जिम्मेवारी पूरा गरेरै छाड्यौं ।

त्यही दिन भीर खर्कको एक टोलमा सुकलाल वि.क. को ४ जना परिवार एकै ठाउँमा भेटिएको घटना म कहिल्यै पनि बिर्सन सक्दिन । उनकी श्रीमती जुनु वि.क. वर्ष २३,

छोरा सन्देश वि.क. वर्ष ८ र छोरी सरस्वती वि.क. वर्ष ५ की, त्यो सुखी परिवार लाउँलाउँ र खाउँखाउँ भन्ने उमेरमा एकै ठाउँमा अंकमाल गरेको अवस्थामा मृत लास देख्दा मेरो मुटु भक्कानियो । आखाँभरि आँसुका धारा लिएर ती लासहरूमा यी हातहरूले उद्धार गर्दा असाध्यै भावुक भएको थिए । मेरो मनले यहीं सोचिरहेको थियो, मानिस मर्नु अगाडि वा मर्दै गर्दाको अवस्थामा मूल प्राण जाने बखतमा पनि आफ्ना परिवारको कति माया हुँदोरहेछ । हे भगवान त्यस्तो माया अब त्यो परिवारले कहिले पाउला ? जति पहिरो गएको स्थानहरू छन् त्यहाँ हजारौं व्यक्ति भए पनि कोही एक जना पनि बाँच्ने सम्भावना थिएन। त्यहाँ अर्को त्यस्तै बिर्सन नसक्ने घटनालाई मैले उजागर गर्नै पर्दछ ।

मृतक अमृत नेवारको परिवारमा पनि त्यस्तै घटनाले स्तब्ध बनाई दिएको छ । जुन घरमा ६ जना बेपत्ता भएका छन् । छोरी रविना श्रेष्ठ काठमाडौं मुलपानी बस्ने उनकी छोरी रियासु श्रेष्ठ समेतको नाम नखुलेको २ महिनाको छोरा समेतले यस पहिरोमा ज्यान गुमाउनु पर्‍यो । सुत्केरी खान माईती घर आउँदा एक छोरा र एक छोरीको समेत प्राण जान पर्‍यो । उनकी दिदीले अंधेरीमै बसौं भनेर कर गर्दा उनको मनलाई रोक्न नसकेको कारणले उनको मृत्यु हुन पुग्यो । मेरो टोलीले ती लासहरूको खोजि गरिरहेको थियो ।

यस्ता घटनामा परेका आफन्तहरूको रूवाईले मेरो हृदय भक्कानिरहेको थियो। एउटा मनले लास खोजिरहेको थियो, अर्को मनले ती पीडामा परेकाहरूलाई दुई हात जोडेर हजुर सम्हालिदिनु पर्‍यो यस्तो पीडा हामी सबैको लागि अत्यन्त मर्माहित छ भन्दै गर्दा मेरा आखाँबाट आँसुका बलिन्द्र धारा दर्किरहेका रहेछन् । छेउमा बसेका दिदी बहिनीहरूले हामी लैजान्छौ यी आफन्तहरूलाई भनेर भ्यानकुटी गर्दै पहिरोको दृश्यबाट टाढा पुर्‍याएछन् । म सँगै बस्ने एउटा जवान भाई थियो, उसलाई हातले ईसारा गरी उसले परसम्म पुर्‍याएर एक जग पानी लिएर आएछ । मैले उसलाई फिल्डमै धाप मारेर स्याबास भनी धन्यवाद दिएँ ।

फाटेको मनलाई बाँधेर मेरो डिउटी र कर्तव्यतर्फ म लागि परें । टोलीलाई मिलाएर कामको परिचालन गर्नु भनेर मलाई प्र.उ.ले दिएको निर्देशनलाई मैले आज्ञाकारीका साथ कर्तव्य पूरा गर्दा गर्दै पनि दिउँसोको २ बजेको पत्तो नै भएनछ । मेरो टिमले खाना नखाएको याद मैले गर्नै भुलेछु । नत कुनै मेरो टिमका प्र.क.ले रिपोट नै गरे । घटनास्थलको घाउले मेरो टिमलाई दुखाइ रहेको थियो । मेरो टिमले मलाई अदम्य

शक्ति दिइरहेको थियो । हे भगवान यस्तो पीडा मेरो नेपाली भूमीमा कतै नपरोस् भनी मनमनैमा मैले पुकार गरिरहेको थिए । जन्म र मरण भनेको पक्कै पनि भावीले लेखेको लेखलाई हामीले टार्न नसकिने महसुस गरिरहेको थिएँ ।

जुरेको पहिरोले १७ दिन भोटेकोशी नदी थुनिदा कयौं व्यक्तिको मृत्यु हुनु पर्ने हो । मैले त्यो घटनालाई पनि सम्झन पुगें । हामी फिल्डमा खटिरहेका थियौं, त्यहाँ उपस्थित जनसमुदायहरूको आँखा नेपाल प्रहरी तिर केन्द्रित थियो । मेरो संगठन नेपाल प्रहरीको उचाईमा रहेको गरीमालाई मैले हृदयदेखि आफ्नो कर्तव्यलाई मातृभूमी प्रति राष्ट्र सेवकको कार्य गर्न कमाण्डरको आदेशलाई पालना गरी दिईएको जिम्मेवारी पूरा गर्न पाउँदा पानी परेर आकाश खुले झैं भएको हृदय आजसम्म पनि हर्षविभोर भएको छ । ♦♦♦

## गजल



✍ **टीकाराम दुलाल**

शिरमा श्री लेख्नै पर्दैन असल सखिया भई दिए
लोचनबाट मोती झर्दैन असल सखिया भई दिए

जीवनसाथी, पढाइ साथी, घनिष्ट होस् वा अरू कोही
मनको माया मर्दै मर्दैन असल सखिया भई दिए

आफ्नो योगदानको चर्चा गर्ने गुनको हिसाब राख्ने
घमण्ड आपसमा गर्दैन असल सखिया भई दिए

सम्पत्ति माया मोह स्वार्थ जिउँदो हुँदा मात्र न हो
नाम राख्न जिउनु पर्दैन असल सखिया भई दिए

मेरो हैन मेरो कर्मको हिसाब होस हाम्रा हैन राम्रा
पीयूष भनि विष भर्दैन असल सखिया भई दिए

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३४ साल अङ्क,१ को त्रैमासिक पुलिस प्रकाशनमा प्रकाशित प्रहरी नायब निरीक्षक हरिबहादुर थापाद्वारा लिखित 'अपराध अनुसन्धानमा औंठाछापको महत्व' शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

*– सम्पादक*

औंठा छाप आजको विज्ञानमा परिचयको साधन बनेको छ । साधारण जनतामा यो रहस्यमय विषय बनेको छ । यो किटेर भन्न सकिंदैनकि कहिलेबाट सुरूवात भएको हो । सभ्यताको सुरूवातबाटनै औंठा छाप प्रयोगमा ल्याइएको कुरा इतिहासबाट थाहा पाउछौ । ईसु जन्मनु भन्दा हजारौं वर्ष पहिले पनि माटाको भाँडामा बनाउनेको औंठा छाप दिइन्थ्यो । चाइनीज बादशाहले पनि डकुमेन्ट रबिलमा बुढी औंलाको छाप दिएका थिए । १८८० मा डा. हेनरो फडलस्ले घटनास्थलको चान्स प्रिन्टबाट अपराधी पत्ता लगाउन सकिने तथ्यमा प्रकाश पारेका थिए । विलेम हर्सलले सर्वप्रथम औंठा छाप परिचयको निम्ति अदालतमा पेश गरेका थिए । सर फ्रन्सिस गाल्टनले गणितको सहायताले प्रमाण गरेका छन् कि औंठा छाप अमेल र स्थायी हुन्छ । वहाँलाई औंठा छाप विज्ञानको जन्मदाता भनिन्छ । आधुनिक औंठा छापको वर्गीकरण गरी रिकर्ड राख्ने प्रणालीलाई चलनमा ल्याउने श्रेय रिचार्ड हेनरीलाई छ । १८९१ मा बांगाल (भारत) मा उनी आई.जी.पी. थिए । उनले औंठा छापको प्याटर्नहरूलाई चार भागमा बाँडी औंठा छापहरूको रेकर्ड राखे, उक्त रेकर्डहरूको वर्गीकरण गर्ने प्रणाली निकाले ।

औंठा छाप भन्नाले रेखा (Ridges) हरूको बनावट र त्यसको उत्पादन हो । प्याटर्न र तिनीहरूको गुणहरू औंलाको टुप्पोमा (Bulb ) पाइन्छ । औंलाको टुप्पोमा मसी, रंग, अथवा कुनै पदार्थ लगाई बनाइएको छापलाई औंठा छाप भनिन्छ । यसै गरी हत्केला र पैतालाको छाप लिइन्छ । औंठा छाप लिइँदा प्रिन्टर मसी नै प्रयोग गर्न पर्छ । अरू मसी प्रयोग गर्दा फरोज भित्र घुस्न गई स्पस्ट छाप आउँदैन । औंला, हत्केला र पैतालाका रेखाहरू स्थायी अर्थात अपरिवर्तन्शील हुन्छ । उमेरको साथ-साथै मानिसको रूप, रंग, फोटो, नाप तौल फरक पर्न सक्छ ।




**डाक्टर र बिरामी रोगको बारेमा एक आपसमा कुराकानी गर्दै थिए ।**

**डाक्टर :-** कस्तो छ अहिले तपाईंलाई ?

**बिरामी :-** ठिकै छ, छाती दुख्न बन्द भएको छ तर श्वास फेर्न भने अलि अप्ठ्यारो भइरहेको छ ?

**डाक्टर :-** नआतिनुहोस् त्यो पनि केही दिन मै बन्द हुन्छ ।

♦ ♦ ♦

**आफ्नो छोराले नपढेको देखेर बाबुले छोरालाई हप्काउदै भने ।**

**बाबु :-** गधा ! थाहा छ, गधा कसलाई भन्छन् ।

**छोरा :-** थाहा छ बुबा, गधाकै सन्तानलाई भन्छन् नि ।

**घरमा चोरी भएकोमा रिसाएका मालिकले नोकरलाई हप्काउदै भन्यो ।**

**मालिक :-** हिजो राती सबै सामान चोरी भयो तैले चोर आएको पनि थाहा पाइनस् ।

**नोकर :-** थाहा त पाएको थिएँ हजुर तर के गर्नु सोद्धा म चोर होईन भन्यो ।

♦ ♦ ♦

**सुवर्णको तपस्याबाट महादेव खुसी हुँदै भनेछन् :**

**महादेव :-** सुवर्ण, म तिम्रो तपस्याबाट धेरै खुसी भएँ भन के वर माग्छौ ?

**सुवर्ण :-** हजुरको कृपाबाट सबथोक छ तर एउटा गतिलो सुट आजसम्म लगाउन पाएको छैन प्रभु......।

सुवर्णको कुरा पुरा हुन नपाउदै क्रोधित भएर महादेवले भनेछन्, हे मनुष्य तिमीले मलाई हेपेको, आफ्नो त लुगा नभएर बाघको छाला लगाएको छु । तिमीलाई सुट कहाँबाट ल्याइदिने हँ ?

**सङ्कलनः- प्र.ह.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स २०१९ माघ १ गते प्रहरी प्रधान कार्यलयमा रहेको प्रशासन विभाग र कार्य विभागको स्थापना भएको थियो ।
- वि.स २०२२ भदौ ४ गते नेपालको सीमावर्ती क्षेत्रमा नेपाल प्रहरीको चेकपोष्टको व्यवस्था भएको हो ।
- वि.स २०१६ सालबाट पहाडी क्षेत्रका प्रहरी उपरीक्षक तथा प्रहरी निरीक्षक भएका प्रहरी कार्यलयलाई सवारी र घोडाको व्यवस्था गरिएको थियो ।
- वि.स २०२३ साल कात्तिक २७ गतेबाट काठमाडौं उपत्यकाको सडकहरूमा विद्युतीय सवारी नियन्त्रण (Traffic Light) प्रविधि र जेब्रा क्रसिङ्गको सुरूवात भएको थियो ।

**सङ्कलनःप्र.ना.नि. संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**दलबहादुर बस्नेतसमेतको प्रतिवेदनले वादी नेपाल सरकार विरूद्ध राजेश खड्गी समेत मुद्धाः लागूऔषध (नरफिन), (ने.का.प.भागः ५६ सालः २०७१, अंकः १०निर्णय नं. ९२७४)**

लागूपदार्थको उत्पादन, संचय, बिक्री वितरण, निकासी तथा पैठारीलाई लागूपदार्थ तथा मनोद्धीपक पदार्थको कारोबारको रूपमा राखेको र कारोबार र सेवन दुवै कार्यलाई ऐनले निषेध गर्दै सजायको व्यवस्था गरेको र व्यवसाय नै सञ्चालन गर्ने गरी अवैधरूपमा ठूलो परिमाणमा लागूऔषधको सञ्चय गर्ने कार्य कारोबारको रूपमा मानिने भए तापनि नशाको लत भएका व्यक्तिले सानो परिमाणमा सञ्चय गरी निषेधित पदार्थ राख्ने कार्यलाई कारोबारको कार्य अन्तर्गत राख्न मिल्ने नदेखिने ।

लागूऔषध प्रतिवादीले दुवै प्रयोजनको लागि संचय गर्न सक्ने हुंदा त्यसमा निजको साथबाट बरामद भएको लागूऔषधको मात्रालाई मुख्यरूपमा विचार गरिनुपर्ने ।

लागूऔषधको प्रकृति, परिमाण, सञ्चय, खरिद, बिक्री, ओसार पसार वा निकासी पैठारीको उद्धेश्य, अभियुक्तको गिरोह वा सङ्गठन, अभियुक्तहरूले प्रयोग गर्ने हातहतियार वा बलको प्रयोग तथा नाबालकलाई आपराधिक कार्यमा गराइएको संलग्नता, शैक्षिक सामाजिक र साँस्कृतिक सङ्गठन जस्ता संस्थालाई माध्यम बनाई गरेको कारोबार, सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदको दुरूपयोग गरी गरेको कारोबारको आधारमा निर्धारण गरिने अपराधको मात्रा मानिने भनी व्यवस्था गरिएको हुँदा आरोपित व्यक्ति कसूरमा संलग्न रहँदाको सम्पूर्ण अवस्थाको विचार गरी सजाय निर्धारण गरिनुपर्ने विधायिकी मनसाय रहेको देखिने ।

**सङ्कलनः प्र.ना.नि.सुरेश कुमार हायु**

**मुक्तक**

✍ **ज्ञानु घलान (ज्ञानी)**

धेरै डर लाग्ने भएर कसैको आश्वासनसँग
म सधैं टाढा रहिरहें आफ्नै यो धड्कनसँग
आफन्तहरूले शत्रुको भूमिका निभाएदेखि
सोचिरहेछु अब सम्झौता गर्नुपर्ला दुस्मनसँग